IslamHouse.com
مركز أصول
Osoul Center
www.osoulcenter.com
Rabwah



नेपाली
Nepali
نيبالي

**लेखक:**
शाह इस्माईल शहीद

**अनुवादक:**
अफरोज आलम मदनी

**संशोधक:**
अहमद भण्डारी

# तक़्वीयतुल ईमान (ईमानको दिव्यता)

# تقوية الإيمان

**تأليف**
شاه إسماعيل الشهيد الدهلوي

**ترجمة**
أفروز عالم المدني

**مراجعة**
أحمد بهنداري

नेपाली
Nepali
نيبالي

This book has been conceived, prepared and designed by the Usool International Centre. All photos used in the book belong to the Usool Centre. The Centre hereby permits all Sunni Muslims to reprint and publish the book in any method and format on condition that 1) acknowledgement of the Usool Centre is clearly stated on all editions; and 2) no alteration or amendment of the text is introduced without reference to the Usool Centre. In the case of reprinting this book, the Centre strongly recommends maintaining high quality.

+966 504 442 532

+966 11 445 4900

+966 11 497 0126

P.O.BOX 29465 Riyadh 11457

osoul@rabwah.com

www.osoulcenter.com

بسم الله الرحمن الرحيم

# विषयसूची


| | |
|---|---|
| अनुवादकको दुई शब्द | 13 |
| भूमिका | 17 |
| शिक्षा र प्रशिक्षण | 18 |
| सैयद साहबको बैअत (प्रतिज्ञा) | 19 |
| हज्जको यात्रा | 21 |
| जिहाद (धर्मयुद्ध) को आह्वान | 22 |
| प्रवास | 23 |
| जिहाद | 24 |
| जीवनीप्रति एक झलक | 25 |
| कोही छ जसले सीख सिकोस् ? | 27 |
| सन्तान | 27 |
| रचनाहरू | 28 |
| तक़वीयतुल ईमानको इतिहास | 30 |
| यस किताबका उत्कृष्ट गुणहरू | 31 |
| वास्ता र बेवास्ताका विवादास्पद दृश्यहरू | 33 |
| आवश्यक काम | 33 |
| वर्तमान स्थिति | 35 |
| "तक़वीयतुल ईमान" को अनुक्रम प्रणाली | 36 |
| "तक़वीयतुल ईमान" का विभिन्न प्रकाशनहरू | 37 |
| अनुक्रमको नियम | 38 |
| अन्तिम अनुरोध | 40 |
| प्राक्कथन | 41 |
| अल्लाहको प्रशंसा र नबी ﷺ माथि दरूद | 41 |
| भक्त र भक्ति | 41 |
| वर्ततमान स्थिति | 42 |

| | |
|---|---|
| सबैभन्दा उत्तम मार्ग | 42 |
| (इस्लाम) धर्मलाई बुझ्नु गाह्रो छैन | 42 |
| रसूल (संदेष्टा) किन आए ? | 43 |
| डाक्टर र रोगीको उदाहरण | 44 |
| तौहीद तथा ईश्‍दूत्व | 45 |
| तक़वीयतुल ईमान (अनुच्छेद) किताबमा | 46 |
| पहिलो खण्ड: तौहीदको वर्णन | 47 |
| आमजनको अज्ञानता | 47 |
| शिर्कका कार्यहरू | 47 |
| दाबी ईमानको, काम शिर्कको | 48 |
| कुरआनको निर्णय | 49 |
| अल्लाह बाहेक कोही सर्वशक्तिमान छैन | 49 |
| अल्लाह बाहेक कोही सहायक छैन | 50 |
| अल्लाह बाहेक कोही प्रबन्धक छैन | 51 |
| शिर्कको वास्तविकता | 52 |
| दोस्रो खण्ड: शिर्कका किसिमहरू | 55 |
| ज्ञानविधामा शिर्क | 55 |
| अधिनियम र अधिकारमा शिर्क | 56 |
| पूजा उपासनामा  शिर्क | 57 |
| दैनिक कार्यहरूमा शिर्क | 58 |
| तेस्रो खण्ड: शिर्कको दुष्टता - तौहीदको विशेषता र खुबी | 63 |
| शिर्क माफ र क्षमा हुँदैन | 63 |
| शिर्कको उदाहरण | 64 |
| शिर्क सबैभन्दा ठूलो पाप हो | 65 |
| तौहीद नै मुक्तिको बाटो हो | 66 |
| अल्लाह शिर्कबाट क्रोधित हुन्छन् | 66 |
| अनादिकाल (परापूर्वकाल) मा तौहीदको वचन | 67 |

| | |
|---|---|
| शिर्क प्रमाण बन्न सक्दैन | 69 |
| भूललाई कारण बनाउनु मिल्दैन | 70 |
| रसूल र आकाशीय ग्रन्थहरूको मौलिक शिक्षा | 71 |
| तौहीद र क्षमा | 73 |
| चौथो खण्ड | 77 |
| ज्ञानमा शिर्कको खण्डन | 77 |
| अदृश्य कुराको ज्ञान अल्लाहलाई मात्र छ | 78 |
| अदृश्य ज्ञानको दावी गर्नेवाला झूठो | 78 |
| अदृश्य (गैबका) कुराहरू | 79 |
| अल्लाह बाहेक कसैलाई नपुकार्नु | 81 |
| हानि र लाभको मालिक मात्र अल्लाह हुन् | 82 |
| नबीहरूको मूल काम र मिसन | 83 |
| नबीहरू अन्तरयामी होइनन् | 84 |
| अदृश्य ज्ञान सम्बन्धित नबी ﷺ को फरमान | 84 |
| आइशा रजियल्लाहु अन्हाको कथन | 85 |
| पाँचौं खण्ड | 87 |
| शासन अधिकारमा शिर्कको खण्डन | 87 |
| हानि र लाभको मालिक मात्र अल्लाह हुन् | 88 |
| अल्लाह बाहेक कोही जीविका प्रदान गर्नेवाला छैन | 88 |
| मात्र अल्लाहलाई नै पुकार्ने गर | 89 |
| बिना अनुमति सिफारिश हुँदैन | 90 |
| सिफारिशका प्रकारहरू | 91 |
| “पद सम्मानको सिफारिश” सम्भव छैन | 92 |
| "मायाको सिफारिश" सम्भव छैन | 93 |
| "अनुमतिले सिफारिश" | 94 |
| सोझो (सत्य) बाटो | 94 |
| अल्लाह सबैभन्दा नजिक छन् | 97 |

| | |
|---|---|
| मात्र अल्लाहमाथि भरोसा गर | 98 |
| नाता कुटुम्ब काम आउँदैन | 100 |
| छैठौं खण्ड: उपासनाहरूमा शिर्कको अवैधता | 103 |
| इबादत अर्थात् उपासनाको परिचय। | 103 |
| उपासना मात्र अल्लाहकै लागि हो। | 103 |
| सज्दा (दण्डवत्) मात्र अल्लाहको लागि हुनुपर्छ | 104 |
| अल्लाह बाहेकलाई पुकार्नु शिर्क हो | 105 |
| अल्लाहका शआएरहरू (निशानीहरू)को सम्मान गरियोस् | 106 |
| अल्लाह बाहेकको नाममा दिएको वस्तु हराम (अवैध) छ। | 108 |
| आदेश दिनु अल्लाहकै अधिकारमा छ | 109 |
| मनगढन्त नामहरू शिर्क हुन् | 110 |
| आफै बनाएका परम्पराहरू शिर्क हुन् । | 110 |
| महानताको निम्ति मानिसलाई अगाडि उभाएर राखनु मनाही छ | 111 |
| मूर्ति र थानहरूको पूजा शिर्क हो । | 112 |
| अल्लाह बाहेकको लागि बलिदान गर्नु धिक्कारको कारण हो | 114 |
| महाप्रलय नजिकका चिन्हहरू | 114 |
| थान पूजा अति नराम्राहरूको काम हो | 116 |
| मूर्तिहरूको परिक्रमा (तवाफ) | 118 |
| सातौं खण्ड | 121 |
| रीतिरिवाजमा शिर्कको अवैधता | 121 |
| शैतानको तर्फबाट मनमा नराम्रो कुरा उत्पन्न हुनु | 121 |
| सन्तानको विषयमा शिर्कको परम्परा | 123 |
| खेतीबारीमा शिर्कका परम्पराहरू | 125 |
| चौपायाहरूमा शिर्कका परम्पराहरू | 125 |
| हलाल र हराममा अल्लाहमाथि झूठो भन्नु | 127 |
| ताराहरू (नक्षत्र) लाई प्रभावित मान्नु शिर्क हो | 128 |
| ज्योतिषीहरू जादुगर र (काहिन) दैवज्ञ हुन् | 129 |

| | |
|---|---|
| ज्योतिषविद् र रम्लविद्प्रति विश्वासको पाप | 131 |
| सगुन तथा साइत निकाल्नु कुफ्रका परम्परा हुन् | 131 |
| अल्लाहलाई सिफारिशकर्ता नबनाउनु | 135 |
| अल्लाहनेर सबभन्दा प्यारो नाम | 138 |
| अल्लाहको नामसँग उपनाम नराख्नु | 139 |
| मात्र "मा शा अल्लाह" भन्नु | 139 |
| अल्लाह बाहेकको सौगन्ध (कसम) खानु शिर्क हो | 140 |
| नज़र (मन्नत)को विषयमा नबी ﷺ को निर्णय | 141 |
| अल्लाहलाई सज्दा (दण्डवत्) र नबी अलैहिस्सलामलाई सम्मान | 142 |
| कसैलाई आफ्नो दास वा दासी भन्नु जायज छैन | 144 |
| रसूल ﷺ को सम्मान सम्बन्धित उत्तम नमूना | 145 |
| "सैयद" शब्दको दुई अर्थ: | 148 |
| फोटो र चित्र सम्बन्धित नबी ﷺ को फरमान | 149 |
| पाँचओटा महापाप | 150 |
| रसूल ﷺ को स्वयं आफ्नो बारेमा फरमान | 151 |

# अनुवादकको दुई शब्द

## बिस्मिल्लाहिर्रहमानिर्रहीम

सम्पूर्ण प्रकारका प्रशंसा र गुणगान चाहिं मात्र अल्लाहकै लागि छन् जो आकाश धरतीसमेत यस सम्पूर्ण ब्रह्माण्डको पालनकर्ता र सृष्टिकर्ता हुन् । जसले हामीहरूको लागि तौहीद र शिर्क, हलाल र हराम स्पष्ट गरेर पुष्टि गरिदिए । यसर्थ म गवाही दिन्छु कि अल्लाह बाहेक कोही सत्य पूज्य छैन, उनी एक्लै छन् उनको कोही साझी छैन । हरेक किसिमका मात्र पूजापाठ उनैको लागि उचित छ, जसलाई तौहीद भनिन्छ, उनी बाहेक अरू कसैको लागि गरियो भने शिर्क भनिन्छ जुन महापाप र इस्लामको विरुद्ध हो। र यस कुराको गवाही दिन्छु कि मुहम्मद सल्लल्लाहु अलैहि वसल्लम अल्लाहका भक्त र संदेष्टाहरूमध्ये अन्तिम संदेष्टा हुन्। यसर्थ अल्लाहका सम्पूर्ण संदेष्टाहरू विशेषगरी अन्तिम संदेष्टा मुहम्मद सल्लल्लाहु अलैहि वसल्लममाथि, उहाँका घरपरिवार, समस्त साथीहरू र कयामतको दिनसम्म उहाँको अनुसरण गर्ने सम्पूर्ण अनुयायीहरूमाथि कोटि कोटि अल्लाहको दया र शान्ति होस् ।

प्रस्तुत पुस्तकमा इस्लाम धर्मको मूल कुरो तौहीद र त्यसको महत्वलाई दर्शाइएको छ, जसले गर्दा ईमानलाई शक्ति प्राप्त हुन्छ । र शिर्क एवं त्यसका विभिन्न प्रकारहरूलाई विस्तृत रूपले प्रष्टगरी खण्डन गरिएको छ । यसमा ती अवैधानिक कार्यहरूको पनि वर्णन गरिएको छ जसलाई विश्वका अधिकांश मुलुकहरूमा

र विशेषगरी भारतवर्षमा बसोबास गरिरहेका हिन्दू समाज र परम्पराबाट प्रभावित भएका मुसलमानहरूले ग्रहणीय ठानेका छन् । ती समस्त शिर्क र बिद्अतका कुराहरूको खण्डन कुरआन र हदीसको प्रकाशमा गरिएको छ, जुन लेखकको युगमा प्रसिद्ध र प्रचलित थिए र आज पनि स्वयं त्यही रूपमा छन् वा अलिकति भिन्नै नयाँ रूपमा रुपान्तरण भएका छन् । तसर्थ यस किताबको विषय अति महत्वपूर्ण हुनुको कारण मैले यसलाई उर्दूबाट नेपाली भाषामा अनुवाद गर्न रोजेको छु ।

यस किताबको मूलभाषा उर्दुबाट नेपालीमा अनुवाद गर्दा विभिन्न प्रकाशन र अरबी अनुवादित संस्करणलाई मिलाउँदै दारुस्सलामबाट प्रकाशित उर्दू संस्करणलाई प्राथमिकता दिएको छु र जुन हदीसमा सही र जईफको पुष्टिको आवश्यकता थियो, त्यसमा हदीसविद् शैख अल्बानी ज्यूको तख्रीजलाई प्राथमिकता दिंदै थपिदिएको छु ।

यस किताब "तक्वीयतुल् ईमान" लाई नेपालीमा अनुवाद गर्नेप्रति उत्साहित गर्ने र कुनै पनि रूपमा सहयोग पुऱ्याउनु हुने सम्पूर्ण महानुभावलाई हृदयदेखि आभार व्यक्त गर्दछु । विशेषगरी संशोधक प्रिय भाई अहमद भण्डारी ज्यूप्रति धेरै धेरै धन्यवादका साथ लोक परलोकमा उनको सफल जीवनको लागि अल्लाहसित प्रार्थना गर्दछु ।

यस आशाको साथ कि हाम्रा मुस्लिम वर्गका नेपाली दाजु भाइहरूलाई यसबाट लाभ पुग्नेछ र हाम्रो यो सानो प्रयास सबै मुसलमानको लागि मार्गदर्शक हुनेछ । मेरो अल्लाहसित प्रार्थना छ कि अल्लाह आफ्नो दयाले मलाई मेरो लक्ष्यमा सफल पारुन् साथै पाठकवर्गसित पनि विनम्र अनुरोध गर्दछु कि यस अनुवादमा कुनै त्रुटि भेटिएमा निम्नको ठेगानामा त्यस त्रुटितर्फ हाम्रो ध्यानाकर्षण गराइदिएमा तपाईको आभारी हुनेछु ।

मलाई आशा छ कि मेरो यो सानो प्रयासबाट जनसमुदायलाई लाभ पुग्नेछ र अल्लाहले मेरो यस सानो प्रयासद्वारा हाम्रो समाजलाई शिर्क र बिद्अतबाट निकालेर इस्लामको सोझो र सही मार्गमा लगाउनेछन् । अल्लाहसित विन्ती छ कि अल्लाह मेरो यस सानो प्रयासलाई कबूल गरी मलाई, मेरो बाबु-आमा तथा घर परिवारका समस्त सदस्यहरूलाई स्वर्ग प्रदान गरुन् र मेरो स्वर्गीय बाजे-बजूलाई क्षमादान दिई स्वर्गमा उच्च स्थान प्रदान गरुन् । (आमीन)

**अनुवादकः**

अफरोज आलम मदनी

# भूमिका

तक़्वीयतुल् ईमान किताबको लेखकः शाह मुहम्मद इस्माईल रहेमहुल्लाह, शाह अब्दुल्ग़नी रहेमहुल्लाहका एक्लै छोरा, शाह वलीयुल्लाह रहेमहुल्लाह मोहद्दिस देहलवीको पौत्र, शाह अब्दुल् अज़ीज़ रहेमहुल्लाह मुहद्दिस, शाह रफीउद्दीन रहेमहुल्लाह मुहद्दिस तथा शाह अब्दुल क़ादिर रहेमहुल्लाह मुहद्दिसको भतीजो हुनुहुन्थ्यो । पाकिस्तान र भारतको विशाल भूमिमा ज्ञान र श्रेष्ठता, पठन पाठन, लेख अभिलेख, निर्देश उपदेश, धर्मको नविकरण, इस्लामवादको पुनरुद्धार तथा इस्लामी समाज सुधारका यस्ता उच्च सम्बन्ध शायद कसैको भागमा आएको होला, जसबाट शाह इस्माईल रहेमहुल्लाह सम्मानित हुनुभयो र यस्ता अमूल्य पैत्रिक (विरासत) पनि बहुत कमजनाले पाएका होलान् । शाह इस्माईल रहेमहुल्लाहले यी सम्बन्धहरूका शिखर तथा त्यस पैत्रिक (विरासत)का अमूल्यतालाई मात्र कायम राख्नु भएन बरु व्यवहारिक रूपमा त्यसको सुन्दर पोसाक लगाएर अति दिव्य बानउनु भयो ।

सही प्रमाण अनुसार शाह इस्माईल रहेमहुल्लाहको जन्म १२ रबीउल् औवल ११९३ हि० (२६ अप्रील १७७९ ई०) मा भएको हो । भन्नाले आफ्नो गुरु र निर्देशक सैयद अहमद बरैलवी रहेमहुल्लाहभन्दा लगभग सात साल जेठो हुनुहुन्थ्यो। आमाको नाम बीबी फातिमा रहेमहल्लाह थियो ।[1]

(१) मीर शहामत अलीले रूतक़्वीयतुल् ईमानरू को अँग्रेजी अनुवादको प्रस्तावनामा शाह शहीद साहबको जन्ममितिः २८ शौवाल ११९५ हि० लेखेका छन् र वहाँको आमाको नाम रूफजीलतुन् निसा" (मौलवी

## शिक्षा र प्रशिक्षण

शाह ज्यूले प्राथमिक शिक्षा बुवाबाट पाउनु भयो । आठ सालको उमेरमा पुरै कुरआनको हाफिज़ (कण्ठस्थी) बनि सक्नु भयो । १६ रजब १२०३ हि० (१२ अप्रील १७८९ ई०) मा शाह अबदुल्ग़नी रहेमहुल्लाहको देहान्त भयो, त्यतिखेर शाह शहीद ज्यू मात्र दश वर्षको हुनुहुन्थ्यो । आदरणीय तीनवटै काका (शाह अब्दुल् अज़ीज़ रहेमहुल्लाह, शाह रफीउद्दीन रहेमहुल्लाह, र शाह अब्दुल् क़ादिर रहेमहुल्लाह) ले अनाथ भतीजोलाई आफ्नो मायाको काखमा लिनलाई संगसंगै तयार थिए । तर औपचारिक रूपमा यो जिम्मा शाह अब्दुल् कादिर रहेमहुल्लाहले बोक्नु भयो, उनको आफ्नो संतान भनेको मात्र एउटी छोरी थिइन् । शाह इस्माईल रहेमहुल्लाहले पाठ्यपुस्तकहरू वहाँबाटै पढ़्नु भयो । अनि प्रचलित सम्पूर्ण विषयहरूमा त्यो पूर्णांक प्राप्त गर्नु भयो जुन वहाँको युगमा शिक्षा र अध्ययन सफलताको अन्तिम पूर्णांक मानिन्थ्यो । शाह अब्दुल् अज़ीज़ रहेमहुल्लाहबाट हदीसको प्रमाण पत्र लिएर १५-१६ वर्षको उमेरमा स्नातकसम्मको अध्ययन गरी भ्याउनु भयो ।

सर सैयद अहमद खान रहेमहुल्लाहको भनाइ अनुसार शुरुशुरुमा निरीहताको यो अवस्था थियो कि यादनै हुन्थेन कि पाठ कहाँबाट शुरु हुन्छ? अतः कहिले मूल ठाउँको अगाडिबाट पाठ पढ़्न थाल्थे भने शाह अब्दुल् क़ादिर रहेमहुल्लाहले टोक्दा जवाफमा पोखिहाल्थे कि अर्थ सजिलो सम्झेर पढ़ेन । छाड़िएका

---

अलाउद्दीन फलतीकी छोरी) बताएका छन् । निःसन्देह शाह साहबको आभ माको माइत फलतमै थियो र वहाँकी श्रीमति बीबी रुकैयाको पहिलो विभ वाह फलतमै उनको मामाको छोरा मौलवी कमालुद्दीनसंग भएको थियो, तर शाह साहबको जन्म मितिः तथा आमाको नामसँग संबन्धित सही सन्दर्भ त्यही हो जुन मूल लेखमा लेखिएको छ । मीर शहामत अलीको भनाइको सन्दर्भ मलाई थाहा भएन । उनले शाह साहबको विषयमा अन्य अरू पनि कयौं यसता कुराहरु लेखिदिएका छन् जुन सही होइन ।

शब्दहरुमध्ये शाह अब्दुल् क़ादिरले केही सोधपूछ गरे भने शाह शहीद ज्यूले यस्तो प्रवचन दिन थाल्नुहुन्थ्यो कि सबैले सुनेर हैरान भइहाल्थे। यसै प्रकार कहिले मूल ठाउँभन्दा पहिलै पाठ पढ़्न थाल्नुहुन्थ्यो, अनि शाह अब्दुल्क़ादिर रहेमहुल्लाहले सचेत गर्दा शाह शहीद रहेमहुल्लाह यस्ता भ्रमहरू पोखिहाल्दथे कि विद्वान गुरुलाई पनि त्यसको निवारणमा विशेष ध्यान आकर्षित गर्नु पर्थ्यो।

असामान्य बुद्धिमानीको धूम पुरै शहरमा थियो। स्नातक प्रमाण पत्र प्राप्त गरिसके पछि परिक्षणको लागि अरुले जेसुकै ठाउँमा प्रश्न गरिहाल्थे यो मानेर कि साथमा किताब त छैन यसले गर्दा राम्रो उत्तर दिन सक्नुहुन्न, तर शाह शहीदले निसंकोच प्रवचन दिन थाल्नुहुन्थ्यो र त्यस कुराको व्याख्या यस प्रकार गर्नुहुन्थ्यो कि प्रश्नकर्तालाई आफ्नो यस साहसप्रति आफै लाज हुन्थ्यो।

मौलाना मुहम्मद खान आलम मद्रासी रहेमहुल्लाहले मौलाना सैयद मुहम्मद अली रामपूरी रहेमहुल्लाहको बयान अनुसार लेखेका छन् किः शाह शहीद विविधता विद्वान र हाफिज़ कुरआन (कुरआन कण्ठस्थी) थिए। तीस हजार हदीसहरू उनलाई मुखाग्र थियो।[1]

## सैयद साहबको बैअत [2] (प्रतिज्ञा)

शाह शहीद रहेमहुल्लाहको ज्ञान, श्रेष्ठता र प्रसिद्धता यधपि आम थियो, तर यसको साथै भन्नु कि वहाँको स्वभावमा एउटा निश्चिन्तता जसो अवस्था पाइन्थ्यो। अर्थात वहाँले कुनै स्थायी रोजगार अपनाउनु भएको थिएन, शायद यस कारणले गर्दा कि

(१) तम्बीहुज्जाल्लीन अन् तरीक सैयेदिल् मुर्सलीन, हस्तलिखित थान नम्बरः १६

(२) बैअ़तको अर्थ हो वचन दिनु। यसको विधि यो हो कि हात माथि हात राखेर वचन दिइयोस् कि हामी एक अर्काको सहायक हुनेछौं, फेरी यस वचनलाई बिना कुनै कारण भंग गर्नु महापाप हो। (अनुवादक)

परिवारमा जुन रोजगारहरूको प्रथा थियो, ती रोजगारहरूलाई वहाँले सुधारको लक्ष्यका लागि काफी मान्नु हुन्थेन र अरु कुनै नयाँ रोजगारको अवसर वहाँको अगाड़ि थिएन। वा यो मान्नु कि वहाँले आफ्नो मनमा एउटा कार्यशैलीको निर्णय गरिसक्नु भएको थियो तर सहायक साथीको खोजमा रुक्नु भएको थियो। यही परिस्थिति थियो कि १२३४ हि० (१८१९ ई०) मा अमीरुल् मुमिनीन (इस्लामी समाजको नायक) सैयद अहमद बरैलवी रहेमहुल्लाह, तोंकका शासक नवाब अमीर खानको साथ छाड़ेर राजपूतानाबाट दिल्ली पुग्नु भयो र अकबराबादी मस्जिदमा बास बस्नु भयो। अनि पहिले मौलाना मुहम्मद यूसुफ फल्तीले, (जो सम्भवतः शाह वलीयुल्लाहको भाई शाह अह्लुल्लाह रहेमहुल्लाहको पौत्र थिए) त्यस पछि शाह अब्दुल् अज़ीज़ रहेमहुल्लाहको ज्वाइँ मौलाना अब्दुल्हई रहेमहुल्लाहले र उनी पछि शाह शहीद रहेमहुल्लाहले सैयद ज्यूसित बैअत (प्रतिज्ञा) गर्नु भयो। त्यसैबेलादेखि शाह शहीद रहेमहुल्लाहको जीवनमा एकदमै परिवर्तन आयो, वहाँले रातदिन सुधार तथा उपदेशमा व्यस्त रहन थाल्नु भयो। मंगलवार र शुक्रवार शाही मस्जिदमा प्रतिबद्धताका साथ प्रवचन दिनुहुन्थ्यो। सर सैयदले लेख्नु भएको छ किः जनसमुदाय जुमाको नमाजका लागि यस प्रकार संख्यामा आउन थाले जस्तो कि दुबै ईदको नमाजामा आउँदथे, श्रोताहरूको गणना गर्न सकिन्थेन। उपदेशको यस्तो शैली थियो कि जे पनि भन्नुहुन्थ्यो मनमा बसिहाल्थ्यो। यदि कुनै कुराप्रति कुनै खट्को सृजना हुन्थ्यो भने आगामी समयमा एकदमै समाप्त पनि भइहाल्थ्यो। सुन्नतको पुनरुद्धार तथा शिर्क[1] (बहुदेववाद) र बिद्अत[2] (आविस्कार)को खण्डन सबै प्रवचनको विशेष शिर्षक

(१) अल्लाहको पूजा उपासना तथा कियाकलापमा कसैलाई सहभागी ठान्ने वा त्यसका विशेषतालाई कसैसित दांजिने धारणालाई "शिर्क" भनिन्छ।

(२) धर्मका मूल सिद्धान्तलाई छाड़ेर आफ्नो तर्फबाट कुनै कुरालई धर्ममा समावेश गर्नुलाई "बिद्अत" भनिन्छ।

हुने गर्थ्यो । यही युग थियो जसको विषयमा मौलाना अबुल्कलाम आज़ाद रहेमहुल्लाहले "तज़्किरह" (किताब) मा भनेका छन्ः

दअ्वत (आह्वान) र इस्लामी समाज सुधारका जुन रहस्य पुरानो दिल्लीका खण्डर तथा कोटलाका कोठाहरूमा दफन गरिदिइएको थियो । अब त्यस समयको सम्राट र महान सिकन्दरको कारण शाहजहानाबादको बजार र जामा मस्जिदका सीढ़ीहरूमाथि त्यसको होहल्ला हुन भइसक्यो र भारतका पनि किनाराबाट हुँदै थाहा छैन कहाँ कहाँसम्म चर्चा र कथाहरू फैलिसके । जुन कुराहरूलाई बन्द कोठा भित्र पनि भन्ने ठूला ठूलाहरूको साहस थिएन ती कुराहरू अब खुल्ला मंच र बजारमा गरिन्थे र भइरहेका थिए तथा शहीदबाट उछिट्टएको रक्तका छिंटाहरूले शब्द र कथाका छापहरू एतिहासिक पाना लेख्दै थिए ।[1]

## हज्जको यात्रा

शौवाल १२३६ हि० (जुलाई १८२१ ई०) मा अमीरुल्मुमिनीन (मुस्लिमहरूको नायक) सैयद अहमद रहेमहुल्लाहले हज्जको इच्छा गर्नु भयो । समुन्द्री यात्रामा संभावित दुर्घटनाले गर्दा विभिन्न उलमा (धर्मगुरु)हरुले हज्जको अनिवार्यताको समाप्तिका फत्वा दिएका थिए । तथा केही जनाले त यो भन्न लागे थिए कि :

﴿ وَلَا تُلْقُوا۟ بِأَيْدِيكُمْ إِلَى ٱلتَّهْلُكَةِ ﴾ البقرة: ١٩٥

अर्थः आफैले आफुलाई विनाशमा न पार ।[2] को आधारमा हज्जको उद्देश्य (अल्लाहको शरण) पाप हो । यस संकटलाई रोक्नुको एक उपाय यो थियो कि लेख र प्रवचनको माध्यमले यसको खण्डन गरियोस् । सैयद ज्यू शाह इस्माईल रहेमहुल्लाह, मौलाना अब्दुल्हई रहेमहुल्लाह, शाह अब्दुल् अज़ीज़ रहेमहुल्लाह तथा अन्य सत्यार्थी उलमाहरू (धर्मज्ञानी)ले यस जिम्मेवारी प्रति

(१) तज़्किरह पहिलो प्रकाशन
(२) सूरतुल् बकरहः १९५

कुनै कमी गरेनन् । दोस्रो उपाय यो थियो कि व्यवहारिक पहलबाट यस विशाल देशको वातावरणमा हज्ज गर्नुको आम कोलाहल (लहर) को सृजना गरियोस्, ताकि सबैको मनमा रहर र चाहनाको उत्साह जागरुक भइहालोस् । सैयद अहमद रहेमहुल्लाह साहसी र हिम्मती थिए, उनले वीरतापूर्वक दोस्रो उपायमा पनि खुट्टा टेके र कमालको कुरो यो गरे कि हज्जका लागि देशका सबै मुस्लिमहरूलाई निमन्त्रण दिए कि कसैसँग बाटोको खर्च होस् वा नहोस् तयार भइहालोस्, त्यसलाई हज्ज गराइ ल्याउने जिम्मा म लिन्छु । भन्नाले हज्जको अनिवार्यतालाई नै वास्तविक रूपमा सुरक्षित मात्र गरेनन् बरु व्यवहारिक रूपले सबै व्यक्त गरिदिए कि यो अनिवार्य कर्म सरलताको साथ पुरा हुन सक्दछ, शर्त यो रहेको छ कि यसलाई अल्लाहको (ईश्वरीय) आदेश मानेर सच्चा मुसलमानको हिसाबले गर्नुको इच्छा गरियोस् ।

अतः सैयद ज्यूले साढ़े सात सय मुस्लिमहरूको यात्रीदलका साथ हज्जको लागि प्रस्थान गर्नु भयो, शाह शहीद, उनकी आमा तथा श्रीमति पनि साथमा थिइन् । दश वटा जहाज भाड़ामा लिनु भयो, प्रत्येक जहाजको टोलीका लागि एउटा अध्यक्ष नियुक्त गर्नु भयो । कलकत्ताबाट प्रस्थान गर्नु भयो । हज्ज तीर्थ पछि शअ्बान १२३९ हि० (अप्रील १८२४ ई०) मा फर्किनु भयो । यस यात्रामा एउटा जहाज दलको अध्यक्ष शाह इस्माईल रहेमहुल्लाह थिए ।

## जिहाद (युद्ध) को आह्वान

हज्जबाट फर्किए पछि आपनो निर्देशकको आदेश अनुसार पूर्णरुपले जिहादको निमन्त्रणका निम्ति त्यागी बन्नु भयो । सर सैयदले लेखेका छन्:

गुरुको अनुपालनमा अर्थात सत्यबाटो देखाउने महान गुरुको निर्देशन अनुसार प्रवचन र उपदेशको यस प्रकार जग कायम गर्नु भयो कि अल्लाहको बाटोमा जिहादका कुराहरू अधिकतर बयान

हुन्थ्यो, यहाँसम्म कि वहाँको मिठो प्रवचनले गर्दा मुस्लिहरूको मनको दर्पण सफा र प्रकाशमान भइसक्यो र तिनी यस प्रकार सत्य बाटोप्रति काम गर्न थाले कि हरेक व्यक्ति बिना अख्तियार यो इच्छा गर्न थाल्योः उसको सिर सत्य बाटोमा बलिदान र उसको ज्यान मुहम्मद ﷺ को धर्मको झण्डालाई उच्चतर पार्नमा जाओस् ।

## प्रवास

लगभग पौने दुई वर्षसम्म यस निमन्त्रणको क्रममा लाग्यो, जब हरेक ठाउँमा इस्लामी योद्धाको दल तयार भइसक्यो भने सोच विचार पछि सरहदबाट जिहाद (युद्ध) को निर्णय गरियो, जुन ठाउँमा पंजाबका सिख राज्यले आक्रमण शुरू गरेका थिए ।

७ जुमादल् उख्रा १२४१ हि० (१७ जनवरी १८२६ ई०) मा शाह शहीद रहेमहुल्लाहले अमीरुल् मुमिनीन (मुस्लिमहरूको अध्यक्ष) सैयद अहमदसँग जिहाद (इस्लामी युद्ध) का लागि प्रवासको बाटोमा खुट्टा टेके । त्यस बेला मात्र पाँच सय जनालाई साथमा लिएका थिए । निर्णय यो थियो कि प्रस्तावित ठाउँमा पुगेर परिस्थितिको निरिक्षण पछि शेष दललाई बोलाई हाल्नेछौं । शाह शहीद ज्यू यस यात्राको क्रममा प्रसार तथा आम व्यवस्थात्मक प्रयोजनका लागि विशेष जिम्मेवार थिए ।

यो दल राय बरैली देखि बुंदेलखण्ड, ग्वालियर, टोंक, अजमेर, माड़वार मरुभूमीका अमरकोट, हैदराबाद (सिंध) शिकारपूर, कोएटा कन्धार, गज़्नी र काबुल हुँदै पेशावर पुग्यो । यो लगभग तीन हजार मीलको यात्रा थियो साथै चर्केको मरुभूमी पनि थियो, जहाँ कयौं मीलसम्म पानीको निशान पनि मिल्दैन्थ्यो । ठाउँ ठाउँमा ठूला ठूला नदी पनि थिए र कष्टदायी पहाड़ बर्फिस्थान पनि, यस दूरीलाई पार गर्न दश महीना लाग्यो ।

## जिहाद (धर्मयुद्ध)

२० जुमादल् ऊला १२४२ हि० (२० दिसम्बर १८२६ ई०) मा तलवारले युद्धको प्रारम्भ भयो। यस संबन्धमा शाह शहीद ज्यूका विशेष र उत्कृष्ट भूमिकाको संक्षिप्त विवरण निम्न छः

1. वहाँकै प्रयासले गर्दा सरहद बासीहरूले सैयद ज्यूको हातमा जिहाद (धर्मयुद्ध) नेतृत्वको बैअत (प्रतिज्ञा) गरे, तथा सरहदमा उलमा वा वरिष्ठहरूसँग जति पनि कुरा वार्ता भयो, तीमध्ये अधिकांश शाह शहीदले नै गरे।
2. हजारह जिल्लामा जिहादको व्यवस्थापन वहाँले नै गरे। शंकियारीको युद्धमा उनीसँग यधपि दश एघार योद्धा मात्र थिए, तथापि अति धैर्यताका साथ सिखहरूका विशेषित ठूलो सैन्य दललाई पराजित गरे, यस युद्धमा शाह शहीद ज्यूलाई पनि गोली लाग्यो र एउटा औंलामा गोलीको घाउ लाग्यो, हांसीगर्दा यस औंलातिर संकेत गर्दै भन्नु हुन्थे कि यो मेरो शहादतको औंला (चोर औंला) हो।
3. वहाँकै प्रयासले गर्दा इस्लामीय शासन लागु गर्नेप्रति बैअत (प्रतिज्ञा)को व्यवस्था भयो र पहिलो चोटि सरहद बासीहरूले सही इस्लामीय शासन सुचारुका लाभ पाए।
4. वहाँकै नेतृत्वमा अम्ब, मरदान, तथा मायारका युद्धहरूमा खुल्ला विजयी प्राप्त भयो। पेशावरलाई पराजित पश्चात राजा मुहम्मद खान बारकज़ईसँग वार्ताका लागि पनि सैयद ज्यूले वहाँकै नामांकन गर्नु भयो।
5. स्वार्थीहरूको दुश्मनीले गर्दा सरहद क्षेत्रमा परिस्थिति जटिल भएको थियो अनि सैयद ज्यूले यस केन्द्रलाई छाड़ेर पहाड़को कष्टदायी बाटो हुँदै कश्मीर नै जाने इच्छा गरि जाँदा शाह शहीद पनि साथमा थिए।
6. कश्मीर यात्राको क्रममा २४ ज़ीक़अ्दा १२४६ हि० (६ मेई १८३१ ई०) मा बालाकोटको युद्ध भिड़न्तमा सैयद

ज्यू, शहीद ज्यू तथा अन्य अधिकतर योद्धाहरू (मुजाहेदीन) शहीद भइ वीरगति प्राप्त गरे ।

तिनीहरूले शरीर र ज्यानको बलिदान दिएर राम्रो इतिहास निर्माण गरे ।

अल्लाह यिनी पवित्र सोचका प्रेमीमाथि दया गरुन् ।

## जीवनीप्रति एक झलक

जहाँसम्म ज्ञान हुन सकेको छ, शाह शहीद रहेमहुल्लाहले आर्थिक कुराहरूप्रति संकोचलाई कहिल्यै मन पराउनु भएन । सैयद ज्यूसित सम्बन्ध पछि त आर्थिक श्रोतको थोरैमा यस प्रकार प्रसन्न थिए, मान्नु जस्तै कि राज सिंहासनमा बस्नु भएको छ । हज्ज यात्रामा कल्कत्ता पुगे त ईस्ट इण्डिया कम्पनीको एजेन्ट (वकील) मुंशी अमीनुद्दीन अहमद रहेमहुल्लाह भेट्नका लगि आउनु भयो, उनी त्यसबेला कल्कत्ताका अति ठूलो धनी मानिन्थिए । सैयद ज्यूसित भेटे पछि वहाँले सोध्नु भयोः शाह इस्माईल रहेमहुल्लाह कहाँ छन्? यता (शाह शहीद) एउटा डुंगाबाट झरेर सैयद ज्यूको डुंगातिर आउँदै थिए पोसाक मैलो भइसकेको थियो । सबैले उनीतर्फ संकेत गरे, मुंशी अमीनुद्दीनले बुझ्नु भयो, यो कोही अरु इस्माईल होलान् र भन्नु भयोः मैले शाह इस्माईल रहेमहुल्लाहलाई सोध्दै छु जो शाह अब्दुल् अज़ीज़ रहेमहुल्लाहको भतीजो हुन् । जब वहाँलाई अवगत गराइयो कि शाह ज्यू यही हुन्, त वहाँको निश्छलता (साधारणता) र निसंकोचता देखेर मुंशी ज्यू भावुक भइहाले ।

सैयद ज्यूले शाह साहब रहेमहुल्लाहलाई सवारीको लागि घोड़ा दिहाल्नु भएको थियो, तर कुनै कामको लागि जाँदा वहाँले आफ्नो घोड़ामाथि कुनै साथीलाई बसालिदिनु हुन्थ्यो र आफू हिंडेर जानु हुन्थ्यो कि धर्मको काम हो जत्ती धेरै कष्ट उठाइन्छ, धेरै पुण्य मिल्नेछ ।

सैयद ज्यूप्रति वहाँको श्रद्धा जगतप्रसिद्ध थियो । लेखकहरूले यस सम्बन्धमा अनेकौं कथाहरु बनाएर लेखेका छन् । ती सही हुन् वा नहुन्, तर यसमा कुनै शंका छैन कि शाह ज्यूलाई सैयद ज्यूसित असामान्य श्रद्धा थियो । यस्ता सबै हुँदासाथ यस श्रद्धाले शाह ज्यूलाई सत्य भन्नुमा कहिल्यै प्रभावकारी हुन सकेन। एक चोटि अम्बको किल्ला (गढ़) माथि आक्रमण र खतरा (आशंका) हुनलागेको थियो, जसमा सैयद ज्यूको श्रीमति तथा अन्य महिला पनि थिइन् । सैयद ज्यूले शाह ज्यूलाई लेख्नुभयो किः महिलाहरूलाई अन्य सुरक्षित ठाउँमा पठाइदिइयोस् ताकि युद्धको बेला योद्धाहरूका लागि समस्याको कुनै सम्भावना बांकी नरहोस् । शाह ज्यूले मान्नु हुन्थ्यो कि यदि महिलाहरूलाई सारेर निकालियो भने वरिपरिका जनतामा नराम्रो प्रभाव हुन जान्छ र तिनी बुझ्छन् कि खतरा नजिक आइपुगेको छ । यसले गर्दा सैयद ज्यू समक्ष कुरो राख्नु भयो कि यो पहल हाम्रो हितको विरुद्ध छ । सैयद ज्यूले आफ्नो आदेशलाई पुनः दोहऱ्याउनु भयो, त शाह इस्माईल ज्यूले प्रष्ट पार्दै लेख्नु भयो कि यस आदेशबाट मुस्लिमहरूलाई हानी भयो भने कियामत (महाप्रलय) को दिन तपाई त्यसको जिम्मेवार हुनुहुन्छ । अनि सैयद अहमद ज्यूले आदेश फिर्ता लिनु भयो ।

यद्यपि उमेर धेरै थिएन तर धर्मको लागि निरंतर कष्ट सँह्दा सँह्दै शरीर अति कमजोर भइसकेको थियो । अंतिम चरणको अवस्थाबाट ज्ञात हुन्छ कि एक चोटि भिड़ (जम्बूरक) उठाएर बोकाइदिने अरुबाट आग्रह गरी यस उद्देश्यले आफ्नो कांधामा बोक्नु भयो कि सबैको मनमा साहसको भावना जागोस्, तर भारले गर्दा खुट्टा लड़्न थाल्यो। पहाड़ माथि चढ़्नु हुन्थ्यो भने अलिकति हिंडेमा स्वांस तल माथि हुन थाल्थ्यो । यस हालतको बावजूद जीवनको अन्तिम चरणसम्म कुनै यसतो समय आएन कि वहाँ युद्ध वा यात्रामा कसैबाट पछाड़ी रहेका हुन्, वा युद्ध उद्देश्यका लागि आवश्यकता परेमा टाढ़ाको दूरी एकै दिनमा नहिंड़ेका हुन् ।

सरहदमा विभिन्न ठाउँमा अति महत्वपूर्ण धार्मिक, लड़ाकु, तथा राजनैतिक कुराहरू पनि अगाड़ि आएं। शाह ज्यूले निसंकोच त्यसलाई समाधान गर्दै गर्नु भयो, प्रसिद्ध छ कि एक चोटि वहाँ घोड़ाहरूको जन्म-पत्री (चिनारी) गरिरहेका थिए, यसै क्रममा केही जनाले वहाँसित धार्मिक विषय सम्बन्धित कुनै प्रश्न गरे। वहाँले जन्म-पत्री (चिनारी) जारी राख्दै प्रश्नकर्तालाई संतुष्ट जवाफ दिहाल्नु भयो।

सैयद जअ्फर अली नक्वीले लेखेका छन् किः बालाकोटमा मैले वहाँको पछाड़ि ईदको नमाज़ पढे, वहाँले दुबै रकातमा पुरै सूरः बनीइस्राईल यस भावतत्वमा पढ्नु भयो कि जीवनमा अहिलेसम्म कुनै इमामको पछाडि नमाज पढ्दा त्यो भाव महसूस भएन र यो नमाज मैले जीवनभरी विर्सिन्न।

### कोही छ जसले सीख सिकोस\ ?

यो शाह इस्माईल रहेमहुल्लाह थिए, उनको पुरै जीवन सत्यबादको उद्धार र इस्लामको पुनरुद्धारमा बित्यो। उनले निरन्तर साथ संसारिक हरेक सुखलाई धर्मको लागि बलि दिदिनु भयो, र आफ्नो निस्वार्थताको पृष्ठमा शहादतको रक्तले छाप लागाउनु भयो। यस आधारमा हामी अल्लाहमाथि आफ्नो ईमान (विश्वास) र धार्मिक स्वाभिमानको तुलना गर्‍यौं भने परिणाम के हुनेछ? फेरि यो भन्दा दुर्भाग्यपूर्ण कुरो के हुन सक्छ कि सयौं गुरुआसन, धार्मिक महंतहरूले यस वरिष्ठ योद्धालाई सवा सय वर्षसम्म विविध लाञ्छन लगाउँदै गरे र वहाँको इस्लाम भक्तिलाई मात्र होइन बरु इस्लामलाई पनि निशाना बनाउँदै गरे। हामी सबैले ती लाञ्छनालाई यस मजा र खुशीकासाथ सुने जस्तै भन्नु कि यो धर्मको रक्षा र सदाचारीको एउटा अनौठो भुमिका थियो।

### सन्तान

शाह अब्दुल् कादिरले आफ्नो नातिनी बीबी कुल्सूम

रहेमहल्लाहसित शाह शहीद ज्यूको विवाह गरिदिनु भएको थियो। शाह ज्यूले एक छोरा मात्र पाए जसको नाम शाह मोहम्मद उमर रहेमहुल्लाह थियो। त्यसको पुरै जीवन धेरै देखरेख नभएको (अर्द्ध आकर्षित) अवस्थामा बित्यो।

## रचनाहरू

शाह शहीद ज्यूका अनेकौं रचनाहरू छन् जस्तैः

1. ओसूले फिक्हको विषयमा एउटा पुस्तिका (अनुच्छेद) जुन प्रकाशित भइसकेको छ।
2. तर्कशास्त्र (मन्तिक) को विषयमा एउटा पुस्तिका (अनुच्छेद) जसको जिकिर सर सैयद अहमद खानले गरेका छन्।
3. "ईज़ाहुल् हक्किस् सरीह फी अहकामिल् मैयित वज्जरीह" अनुसन्धानकर्त्ताले भनेका छन् कि बिदअत (आविष्कार)को विषयमा यसतो पुस्तक कुनै भाषामा लेखिएको छैन, तर दुरभाग्य यो पूर्ण हुनसकेन। उर्दू अनुवादसमेत दुई तीन चोटि प्रकाशित भइसकेको छ।
4. "मन्सबे इमामत" यो पनि अति उत्तम किताब रहेको छ, फारसी भाषामा कमै पाइन्छ, तर उर्दू अनुवादित उपलव्ध छ।
5. "तनवीरुल् ऐनैन फी इस्बाते रफ्इल् यदैन" यसमा समस्त ती हदीसहरूलाई एकत्रित गरिएको छ, जसबाट (नमाजमा) "रफए यदैन" (विशेषित ठाउँमा दुबै हात उठाउनु) सुन्नत हो भन्ने कुरा प्रमाणित हुन्छ। उर्दू अनुवादसमेत अनेकचोटि प्रकाशनमा आइसकेको छ। हालमै यसको अरबी संस्करण केन्द्रीय अहले हदीस संघ पश्चिमी पाकिस्तानको "इशाअतुस्सुन्नह" संस्थाले अधोटिप्पणी (हासिया) समेत अति राम्रो ढँगले प्रकाशित गरेको छ।(1)

(१) "मक्तबा सलफिया" ले अनुवादित पनि प्रकाशित गरिदिएको छ।

6. “सिराते मुस्तकीम” यस किताबमा चार अध्याय छन्, जसमध्ये पहिलो अध्याय शाह शहीद ज्यूले लेख्नु भएको छ र निबन्धहरू सैयद अहमद ज्यूका हुन् । यसको उर्दू अनुवादित पनि प्रकाशित भइसकेको छ र फारसी एक चोटि प्रकाशित भयो तर बहुत कम भेटिन्छ ।[1]

7. “तक़्वीयतुल ईमान” यसको सविस्तार अगाडि हुनेछ ।

8. “यक रोज़ी” सानो पुस्तिका (अनुच्छेद) हो, जसमा “तकवीयतुल् ईमान” प्रति मौलवी फज़्ले हक़ खैराबादीका केही आपत्तिजनक प्रश्नको उत्तर दिइएको छ । शाह ज्यूले नामाजका लागि मस्जिदमा जाँदै गरेको बेला बाटोमा मौलवी फज़्ले हकको प्रश्नपत्र उनलाई फेला पऱ्यो । नमाज़ भ्याए वित्तिकै बसेर उत्तर लेख्न थाल्नु भयो र एकै बैठकमा पुरा गर्दिनु भयो, यसै कारण “यक रोज़ी” (एक दिनकै) नाम भनियो ।

9. “मकातीब” (वर्णनमा क्रम मिलाई लेखिएको रचना) यी अति थुप्रै छन् र यसमध्ये केही वहाँको नामले प्रसिद्ध भए र अधिकांश वहाँले सैयद ज्यूको चाहनाले गर्दा लेखेका थिए ।

10. “मंजूमात” (छन्दहरु) विवरण निम्न छः

(क) एउटा फारसी कविता नअ्त (नबी ﷺ को बखान) मा ।

(ख) एउटा फारसी कविता सैयद ज्यूको तारिफमा ।

(ग) एउटा फारसी मस्नवी (दुई पंक्तिको एउटै अन्तिमाधार खाले लाम्बो कविता) “सलकेनूर” (प्रकासयुक्त बाटो) को नाम दिएर । एकेश्वरवादको निबन्धमा ।

---

(१) अलहम्दु लिल्लाह मक्तबा सलफियाले अब यसलाई प्रकाशित गर्दिएको छ ।

(घ) एउटा उर्दु मस्नवी (दुई पंक्तिको एउटै अन्तिमाधार खाले लाम्बो कविता) "सलकेनूर" (प्रकासयुक्त बाटो) को नाम दिएर। एकेश्वरवादको निबन्धमा।

(ङ) एउटा मस्नवी (दुई पंक्तिको एउटै अन्तिमाधार खाले लाम्बो कविता) फारसी भाषामा एक हदीसको ब्याख्या गर्दै लेखेका छन्।

## तक़वीयतुल ईमानको इतिहास

तक़्वीयतुल् ईमान पहिलो पटक १२२३ हि० (१८२६-२७ ई०) मा त्यस बेला प्रकाशित भएको थियो जब शाह शहीदले सैयद अहमद बरैलवी रहेमहुल्लाह तथा योद्धा सेनाको साथमा आफ्नो प्रिय जन्मभूमि छाड़ेर प्रवास गरिसकेका थिए, र भारतमा स्वतन्त्रता र मुक्तिको लागि तलबारले युद्धको क्रान्ती प्रारम्भ भएको थियो। हालमा १४३९ हि० (२०१८ ई०) चलिरहेको छ, तसर्थ विगत एक सय एकान्नब्बे वर्षको यस लामो समयको अन्तरालमा यो किताब कति चोटि प्रकाशित भयो अल्लाहलाई नै थाहा छ। अनुमान छ कि चालिस पच्चास लाख भन्दा कम प्रकाशित भएको छैनहोला। करोडौंको संख्याले यसलाई पढे र सत्यमार्ग भेटे। यो सम्मान तक़्वीयतुल् ईमान किताब बाहेक उर्दू भाषाको कुनै अरु किताबलाई शायद प्राप्त भएकोहोला।

यस किताबको विरोधमा भ्रम र निराधार अनुचित वक्तव्यले जुन होहल्ला गरियो त्यो पनि सम्भवतः कुनै अन्य किताबलाई नहोस्। आज तक़्वीयतुल् ईमानको इतिहास हेर्दा काल्पनिक दृष्टिमा एउटा अनौठो दृष्यको संज्ञान हुन्छ। जस्तैः एउटा समुन्द्र छ जसमा हुरीको संकट आइपुगेको छ, त्यसको जलस्तर भव्य लहरहरूका तरंगसाथ महाप्रलयको नमूना पेश गरिरहेको छ, ठूला ठूला जहाजका माझीहरू त्रासीएर सबै जहाजलाई अड्याउने अंकुसी पानीको माझमा तलसम्म खसालि तटमा ठनकाएर

बलियो ढगंले समाती बसेका छन् । मात्र एक साहसी माझीले आफ्नो कमजोर जहाजको अंकुसी (लंगल) खोलेर यात्रा गर्दै व्यस्त छ । विनाशकारी समुन्द्री हुरी (तुफान) र त्यसका भयंकर तरंगरूले त्यसको विश्वास र साहसमा खुलदुली पार्न सकेनन् । जुन परामर्श नीतिले आकर्षण र माफीको जालमा फांसेर अरुलाई तटबद्ध बनाइ सकेको थियो, त्यसले यस माझीलाई पनि आफ्नो जालमा फांस्न अटूट प्रयास गर्दैगऱ्यो, तर वहाँले अल्लाहको आज्ञापालनमा हरेक परामर्श नीतिलाई लात्त पार्नु भयो, र अग्रसर हुँदै आफ्नो अतुल्य इरादाले समस्त प्रतिवादी शक्तिलाई बिफल तथा शत्रुतापूर्ण चाललाई ध्वस्त पारिदिनु भयो । अनि अठोट इरादा भएको वरिष्ठ व्यक्तिले पाउने स्थानको शिखरमा गईपुग्नु भयो ।

जसलाई यो प्राप्त भयो त्यसले उच्च स्थान पायो

हरेक चाहनेलाई यो स्थान कहाँ प्राप्त हुन्छ र?

## यस किताबका उत्कृष्ट गुणहरू

तक़्वीयतुल् ईमानको विषय तौहीद (एकेश्वरवाद) रहेको छ, जुन इस्लाम धर्मको मूल थलो हो । यस विषयमा अहिलेसम्म कैयौं पुस्तक तथा अनुच्छेदहरू लेखि सकिएका छन्, अल्लाहलाईनै थाहा छ । शाह शहीद ज्यूको कथनशैली र प्रमाणिकरणको तरिका चाहिं सबैभन्दा अनौठो तथा एकदमै निस्पक्ष रहेको छ। वहाँले सत्यवादी धर्मगुरुहरू जस्तै मात्र कुरआन र हदीसलाई आधार बनाउनु भयो, आयत र हदीसलाई प्रस्तुत गरी अति सरल र सुबोध शैलीमा त्यसको व्याख्या गरिदिनु भयो र तौहीदलाई हानी नोक्सानी पुऱ्याउने विभिन्न प्रकारका जति पनि अबैधानिक रीतिरिवाजहरू समाजमा प्रचलित थिए, तिनका वास्तविक रूप चित्त बुझाउने तरिकाले वयक्त गरिदिनु भयो ।

आस्था र कर्मका ती सबै भयंकर त्रुटिहरू जुन इस्लामले

दिएको तौहीद (एकेश्वरवाद)को शिक्षाको विरुद्ध थिए, ती सबैलाई विभिन्न शिर्षकहरू अन्तर्गत एकत्रित पार्दिनुभयो जस्तैः (अल्लाहको) ज्ञानमा शिर्क, अल्लाहको अधिकारमा शिर्क, दैनिक कामकाजमा शिर्क, पूजा उपासनामा शिर्क, यस प्रकार "तक़्वीयतुल ईमान" तौहीदको विषयमा व्यापी र अतुल्य किताब हुनथाल्यो । यस बाहेकः

1. यो किताब शाह शहीद ज्यूको युगमा ज्ञानात्मक, व्यवहारिक तथा सांस्कृतिक अवस्थाको एउटा अनौठो प्रतिरूप हो । यदि कसैले यो जान्न चाहन्छ कि आजभन्दा दुई सय साल अघि यस ठूलो देशमा मुस्लिमहरू आस्था, कर्म र व्यवहारसम्बन्धि कुन कुन गल्तीमा ग्रस्त थिए भने तक़्वीयतुल् ईमान किताब त्यसको लागि प्रमाणित जानकारीको अति राम्रो भण्डार हुनेछ ।
2. शाह शहीद ज्यूले तौहीदको मात्र दृष्टिगत व्याख्या र त्यसतर्फ आह्वानलाई काफी भनी रुक्नु भएन, बरु यस्तो रूप दिनु भयो कि पढने व्यक्ति त्यस समाज र वातावरणमा पुगिहाल्छ, जसमा यस किताबको रचना गरियो, त्यसलेगर्दा यो किताब प्रभावशील भयो ।
3. हुनत यो किताब अति महत्वपूर्ण विषयमा आधारित छ, तर शाह शहीद ज्यूले यसतो तर्कशैली अपनाउनु भयो कि साधारण पढेलेखेको व्यक्ति र विद्वान व्यक्ति आफ्नो-आफ्नो सोच सीमा अनुसार यसबाट लाभ उठाउनु सक्दछन् र लाभ उठाउँदै गरे ।
4. यधपि यो किताब उर्दू गधशैली (वर्णनमा क्रम मिलाई लेखिएको रचना) को प्रारम्भिक चरणमा लेखिएको थियो, तर शाह ज्यूको लेख यसतो सरल, साधारण र मनाकर्षक छ कि केही विशेष शब्द र उखानहरू बाहेक आज पनि यसतो मनाकर्षक किताब लेख्नु सजिलो रहिनछ । विश्वास

छ कि उर्दु भाषाले अझै विकास र प्रगति गरिसकेपछि पनि तक़्वीयतुल् ईमानलाई साहित्यिक शैलीको खण्डमा आफ्नो एउटा अमूल्य सम्पदा मान्ने छ ।

## वास्ता र बेवास्ताका विवादास्पद दृश्यहरू

अति अचम्मको कुरो के रहेको छ भने "तक़्वीयतुल् ईमान" आफ्नो विभिन्न विशेषताहरू साथै इच्छुकहरूनेर एउटै समयमा वास्ता र बेवास्ता दुबै बीचको विवादास्पद चित्र पनि रहीरह्यो। यसको प्रकाशनप्रति ध्यान र चाहनासँग उर्दूमा कुनै अरु किताबलाई दाँज्न सकिन्दैन । कतिपय संघसंस्था र व्यक्तिहरूको जीवनको उद्देश्यनै यो थियो कि प्रत्येक वर्ष यस किताबको एक हजार प्रति छापेर निशुल्क वा थोरै पैसामा वितरण गर्दिन्थे । तर यस सम्बन्धित वेवास्ताको यो अवस्था पनि थियो कि किताबको पाठमा संशोधन र परिशुद्धिप्रति न कुनै खास ध्यान दिइयो, न त समय अनुसार यसको लोकप्रियता प्रगतिका साथ यसमा वर्गीकरण र संशोधनको कुनै व्यवस्था गरियो । लाग्दछ कि प्रियहरूले पनि यसलाई अति धेरै "तबर्रुक" (आशिष,प्रसाद) को स्थान दिदिएका थिए । र यो भावलाई प्रिय पूंजीसँग विशेष सम्बन्धको दायित्व धारणा मात्र यो ठानेका थिए कि यो प्रकरण जुन अवस्थामा आयो यथावत आगामी पीढीहरू समक्ष समर्पण गरिदिइयोस् । मेरो (भूमिका लेखक) ज्ञान अनुसार किताबको पाठ परिशुद्धि र वर्गीकरणको प्रयास विभिन्न समयमा मात्र दुई चोटि गरियो, तर त्यो पनि अपूर्ण अवस्थामै छाडियो ।

## आवश्यक काम

यस विषयमा अनेकौं आवश्यक काम थिए । जुन लेख र संकलनको संबेदनशील व्यक्तिहरूको आँखाबाट निहित हुन सक्दैन्थ्यो । तक़्वीयतुल् ईमानको अध्ययनगर्दा झट्टै स्पष्ट हुन सक्दछ कि शाह शहीद ज्यूले आफ्नो अन्य रचनाहरू जस्तै

यसलाई पनि कलम उठाई लेखिहाल्नु भएको थियो । यस देशमा महत्वपूर्ण उद्देश्य इस्लामको पुनरुद्धारका लागि वहाँले आफ्नो अमूल्य जीवनको बहूमूल्य समय समर्पित गर्दिनुभएको थियो, अति व्यस्तताको कारण "तक़वीयतुल् ईमान"को मस्यौदामा पुनःसंशोधनको समय पनि मिल्न सकेन। किताबको विषयमा जुन आवश्यक काम स्वयं शाह शहीद ज्यूले भ्याउन सकेका थिएनन्, पाठकहरूको कर्तब्य थियो तिनलाई आफै पुरा गरुन् ।

जस्तैः

1. किताबमा सुहाउँदो ठाउँमा उपशीर्षक थपियोस् । ताकि त्यसलाई पढन अति सरल र लाभदायक होस् ।
2. शाह शहीद ज्यूले आवश्यकता अनुसार हदीसहरूको वाक्यांश यथावत सार्दिनु भएको छ । आवश्यक थियो कि फुटनोटहरूमा हदीसलाई सन्दर्भित पार्दै प्रकाशित पुस्तकहरूको सन्दर्भ बयान गरियोस् ।
3. शाह शहीद ज्यूले आफ्नो समाजमा जुन अवैधानिक रीतिरिवाजको हूलमूल देख्नुभो छोटकरीमा त्यसलाई बयान गर्दिनुभयो र पछि समयको अन्तराल सँगै ती रीतिरिवाजहरू विस्तारै समाप्त हुँदै गए अनि संक्षिप्तमा त्यसको वर्णन गर्नु आवश्यक थियो, ताकि पाठकवर्गमा त्यसलाई अवैधानिक हुनुको कुरो गोप्य नरहोस् र यसै खालका अन्य रीतिरिवाजबाट बँचुन्, जसको रुप हरेक क्षेत्रमा भिन्नै थियो ।
4. शाह शहीद ज्यूको युगमा लेख्ने लिपी (हिज्जे) अर्कै थियो, विशेषगरि पूर्णविराम चिन्ह प्रयोग गर्ने कुनै नियम थिएन । पछि विस्तारै-विस्तारै लेख्ने लिपीमा सुधार हुँदै गयो । अनि आवश्यक थियो कि पुरानो लेख्ने लिपीलाई छाडेर नयाँ लिपीमा लेखियोस् र सुहाउँदो ठाउँमा विराम

चिन्हहरू लगाइयोस् ताकि वाक्य बुझ्नेखालको सरल होस् र किताबको लाभवस्था अझै बढीहोस् ।

5. प्रस्तुत गरि सकिएको छ कि "तक़्वीयतुल् ईमान" आफ्नो सरलता र स्वच्छता तथा मनलाई संतुष्ट पार्ने खण्डमा आज पनि एउटा दुर्लभ किताब रहेको छ । तैपनि त्यसका केही शब्द र वाक्यांशहरूको अर्थ स्पष्ट थिएन, त्यसको व्याख्या जरूरी थियो ।

अफसोस! तीमध्ये कुनै काम हुनसकेन । कसै कसैले यसतर्फ ध्यान दिनपनि दिए तर आवश्यकतासम्म पुरा गर्न सकेनन् । ती उद्देश्यहरूलाई पुरा गर्नका लागि "तक़्वीयतुल् ईमान" को प्रकरण र सन्दर्भ व्याख्यकरण गरियो ।

## वर्तमान स्थिति

आज किताबको लाभाकार देख्नाले अति व्यापक भइसकेको छ । आज शहीद इस्माईल ज्यूलाई लोकपरिचय अनुसार "वहाबीजम" होइन बरु इस्लामवादको पुनरुद्धारको नेता मानिन्छ। जसले त्यसबेला व्यापक भारतवर्षमा इस्लामी शासन लागु गर्नका लागि जिहाद (युद्ध) को झन्डा बोक्नु भयो । जब हजार वर्षीय मुस्लिम शासनका समस्त चिन्हहरू मेटीरहेका थिए, त्यस युगमा यहाँ मुक्ति र स्वतंत्रताको दीप प्रज्वलित गर्नु भयो। जब सबैतिर निराशा र उदासीनताको स्थिति भइसकेको थियो त्यस परिस्थितिमा मुस्लिमहरूलाई साहस र दृढताको मार्गदर्शन गर्नु भयो, जुनबेला तीनको विजय स्वाभिमानमाथि अन्तको अवस्था आइपुगेको थियो । आज वहाँको वीरताकृतिको चर्चा धर्मको सेवा र समाजलाई सही शिक्षा र प्रशिक्षाको अति प्रभावकारी माध्यम मानिन्छ । यसले गर्दा "तक़्वीयतुल् ईमान"लाई धेरैभन्दा धेरै आकर्षक र सबैले पढने योग्य बनाउनु अति ठूलो सेवा हो । यो पनि वास्तविक कुरो हो कि शाह ज्यूले झन्डै सवा सय साल

अघि जे जति भन्नु भएको थियो, त्यसको महत्वको अनुमान जति ठीक ढँगले आजको युगमा गर्न सकिन्छ पहिलाको युगमा गर्न सकिन्थिएन ।

## "तक़्वीयतुल ईमान" को अनुक्रम प्रणाली

शाह शहीद ज्यूले तक्वीयतुल् ईमानको अनुक्रम भन्दा अघि तौहीदको प्रमाणीकरण र शिर्कको खण्डनका लागि आयत र हदीसहरू एकत्रित गर्नु भएको थियो र त्यस एकीकरणको नाम "रद्दुल् इश्राक" राख्नु भएको थियो । नवाब सिद्दीक् हसन खाँले ती हदीसहरूको सन्दर्भ व्याख्यकरण गरी त्यसको नाम "अल् इदराक लेतख्रीजे अहादीसे रद्दिल् इश्राक" दिएर प्राकाशित गर्दिनु भयो। शाह शहीदले उक्त एकीकरणमध्ये प्राथमिक भागको मात्र उर्दूमा अनुवाद गर्नु भयो र यो नै "तक्वीतुल् ईमान" हो । बाँकी भागलाई मौलवी सुलतान मुहम्मदले "तज़्कीरुल् इख्वान" को नाम दिएर उर्दुमा प्रकाशित गर्नु भयो ।

निश्चित रुपले यो भन्न सकिन्दैन कि तक्वीयतुल् ईमान कुन समयमा लेखियो । यसको एक ठाउँमा पवित्र काबाको बरान्डा (आंगन)को मनलाई प्रभावित पार्ने अति रोचक चित्र देखाइएको छ, जसलेगर्दा यो बुझ्न सकिन्छ कि हज्ज यात्राबाट फर्के पछि यो किताब लेखियो । मुल्ला ज्यू बग़दादीले तक्वीयतुल् ईमानप्रति केही आपत्तिजनक प्रश्न गरेका थिए, शाह शहीदले त्यसको जवाफमा कानपूरबाट एउटा पत्र लेख्नु भएको थियो, जसमा १२४० हि० उल्लेख छ । यसलेगर्दा पनि अनुमान हुन्छ कि यो किताब हज्ज यात्रा पछि १२४० हि० को सुरुवातमा लेखियो । त्यसबेला शाह शहीद ज्यू तनमनको साथ जिहाद र त्यसको व्यवस्थामा व्यस्त भइसक्नु भएको थियो र ७ जुमादल् उख्रा १२४१ हि० मा जिहादको लागि प्रस्थान गरिसके ।

मुल्ला साहब बग़्दादीले त शाह शहीद ज्यूको जवाफपत्र पढेर

आफ्नो गल्ती स्वीकार गरिहाले, तर दिल्लीका धर्मगुरुहरूमध्ये शाह शहीद ज्यूको विरोधमा अति ठूलो भूमिका खेलेका मौलाना फज़्लेहक खैराबादी हुन्, वहाँको विषयमा अब सामान्य रुपले यो कुरो स्वीकार गरि सकिएको छ कि ज्ञान र श्रेष्ठतामा ठूलो पद भएतापनि वहाँको आस्था सिद्धान्त एउटा अज्ञानी जस्तै थियो। वहाँले रसूल सल्लल्लाहु अलैहे वसल्लमको नजीरमा (गुणमा तुलनात्मकता देखाउँदा) सम्भव र असम्भव (हुन सक्ने र नहुन सक्ने) को विषयमा कुरा गर्न थाल्नु भयो र कुद्रत (ईश्वरीय शक्ति) र मशीयत (चाहना) को अन्तरमा ध्यान दिनुभएन। शाह शहीद ज्यूले आफ्नो यकरोज़ी (एक दिनकै) अनुच्छेदमा ती सबै प्रश्नहरूलाई निराधार प्रमाणित गर्दिनुभयो। यो बहस (छलफल) विस्तृत रूपले यहाँ उल्लेख गर्न सकिन्दैन।

### "तक़वीयतुल ईमान" का विभिन्न प्रकाशनहरू

नयाँ ढँगले किताबको संशोधन र अनुक्रमित पार्ने विषयमा सबभन्दा पहिला यो गर्नुपर्ने थियो कि यस्ता प्रतिलिपिहरू आर्जित गरियोस्, जसमाथि निर्भर हुने संभावना देखियोस्। जुन प्रतिलिपिहरू भेटिए तिनको विवरण निम्न रहेको छः

1. हस्तलिखित प्रतिलिपि, ७ जीकअ्दा १२५२ हि० (१३ फरबरी १८३७ ई०) मा लेखिएका,सम्पूर्ण पृष्ठहरू ११४, एक पृष्ठमा १४ पंक्ति, एक पंक्तिमा १६ शब्दहरू। भूमिका लेखकको जानकारी अनुसार यो सबभन्दा पुरानो हस्तलिखित प्रतिलिपि रहेको छ। केही पानाहरू अलिकति मसिनो छन्। सुरुका आठ पृष्ठ छैनन्।
2. हस्तलिखित प्रतिलिपि,२३७ पृष्ठहरू, एक पृष्ठमा ८ पंक्ति र प्रत्येक पंक्तिमा १४ शब्दहरू रहेकाछन्। लेखनक्रिया अति उत्तम, राम्रो कागत, लेख्ने मिति लेखिएको छैन।

यो दुबै प्रतिलिपि खलीलुर्रहमान ज्यू दाउदीले दिएका थिए।

3. तक़्वीयतुल् ईमान, दारुल्ओलूम दिल्ली छापाखाना बाट १८४७ ई० मा प्रकाशित, सम्पूर्ण पृष्ठहरू ९२, यो जानकारी हुनसकेन कि यो कुन संस्करण हो । अहिलेसम्म मलाई यस बाहेक अन्य कुनै प्रकाशित प्रतिलिपि फेला परेन ।
4. नस्तअ्लीक लिपिको प्रतिलिपि । यो मौलाना मुहम्मद हसन ज्यू रहेमहुल्लाहले गरेको परिशुद्धि, मौलवी अब्दुल्लतीफ रहेमहुल्लाह र मौलवी कामिल रहेमहुल्लाहको आयोजना अन्तर्गत मुन्शी गुलाम मौला रहेमहुल्लाह मुन्शी वाजिद ज्यू रहेमहुल्लाहको रेखदेखमा मुहसेनी छापाखाना कलकत्तामा प्रकाशित भएको थियो, प्रकाशन मिति १८५४ ई० रहेको छ। यस प्रकाशनमा मूल पाठको परिशुद्धिमा विशेष ध्यान दिइएको थियो, वाक्यको तुलनागर्दा थाहा पाइयो कि वाक्यका केही भागहरूमा संशोधकले परिवर्तन गर्दिएका छन् ।

यिनी बाहेक अन्य संस्करणहरू सामुन्ने थिए, जसमध्ये विशेष रुपले "जमईयत दावत व तबलीग़" नामक संघले प्रकाशित गरेको संस्करण रहेको छ, जसलाई मौलाना मोहीयुद्दीन क़्सूरीले अनुक्रमित गर्नु भएको थियो ।

## अनुक्रमको नियम

नयाँ ढँगले किताबको अनुक्रम र परिशुद्धिको सीमा र नियम सम्बन्धित यस विषयमा विशेष राय दिने योग्य श्रेष्ठ ज्ञानी धर्मगुरुहरुसँग विवेचना गरियो । केहीजनाको विचार थियो कि अप्रचलित शब्द र उखानहरूमा परिवर्तन गरी केही जटिल वाक्यांशहरूमा यति परिवर्तन अवश्य गरियोस् कि वर्तमानमा पाठकवर्गलाई त्यसको अर्थ सरलताको साथ स्पष्ट भइहालोस् । यस प्रकारका आंशिक परिवर्तन पहिले पनि भइसकेको थियो,

तर गहिरो हेरविचार पछि यही उचित मानियो कि कहीं पनि कुनै किसिमको परिवर्तन नगरियोस् र मूल तत्वलाई अति छानबिन र प्रयासले संच्याएर यथार्थ प्रकाशित गरिदिइयोस् । मात्र यति गरियो कि शाह शहीद ज्यूको युगमा लेख्ने हिज्जेलाई छाडेर हाल प्रचलित हिज्जेको तरिकामा लेखियो । जस्तैः

1. शाह शहीद ज्यूको युगमा केही शब्दहरू मिलाएर लेख्ने नियम थियो जस्तैः “मिलकर” “हमको” यस किताबमा हरेक शब्द छुट्टाछुट्टै लेखिएको छ ।
2. शाह शहीद ज्यूको युगमा “हो” र “जाए” लाई “होवे” र “जावे” लेखिन्थ्यो, यस किताबमा हालमा प्रचलित तरिका अनुसार लेखिएको छ ।
3. पुरै किताबमा सुहाउँदो ठाउँ-ठाउँमा विरामचिन्हहरू लगाइएका छन् ताकि वाक्य र खण्डहरू उत्कृष्ट रहुन् । यस कार्य सम्बन्धमा केही ठाउँहरूबाट “औैर” वा यस जस्ता अन्य शब्दहरूलाई मेटाइ दिइयो, जुन वास्तवमा अल्पविराम र पूर्णविरामको सट्टामा थिए ।

   मेरो विचारमा तीमध्ये कुनै कुरालाई मूल तथ्यमा परिवर्तन भन्न सकिन्दिन र यो मात्र हिज्जेविधिको मतभेद हो।
4. जुन शब्द वा वाक्यखण्डहरूको अर्थमा स्पष्टिकरणको आवश्यकता थियो, त्यसको पुष्टि तल फुट्नोटमा प्रष्ट पार्दिइएको छ, वा मूल तथ्यमा कोष्ठ भित्र गरी एक वा केही शब्दहरू थपि दिइएको छ ।
5. मूल तथ्यमा जुन हदीसहरूका एक खण्ड वा भाग मात्रै लेखिएका थिए, तिनलाई तल फुट्नोटमा पूर्णगरि उल्लेख गरिदिइएको छ ।
6. शाह शहीद ज्यूले केही आयतहरूको अनुवादमा कुरआनीय आसय र आफ्नो उद्देश्यलाई मात्र प्रस्तुत गर्नु भएको, यस्ता

आयतहरूको शाब्दिक अनुवादगर्दा शाह अब्दुल्क़ादिर मुहद्दिस रहेमहुल्लाहको अनुवाद उल्लेख गरिदिएको छ ।

## अन्तिम अनुरोध

आफ्नो सानो क्षमता अनुसार अति प्रयास गरें कि किताबको अध्ययन अति सरल तथा मनमोहक र आकर्षक होस्| यदि यस विषयमा केही सफलता प्राप्त भयो भने त्यसलाई महान अल्लाहको कृपाको चमतकार ठान्दछु र यदि कहीं त्रुटि भएको छ भने त्यसलाई आफ्नो सोच विचारको गल्ती ठान्दै पाठकवृन्दसित क्षमा चाहन्छु । यस बाहेक अरु कुनै उद्देश्य छैन कि शाह शहीद रहेमहुल्लाहको यस महत्वपुर्ण धार्मिक कृतिबाट लाभ उठाउने क्षेत्र अति व्यापक होस् र मुस्लिमहरू वास्तविक मुसलमान बनिहालुन् ।

व आखिरु दअ्वाना अनिल्हम्दु लिल्लाहि रब्बिल् आलमीन, वस्सलातु वस्सलामु अला सैयेदिल् मुर्सलीन । (हाम्रो अन्तिम प्रार्थना यही छ कि हरेक प्रकारको प्रशंसा अल्लाहकै लागि छ जो सम्पूर्ण ब्रहमाण्डको पालनकर्ता हुन् र सम्पूर्ण संदेष्टा मण्डलको नेता (मुहम्मद) माथि अल्लाहको दया र उपकार होस् ।)

गुलाम रसूल मोहर

# प्राक्कथन

## अल्लाहको प्रशंसा र नबी ﷺ माथि दरूद

हे अल्लाह हजारौं चोटि तिम्रो कृतज्ञता व्यक्त गर्दछु कि तिमीले हामीमाथि असंख्य अनुकम्पाहरू अवतरित गर्‍यौ, हामीलाई सत्य धर्मको मार्गदर्शन गरायौ, सोझो मार्गमा हिंडाल्यौ, एकेश्वरवादी बनायौ, आफ्नो प्रिय रसूल (ईश्दूत) मुहम्मद सल्लल्लाहु अलैहि वसल्लमको अनुयायीमध्ये बनायौ, वहाँको पद्धतिप्रति शिक्षाको उत्सुकता प्रदान गर्‍यौ र धर्मवादीहरूसित प्रेमको भावना प्रदान गर्‍यौ । हे अल्लाह हाम्रो तर्फबाट आफ्नो प्रिय पैगम्बर (ईश्दूत) सल्लल्लाहु अलैहि वसल्लममाथि, वहाँको घरपरिवार, समस्त साथीहरू तथा वहाँको पद्धतिमा हिंड्नेहरूमाथि आफ्नो दया र शान्ति अवतरण गर । र हामीलाई पनि त्यसमा सामेलगरि इस्लामी जीवन बिताउने साहस प्रदान गर । इस्लाममै हाम्रो अन्त्य होस् र वहाँ सल्लल्लाहु अलैहि वसल्लमको अनुसरणकर्ताहरूको सूचीमा हाम्रो नाम पनि लेखिदेउ, आमीन सुम्मा आमीन ।

## भक्त र भक्ति

अम्मा बाद! सम्पूर्ण मानिस अल्लाहकै भक्त हुन । भक्तको काम भक्तिपालना र उपासना गर्नु हो, जुन भक्त भक्ति र उपासनाबाट अलमलाउँछ (मन चोराउँछ) त्यो भक्त होइन । भक्ति ईमान(आस्था) को परिशुद्धिमा आधारित छ । जसको ईमानमा त्रुटि छ त्यसको भक्ति र उपासना स्वीकृत हुँदैन र जसको ईमान ठीक छ त्यसको थोरै भक्ति र उपासना पनि सम्मानजनक हुन्छ, यसर्थ हरेक मुसलमानको कर्तब्य हो कि

ईमानलाई ठीक पार्ने प्रयास गरुन् र ईमानको शुद्धतालाई सम्पूर्ण कुराहरूमा प्राथमिक्ता देऊन् ।

## वर्ततमान स्थिति

वर्तमान युगमा मानिसहरूले विभिन्न सिद्धान्तहरूमा हिंड्न थालेका छन् । कतिपयले पुर्खाको परम्परामा हिंड्दछन्, कतिपयले महापुरुषको पद्धतिलाई राम्रो ठान्दछन्, कतिपयले धर्मगुरुहरूको मनगढन्ते कुरालाई प्रमाण बनाएर पेश गर्दछन् र कतिले बुद्धिवादको बल देखाउँदछन् र धार्मिक कुराहरूमा बुद्धिलाई प्राथमिकता दिन्छन् ।

## सबैभन्दा उत्तम मार्ग

उत्तम बाटो यो नै हो कि कुरआन र हदीसलाई आधार बनाइयोस् । धार्मिक कुराहरूमा बुद्धिलाई प्राथमिकता नदिइयोस्, यी दुबै (कुरआन र हदीस) ज्ञानस्रोतबाट नै आत्मलाई तृप्त पारियोस् र चित्त बुझाइयोस् । महापुरुष र धर्मगुरुहरूको जुन कुरा तथा सामुदायिक जुन रीतिरिवाज कुरआन र हदीसबाट मेल खाओस् त्यसलाई मानियोस् र त्यस विपरीत कुराहरूलाई छाडियोस् ।

## (इस्लाम) धर्मलाई बुझ्न गाह्रो छैन

आमजनहरूमा यो कुरा प्रसिद्ध छ कि कुरआन र हदीसलाई बुझ्नु अति गाह्रो छ, यसको लागि अति ज्ञानको आवश्यकता पर्छ, हामी अनपढ़ कसरी बुझ्न सक्छौं र कसरी त्यस बमोजिम कर्म गर्न सक्छौं? यसको पालना मात्र वली[1] र महापुरुषनै गर्न

(१) यसको अनुवाद हामी अल्लाहको प्रिय मित्रले गर्न सक्छौं, जसले अल्लाहलाई मात्र आफ्नो मालिक ठान्दछ । अल्लाहको वली (मित्र) त्यो हो जसले सही हदीस र सहाबाको जीवनलाई आफ्नो आदर्श बनाउँदछ । यसको विपरीत शैतानको वली (मित्र) त्यो हो जसले कुरआन तथा सही हदीस

सक्छन् । तिनको यो भ्रम एकदम निराधार छ, किन भने अल्लाहले भनेका छन् कि कुरआनका कुराहरू स्पष्ट र सरल छन्ः

﴿ وَلَقَدْ أَنزَلْنَآ إِلَيْكَ ءَايَٰتٍۭ بَيِّنَٰتٍۖ وَمَا يَكْفُرُ بِهَآ إِلَّا ٱلْفَٰسِقُونَ ﴾ البقرة: ٩٩

निःसन्देह हामीले तपाईको नजिकमा ठोस तर्कहरू (आयतहरू) पठाएका छौं जसलाई पापीहरू बाहेक अरु कोही नकार्न सक्दैन। (सूरः बक़रह ९९)

भन्नाले तीनलाई बुझ्नु कुनै गाह्रो छैन, अति सरल छ तर त्यसको पालना गर्नु गाह्रो छ । हो! किनकि मनलाई आज्ञापालनको प्रक्रिया गाह्रो लाग्दछ, यसैले गर्दा अवज्ञाकारीहरू तिनलाई मान्दैनन् ।

## रसूल (संदेष्टा) किन आए?

कुरआन र हदीसलाई बुझ्नका लागि कुनै धेरै ज्ञानको आवश्यकता छैन, किनकि सम्पूर्ण सन्देष्टाहरू अनभिज्ञ हरूलाई सोझो बाटो देखाउन र अनपढ़हरूलाई बुझाउन, तथा अज्ञानीहरूलाई ज्ञान सिकाउनका लागि नै आएका थिए, अल्लाहले भन्नु भएको छˆ

﴿ هُوَ ٱلَّذِى بَعَثَ فِى ٱلْأُمِّيِّـۧنَ رَسُولًا مِّنْهُمْ يَتْلُوا۟ عَلَيْهِمْ ءَايَٰتِهِۦ وَيُزَكِّيهِمْ وَيُعَلِّمُهُمُ ٱلْكِتَٰبَ
وَٱلْحِكْمَةَ وَإِن كَانُوا۟ مِن قَبْلُ لَفِى ضَلَٰلٍ مُّبِينٍ ﴾ الجمعة: ٢

“उनै हुन् जसले अनपढ़हरूमा तिनीहरू मध्येबाट एउटा रसूल पठाए । जसले उनको सामु उनका आयतहरू पढ़ेर सुनाउँछ र उनीलाई (शिर्क र कुफ्रबाट) पवित्र गर्दछ र उनीहरूलाई

---

बाहेक ठोस आधार नभएको (जईफ) हदीस र मनगढ़न्ते हदीसहरूको सहायता लिई बिना सोचविचार चमत्कार मानेर विश्वास गर्दछ, चाहे ती कुराहरू इस्लामीय शिक्षाको विरुद्ध नै किन नहुन्, तथा विभिन्न प्रकारका बिद्अतहरू (इस्लाममा मनपरि नयाँ नौलो कुरो) को सहारा लिई समाजमा आफ्नो मान सम्मान उच्च पार्ने प्रयास गर्दछ । यस्ता शैतानको वलीबाट टाढा रहनु मुसलमान माथि अनिवार्य छ । (अनुवादक)

किताब र तत्वदर्शिता सिकाउँछ, निःसन्देह यसभन्दा पहिला यी मानिसहरू प्रष्ट रूपले पथभ्रष्टतामा थिए। (सूरः जुम्अ ६२, २)

अर्थात अल्लाह तआलाको यो अति ठूलो अनुकम्पा रहेको छ कि उनले यस्तो रसूल (सन्देष्टा) पठाए जसले अनभिज्ञलाई भिज्ञ, अपवित्रलाई पवित्र, अज्ञानीलाई ज्ञानी, मूर्खलाई बुद्धिजीवी र पथभ्रष्टहरूलाई सत्यवादी बनाई दिए। यस आयत (श्लोक) लाई बुझि सकेपछि अहिले पनि यदि कसैले यो भन्न लागोस् कि कुरआनलाई जान्नु बुझ्नु ज्ञानी (धर्मगुरु) र त्यसको पालना गर्नु महापुरुषहरूकै काम हो भने त्यसले यस आयतलाई मानेन र अल्लाहको यस महत्वपूर्ण अनुग्रहको अवहेलना गर्‍यो, बरु यो भन्नु पर्छ कि अज्ञानीले यसलाई जानेर ज्ञानी र पथभ्रष्टले कर्म गरेर महापुरुष भइहाल्दछन्।

### डाक्टर र रोगीको उदाहरण

उदाहरणस्वरूपः यसरी बुझ्नुस् कि एउटा अनुभवी डाक्टर छ र एक व्यक्ति कुनै भयंकर रोगले पीडित छ, एक व्यक्ति त्यस रोगीसित सहानुभूतिले गर्दा भन्दछ कि तपाई फल्ना डॉक्टरकहाँ गएर उपचार गराइहाल्नुस्, तर रोगीले भन्दछ कि त्यसकहाँ जानु र त्यसबाट उपचार गराउनु निरोगी र स्वस्थहरूको काम हो, म त अति बिमार छु अनि म कसरी गएर उपचार गराउन सक्छु। के तपाईले त्यस रोगीलाई पागल र बेवकुफ भन्नु हुन्न र? कि मूर्ख त्यस डॉक्टरको ज्ञानलाई मान्दैन। किनकि डॉक्टर त रोगीहरूकै उपचारको लागि हुन्छ, जसले निरोगी र स्वस्थको उपचार गरोस् र उनीलाई नै त्यसको औषधी उपचारबाट फाइदा होस् र रोगीलाई फाइदा नहोस् भने त्यो डॉक्टर कसरी हुन सक्छ?

तात्पर्य यो कि अज्ञानीलाई अल्लाह र उसको रसूलको भनाइ (कुरआन र हदीस) बुझ्नेप्रति अति उत्साहित हुनु पर्छ र जो कोही

पापी छ त्यसलाई अल्लाह र उसको रसूलको भनाइ (कुरआन र हदीस) अनुसार कर्म गर्ने अति प्रयास गर्नु पर्छ । तसर्थ हरेक विशेष र साधारण सबैको कर्तव्य हो कि कुरआन र हदीसकै अनुसन्धानमा लागि रहोस्, त्यसैलाई बुझ्ने प्रयास गरोस्, त्यसै अनुसार कर्म गरोस् र त्यसैको आधारमा आफ्नो ईमान (विश्वास) लाई ठीक पारोस् ।

## तौहीद[1] तथा ईश्दूत्व[2]

ध्यानमा राख्नुहोस् ईमानको दुई खण्ड छन्ः

(१) अल्लाहलाई सर्वथा अल्लाह मान्नु ।

(२) रसूललाई रसूल (अल्लाहको संदेष्टा) स्वीकार गर्नु ।

अल्लाहलाई सर्वथा अल्लाह मान्नुको अर्थ यो हो कि कसैलाई उनको सहभागी नठानियोस्, तथा रसूललाई रसूल स्वीकार गर्नुको अर्थ यो हो कि वहाँकै पद्धतिमा हिंडियोस् । पहिलो खण्डलाई "तौहीद" (एकेश्वरवाद) र दोस्रो खण्डलाई "रसूलको अनुसरण गर्नु" भनिन्छ । तौहीदको विपरीतार्थक शब्द "शिर्क" र सुन्नतको विपरीतार्थक शब्द "बिद्अत" (नयाँ आविष्कार) हो । हरेक मुसलमानमाथि अनिवार्य छ कि तौहीद र सुन्नत अर्थात रसूल सल्लल्लाहु अलैहि वसल्लमको पद्धतिमा दृढ़ताको साथ कायम रहोस् । तिनीलाई हृदयदेखि स्वीकारेर शिर्क (बहुदेववाद) र बिदअतबाट टाढा रहोस् । शिर्क र बिदअत नै ईमान (असल आस्था) का घुन (कीरा) हुन्, जसलेगर्दा ईमान (असल आस्था) अन्ततिर जाँदैरहन्छ, अन्य पापलेगर्दा ईमानमा मात्र त्रुटि र कमी हुन्छ । यसलेगर्दा जो व्यक्ति एकेश्वरवादी (तौहीद वाला) र अनुसरणवादी छ, शिर्क र बिदअतबाट घृणा गर्छ, त्यससँग

(१) एकेश्वरवाद, अल्लाहको पूजा उपासना र कियाकलापमा अल्लाहलाई एक ठान्नु

(२) रिसालत अर्थात ईश्दूत बन्नुको भाव

बस्नाले तौहीद र सुन्नतको अनुसरणप्रति उत्साह जाग्दछ, त्यसलाईनै गुरु र महापुरुष (पीर)मान्नु पर्छ ।

### तक़्वीयतुल ईमान (अनुच्छेद) किताबमा

हामीले यस किताबमा केही यस्ता आयत (श्लोक) र हदीसहरूलाई एकत्रित पार्दिएका छौं, जसमा तौहीद र रसूलको तरिकामा हिंड्नुको वर्णन आएको छ तथा शिर्क र बिदअतको हानि दर्शाइएको छ । जसको अनुवाद सुहाउँदो र सरल उर्दूमा गरिदिइएको छ र स्पष्टीकरणको लागि छोटकरीमा नोट पनि लगाइदिइएको छ, ताकि प्रत्येक विशेष र सामान्य यसबाट फाइदा उठाउन सकून्, अल्लाहले जसलाई चाहुन् सोझो र सत्य मार्गमा ल्याउन् । अल्लाह हाम्रो यस कृतिलाई परलोकमा हाम्रो मुक्तिको माध्यम बनाइदेउन्, आमीन । यसको नाम “तक्वीयतुल् ईमान” हो । यसमा दूई खण्ड (बाब) छ, पहिलो खण्डमा तौहीदको वर्णन र शिर्कको हानिनोक्सानीको बारेमा जानकारी गराइएको छ र दोस्रो खण्डमा रसूलको पद्धतिमा हिंड्नुको वर्णन र बिदअतको हानिनोक्सानीको बारेमा जानकारी गराइाएको छ ।

# पहिलो खण्डः

## तौहीदको वर्णन

### आमजनको अज्ञानता

सामान्य रूपले आमजनमा शिर्क प्रचलित भएको छ, तौहीद दुलर्भ छ, धेरैजसो ईमानका दावीगर्नेहरू तौहीद र शिर्कको अर्थ बुझ्दैनन्, मुस्लिम त हुन् तर अज्ञानताले गर्दा शिर्कमा लिप्त छन्। यसलेगर्दा सबभन्दा पहिले तौहीद र शिर्कको अर्थ बुझ्ने प्रयास गर्नु पर्छ ताकि कुरआन र हदीसबाट त्यसको लाभ र हानीको जानकारी हुन सकोस् ।

### शिर्कका कार्यहरू

प्रायः मानिसहरू आपत्ति वा दुखको अवस्थामा परेको बेला पीर, पैगम्बर, सन्त, शहीद, परी (स्वर्गीय वा चमत्कारी नारी) र दूतहरूलाई पुकार्न थाल्दछन्, उनीसितनै मनोकामना सफलताको प्रार्थना गर्दछन्, उनीसित नै बिन्ती गर्दछन् । मनोकामना सफल हुनका लागि उनकै लागि भोगप्रसाद चढाउँछन्, तथा रोग रोगीबाट जोगिनका लागि छोराहरूको सम्बन्ध उनीसित नै जोडदिन्छन् । कसैको नाम अब्दुन्नबी (नबीको दास) कसैको नाम अली बख्श (अलीले दिएको), कसैको हुसैन बख्श, कसैको पीर बख्श, कसैको मदार बख्श, कसैको सालार बख्श, कसैको गुलाम मोहीयुद्दीन, कसैको गुलाम मोईनुद्दीन, आदि राख्दछन् । कोही कसैको नामको चूल्ठो (टुप्पो) राख्दछन्, त कोही कसैको नामले जनावर बली दिन्छन्, कसैले अप्ठयारोको बेला कसैसित

बिन्ती याचना गर्दछन्, त कोही कसैको कसम (सौगन्ध) खान्छन्। गैरमुस्लिमले जुन व्यवहार देवी-देउताहरूसँग गर्दछन् त्यही व्यवहार यो तथाकथित मुसलमानहरूले नबी, वली, इमाम, शहीद, फरिश्ता (दूत) तथा अप्सरा (चमत्कारी नारी) हरूसँग गर्दछन् । यसको बावजूद मुसलमान हुने दावी गर्दछन्, अल्लाहले साँच्चिकै भनेका छन्ः

﴿ وَمَا يُؤۡمِنُ أَكۡثَرُهُم بِٱللَّهِ إِلَّا وَهُم مُّشۡرِكُونَ ﴾ يوسف: ١٠٦

“अधिकांश मानिसहरू अल्लाहमाथि ईमान ल्याएर पनि शिर्क गर्दछन् । (सूरः यूसुफ १२, १०६)

### दाबी ईमानको, काम शिर्कको

भन्नाले अधिकांश ईमानका दाबी गर्नेहरू शिर्कको दलदलमा फसेका छन् यदि कसैले उनीसित भन्दछ कि तिमी ईमानको दाबी गर्छौ तर शिर्कमा लिप्त छौ । शिर्क र ईमानको विवादास्पद सिद्धान्तलाई किन मिसाइरहेका छौ? त उनीहरूले यो जवाफ दिन्छन् कि हामी शिर्क गरिरहेका छैनौं बरु नबी र वलीहरूसित निष्ठा राख्दछौं र तिनको प्रिय हौं । शिर्क त तब हुने थियो जब उनीहरूलाई हामी अल्लाहको बराबर ठान्थ्यौं। हामी त उनीहरूलाई अल्लाहको भक्त र सृष्टिनै मान्छौं । अल्लाहले उनीलाई शक्ति र अधिकार प्रदान गरेका छन्, अनि अल्लाहकै चाहनाले उनीहरू संसारमा वश अधिकार चलाएका हुन् । उनीलाई पुकार्नु अल्लाहलाई पुकार्नु झैं र उनीसित प्रार्थना गर्नु अल्लाहसित प्रार्थना गर्नु झैं हो, उनीहरू अल्लाहका प्यारा हुन् जे चाहुन् गरुन् । उनीहरू हाम्रो सिफारिशकर्ता र वकील हुन् । तिनलाई पाउनाले रब्ब (अल्लाह)लाई पाइन्छ र तिनलाई पुकार्नाले अल्लाहको निकटता प्राप्त हुन्छ । तिनलाई हामी जति मान्छौं त्यसै अनुसार अल्लाहलाई नजिक्याउँदै जाने छौं । यस्तै प्रकारका व्यर्थ कुराहरू गर्ने गरिन्छ ।

## कुरआनको निर्णय

यी सबै कुराहरूको कारण मात्र के रहेको छ भने यिनी सबै कुरआन र हदीसलाई छाडिसकेका छन्, धर्मशास्त्रमा बुद्धिलाई प्राथमिकता दिएका छन् । झूठो कहानीमा लागेर गलत परम्परालाई प्रमाण ठान्दछन् । यदि यिनीलाई कुरआन र हदीसको ज्ञान भएको भए थाहा भइहाल्थ्यो कि पैगम्बर (रसूल) को अगाडि पनि अनेकेश्वरवादीहरू यसै प्रकारका प्रमाणहरू पेश गर्दैगर्थे । अल्लाह तिनीबाट क्रोधित भए र तिनीलाई झूठा भनेका छन् । अल्लाहले भनेका छन्ˆ

﴿ وَيَعۡبُدُونَ مِن دُونِ ٱللَّهِ مَا لَا يَضُرُّهُمۡ وَلَا يَنفَعُهُمۡ وَيَقُولُونَ هَٰٓؤُلَآءِ شُفَعَٰٓؤُنَا عِندَ ٱللَّهِۚ قُلۡ أَتُنَبِّـُٔونَ ٱللَّهَ بِمَا لَا يَعۡلَمُ فِي ٱلسَّمَٰوَٰتِ وَلَا فِي ٱلۡأَرۡضِۚ سُبۡحَٰنَهُۥ وَتَعَٰلَىٰ عَمَّا يُشۡرِكُونَ ﴾ يونس: ١٨

अर्थः “र तिनीहरू अल्लाह बाहेक यस्ता कुराहरूको पूजा गर्दछन्, जसले तिनीलाई न हानि-नोक्सानी गर्न सक्दछन्, न लाभ दिन सक्दछन् र भन्दछन् कि यिनीहरू अल्लाह समक्ष हाम्रो सिफारिश गर्नेछन् । (नबी) तपाई भनिदिनुस् कि के तिमी अल्लाहलाई यस्तो कुरा बारे भन्दछौ, जसको जानकारी आकाशहरू र पृथ्वीमा उनलाई छैन (जबकि आकाश र पृथ्वीको निर्माण उनैले गरेका छन्, अर्थात यसको कुनै वास्तविकता छैन) उनी पवित्र छन् र तिनीहरूको शिर्क (अल्लाहसँग अरुलाई दाँज्नु) भन्दा धेरै माथि छ ।” (सूरः यूनुस १०, १८)

## अल्लाह बाहेक कोही सर्वशक्तिमान छैन

अर्थात बहुदेववादी (मुश्रिक)हरू जुन कुराहरूको उपासक हुन् ती सबै एकदमै विवश छन् । तिनीहरूमा कसैलाई लाभ दिने वा हानी पुऱ्याउने क्षमता छैन र उनीहरूको यो भनाइ कि अल्लाह समक्ष हाम्रो निमित्त सिफारिश गर्ने छन् गलत हो, किनकि यो कुरा अल्लाहले बताएकै छैनन् भने के तिमी आकाश र पृथ्वीका

कुराहरू अल्लाहभन्दा धेरै जान्दछौ जसले गर्दा तिमी भन्दछौ कि ती उपासक हाम्रो सिफारिशकर्ता हुनेछन्? तसर्थ थाहा पाइयो कि ब्रह्माण्डमा कोही यस्तो छैन कि जसलाई सिफारिशकर्ता मानियो भने त्यसले फाइदा पुऱ्याउँछ, यदि मानिएन भने त्यसले हानि पुऱ्याउँछ। बरु नबी र वलीको सिफारिश पनि अल्लाकै अधिकारमा छ। समस्यामा परेको बेला तिनीलाई पुकार्नु वा नपुकार्नुले केही पनि हुँदैन। साथै यो पनि थाहा पाइयो कि जसले कसैलाई आफ्नो सिफारिशकर्ता मानेर त्यसको पूजा गर्छ त्यो पनि मुश्रिक (बहुदेववादी) हो, अल्लाहले भनेका छन्ः

﴿ أَلَا لِلَّهِ ٱلدِّينُ ٱلْخَالِصُ ۚ وَٱلَّذِينَ ٱتَّخَذُوا۟ مِن دُونِهِۦٓ أَوْلِيَآءَ مَا نَعْبُدُهُمْ إِلَّا لِيُقَرِّبُونَآ إِلَى ٱللَّهِ زُلْفَىٰٓ إِنَّ ٱللَّهَ يَحْكُمُ بَيْنَهُمْ فِى مَا هُمْ فِيهِ يَخْتَلِفُونَ ۗ إِنَّ ٱللَّهَ لَا يَهْدِى مَنْ هُوَ كَـٰذِبٌ كَفَّارٌ ﴾ الزمر: ٣

अर्थः "र जसले अल्लाह बाहेक अरुलाई मित्र (सहयोगी) बनाएका छन् र भन्दछन् किः हामीले यिनीहरूलाई यसकारण पूज्दछौं कि हामीलाई अल्लाहको निकटता प्राप्त गराई दिउन्।" निश्चय नै अल्लाहले उनीहरूको बीचमा त्यस कुराको फैसला गरिदिनेछन् जसमा उनीहरूले विवाद गरिराखेका छन्। अल्लाहले त्यसलाई मार्ग देखाउँदैनन् जो झूठो र कृतघ्न (उपकार नदेख्ने) छ।" (सूरः जुमर, ३)

### अल्लाह बाहेक कोही सहायक छैन

सत्य कुरो त यो हो कि अल्लाह मानिसको अति निकट छन् तर त्यसलाई बिर्सेर यो कुरा बनाई हाल्यो कि मूर्तिले हामीलाई अल्लाहको नजिक पार्दिनेछन् अनि तिनलाई नै आफ्नो सहयोगी ठान्यो, अल्लाहको त्यस उपकार "कि उनले प्रत्यक्ष सबैको सुन्दछन् र सबैको मनोकामना पुरा गर्दछन्" कुरालाई त्याग दियो र उनको कृतज्ञता व्यक्त गरेन, बरु अरूसित प्रार्थना गर्न थाल्यो कि तिनी यसको मनोकामना पुरा गरुन्, अनि फेरि यस

गलत र अयोग्य तरिकाबाट अल्लाहको समीप र निकटता पनि खोजियोस् । भला यस्ता कृतघ्न र झूठाहरूलाई हिदायत (सही बाटो) कसरी प्राप्त हुन सक्दछ । यिनी त विचलितमार्गमा जति हिंड्छन् त्यति नै सही बाटोबाट टाढ़ा हुँदै जानेछन् ।

### अल्लाह बाहेक कोही प्रबन्धक छैन

यसबाट थाहा पाइयो कि जस कसैले अल्लाह बाहेक अन्यलाई यो मानेर पूजा गर्छ कि तिनीको पूजा प्रार्थनाले गर्दा अल्लाहको निकटता प्राप्त हुन्छ भने त्यो मुश्‌रिक (बहुदेववादी), झूठो र अल्लाहको उपकारप्रति कृतघ्न हो, अल्लाहले भनेका छन्ः

﴿ قُلْ مَنۢ بِيَدِهِۦ مَلَكُوتُ كُلِّ شَىْءٍ وَهُوَ يُجِيرُ وَلَا يُجَارُ عَلَيْهِ إِن كُنتُمْ تَعْلَمُونَ ۝٨٨ سَيَقُولُونَ لِلَّهِ ۚ قُلْ فَأَنَّىٰ تُسْحَرُونَ ﴾ المؤمنون: ٨٨ - ٨٩

अर्थः “तपाई सोध्नुस् कि यदि तिमी जान्दैछौ भने (जवाफ देउ) कि त्यो को हो जसको हातमा हरेक कुराको अधिपत्य र अधिकार छ र उसले शरण दिन्छ उसको दाँजोमा कसैले कसैलाई शरण दिन सक्दैन । यही जवाफ दिनेछन् किः अल्लाह नै हुन् । तपाई भन्नुस् किः त्यसो भए तिमीमाथि जादू कहाँबाट चल्छ?” (सूरः मुमिनून २३, ८८-८९)

अर्थात यदि मुश्‌रिकहरूसित पनि सोधिन्छ भने ब्रहमाण्डमा को छ, जसको पूर्ण अधिकार छ र जसको दाँजोमा कोही आउन सक्दैन? त तिनी पनि अल्लाहलाई नै भन्ने छन्, यो विश्वास हुँदाहुँदै पनि अरूलाई मान्नु पागलपन होइन र?

थाहा पाइयो कि अल्लाहले यस ब्रहमाण्डको परिचालन गर्ने अधिकार र शक्ति कसैलाई दिएको छैनन्, न त कोही कसैको सहायक (सिफारिशकर्ता) हुन सक्दछ । यस बाहेक रसूलको युगमा मुश्‌रिकहरू पनि मूर्तिलाई अल्लाहको बराबर ठान्दैनथे बरु तिनलाई पनि अल्लाहकै भक्त र सृष्टि मान्दथे र यो पनि

मान्दथे कि यिनीहरूमा ईश्वरीय शक्ति छैन, तर तिनीलाई पुकार्नु, तिनीसित विन्ति गर्नु, तिनको लागि भेटी र बलि दिनु र तिनीलाई वकील र सिफारिशकर्ता मान्नु, यो नै उनीहरूको शिर्क कार्य थियो। यसले गर्दा जसकसैले कसैसँग यस्तो आस्था र व्यवहार गरोस्, चाहे त्यसलाई भक्त र सृष्टि नै किन नमानोस्, त्यो र अबू जहल शिर्कको कर्ममा बराबर छन्।

## शिर्कको वास्तविकता

शिर्क मात्र यो होइन कि कसैलाई अल्लाहको बराबरी वा उनीसँग दाँजियोस् बरु यो पनि शिर्क हो कि जुन कुराहरू अल्लाहले आफ्नो निम्ति खास गरेका छन् र त्यसलाई भक्तजनहरूका लागि भक्तिको प्रमाण बताएका छन्, ती कुराहरू अल्लाह बाहेक अरूका लागि गरियोस्, जस्तैः सज्दा (दण्डवत), अल्लाहको नामको बलिदिनु, मन्नत (भाकल पुरा हुने आश्यको संकल्प), समस्यामा परेको बेला पुकार्नु, अल्लाहलाई स्वयं हरेक ठाउँमा उपस्थित ठान्नु, शक्ति र अधिकार आदिमा अरूलाई पनि साझेदार ठान्नु, यी सबै शिर्कका बिभिन्न रूपहरू हुन्। सज्दा अल्लाहको लागि मात्र विशेष छ, कुरबानी उनैको लागि मात्र गरिन्छ, मन्नत (भाकल पुरा हुने आश्यको संकल्प) उनैसँग गरिन्छ, समस्याको बेला उनैसँग विन्ती गरिन्छ, उनी नै हरेक ठाउँमा शक्तिशील र निरिक्षक छन् र हरेक प्रकारको शक्ति अधिकार उनैको हातमा छ, यदि यिनीमध्ये कुनै क्रिया विशेषता अल्लाह बाहेक अन्यमा मानियो भने शिर्क हुन्छ, त्यसलाई अल्लाह भन्दा सानो नै किन नठानियोस् र त्यसलाई अल्लाहको सृष्टि र भक्त नै किन नमानियोस्। अनि यस सम्बन्धमा नबी, वली, जिन्नात, शैतान, भूत, प्रेत र परी आदि सबै बराबर छन्, जसकसैसँग यो सम्बन्ध जोडियोस् शिर्क हुनेछ र गर्ने व्यक्ति मुश्‌रिक भइहाल्नेछ। अतः अल्लाहले मूर्ति पूज्नेहरूमाथि क्रोध जनाएजस्तै यहूदी र ईसाईमाथि पनि क्रोध जनाएका छन् जबकि

तिनी मूर्तिपूजक थिएनन्, तर नबी र वलीहरूसँग यस्तै व्यवहार राख्दथे, अतः अल्लाहले भनेका छन्:

﴿ ٱتَّخَذُوٓا۟ أَحْبَارَهُمْ وَرُهْبَٰنَهُمْ أَرْبَابًا مِّن دُونِ ٱللَّهِ وَٱلْمَسِيحَ ٱبْنَ مَرْيَمَ وَمَآ أُمِرُوٓا۟ إِلَّا لِيَعْبُدُوٓا۟ إِلَٰهًا وَٰحِدًا ۖ لَّآ إِلَٰهَ إِلَّا هُوَ ۚ سُبْحَٰنَهُۥ عَمَّا يُشْرِكُونَ ﴾ التوبة: ٣١

अर्थः “तिनीहरूले अल्लाहलाई छाडी आफ्ना पादरी र सन्तहरूलाई आफ्ना प्रभु बनाइहाले, र मरियमको छोरा मसीहलाई पनि, जबकि तिनीलाई मात्र एक एक्लै अल्लाहकै उपासनाको आदेश दिइएको थियो, जस बाहेक कोही सत्य पूजनीय छैन। उनी (अल्लाह) आफूसँग साझेदार ठहराइएको कार्यबाट मुक्त र पवित्र छन्।” (सूरः अत्तौबा ९, ३१)

अर्थात अल्लाहलाई त सबैभन्दा ठूलो मालिक ठान्दछन् साथै उनीभन्दा सानो अन्य मालिकहरू छन् भन्ने कुरामा पनि विश्वास राख्दछन्, जुन तिनको मौलवी र सन्तहरू हुन्, सो कुराको आदेश तिनलाई दिइएको छैन र यसले गर्दा तिनीहरू शिर्क गरिरहेका छन्। अल्लाह त एक मात्र छन् उनको कोही सानो होस् वा ठूलो साझेदार छैन, बरु सबै उनको दास र भक्त हुन्, अल्लाहले भनेका छन्:

﴿ إِن كُلُّ مَن فِى ٱلسَّمَٰوَٰتِ وَٱلْأَرْضِ إِلَّآ ءَاتِى ٱلرَّحْمَٰنِ عَبْدًا ﴿٩٣﴾ لَّقَدْ أَحْصَىٰهُمْ وَعَدَّهُمْ عَدًّا ﴿٩٤﴾ وَكُلُّهُمْ ءَاتِيهِ يَوْمَ ٱلْقِيَٰمَةِ فَرْدًا ﴾ مريم: ٩٣ - ٩٥

अर्थः “आकाशहरू र धरतीमा जो पनि छन् सबै अल्लाहका दासको रूपमा आउनेवाला छन्। उनले तिनीहरूको आँकलन गरिसकेका छन् र तिनीहरूको राम्रो गणना गरिसकेका छन्। तिनीहरू सबका सब कियामत (महाप्रलय)को दिन एक्ला एक्लै त्यस (रहमान) को सामु उपस्थित हुनेछन्।” (सूरः अत्तौबा ९, ३१)

अर्थात मानिस होस् वा फरिश्ता (दूत) अल्लाहको दास होस्, अल्लाह अगाडी त्यसको यो भन्दा ठूलो पद छैन, यो अल्लाहको

अधीनमा रहेको तुच्छ एवं विवश छ, यसको अधिकारमा केही पनि छैन, सबै थोक अल्लाहकै अधिकारमा छ। उनी नै सबैमाथि अधिपत्य र शासक छन्, कसैलाई कसैको अधीनमा दिंदैनन्। त्यहाँ कोही कसैको वकील बन्नेछ न सहायक। पवित्र कुरआनमा यस विषयसित सम्बन्धित सयौं आयतहरू छन् तर नमूनाका लागि मैले केही आयतहरू उल्लेख गरिदिएको छु, जसले तिनीलाई बुझिहाल्यो त्यसले शिर्क र तौहीदलाई राम्री बुझिहाल्ने छ। इन्शाअल्लाह (यदि अल्लाहले चाहे भने)

# दोस्रो खण्ड

## शिर्कका किसिमहरू

अब यो जान्नु जरूरी छ कि अल्लाहले कुन कुन कुरालाई आफ्नो लागि विशेष गरेका छन्, ताकि त्यसमा कसैलाई साझेदार नठानियोस् । यस्ता कुराहरू अनगिन्त छन्, यहाँ केही कुराहरू वर्णनगरि कुरआन र हदीसबाट प्रमाणित गर्नेछु ताकि सबैले तिनको मार्फत अन्य अरू कुराहरू पनि बुझिहालून् ।

### ज्ञानविधामा शिर्क

पहिलो कुरो यो हो कि अल्लाह आफ्नो ज्ञानको हिसाबले हरेक ठाउँमा उपस्थित र प्रत्यक्षदर्शी छन्, भन्नाले उनको असिमित ज्ञानले सम्पूर्ण कुरालाई आफ्नो घेरा भित्र पारेको छ। यसै कारण उनलाई जतिखेर पनि हरेक कुराको ज्ञान रहेको हुन्छ। त्यो कुरो टाढा होस् वा नजिक, दृष्य होस् बा अदृष्य, आकाशमा होस् वा पातालमा, पहाडको शिखरमाथि होस् वा महासागरको तल । यो अल्लाहकै गौरब हो, यो गौरव अरूकसैलाई प्राप्त छैन । यदि कसैले उठ्दा बस्दा अल्लाह बाहेक कसैको नाम लिन्छ, वा टाढा वा नजिकबाट त्यसलाई पुकार्दछ कि त्यसले यसको संकटलाई हटाइ देओस्, वा त्यसको नाम पढेर दुश्मनमाथि प्रहार गरोस्, वा त्यसको नामको जाप गरोस् वा मनमा त्यसको ध्यान गरोस् र यो विश्वास राखोस् कि मैले जब त्यसको नाम लिन्छु वा मनमा त्यसको ध्यान वा त्यसको समाधीको ध्यान गर्छु भने त्यसलाई थाहा भइहाल्दछ । मेरो कुनै कुरा त्यसबाट लुकेको छैन, र ममाथि जुन परिस्थितिहरू आउँछन् जस्तै रोगी

र स्वस्थय, जीविका विस्तृति र संकुचिता, जीवन र मरण, तथा खुशी र उदासी त्यसलाई सबै कुराको ज्ञान सधैं रहन्छ, जुन कुरा मैले भन्छु त्यसले सुनिहाल्दछ, मेरो मनको सोच र कल्पना सबै कुराको जानकारी त्यसलाई रहन्छ । यस्ता विचार र विश्वास राख्नाले शिर्क सिद्ध भइहाल्दछ र यस प्रकारका सबै कुराहरू शिर्क हुन् । यसलाई (शिर्क फिल्इल्म) ज्ञानविधामा शिर्क गर्नु भनिन्छ, अर्थात अल्लाह जस्तै ज्ञान अल्लाह बाहेकका लागि सिद्ध पार्नु । निः सन्देह यस्ता आस्था र विश्वासले मानिस मुश्रिक (अनेकेश्वरवादी) भइहाल्दछ, यो आस्था र विश्वास चाहे कुनै सबैभन्दा महान व्यक्तिको विषयमा राखोस् वा प्रियभन्दा प्रिय फरिश्ता (दूत) को विषयमा राखोस् । तिनको यो ज्ञान चाहे व्यक्तिगत मानियोस् वा अल्लाहले प्रदान गरेको मानियोस्, प्रत्येक अवस्थामा यो शिर्कको आस्था र विश्वास हो ।

### अधिनियम र अधिकारमा शिर्क

ब्रह्माण्डमा चाहे अनुसार अधिनियम र शासन गर्नु, आदेश लागु गर्नु, चाहे भने मार्नु र जिउँदो पार्नु, जीविका विस्तृति र संकुचिता, स्वस्थय र रोगी, विजय र हार, अगाडि र पछाडि पार्नु, मनोकामना पुरा गर्नु, संकट काट्नु, समस्या परेको बेला सहयोग गर्नु, यी सबै अल्लाहकै गौरव र शान हो, अल्लाह बाहेक कसैको शान होइन, चाहे त्यो कत्ति महान व्यक्ति वा दूत (फरिश्ता) किन नहोस् । अतः जो व्यक्ति अल्लाह बाहेक अन्य कसैको लागि यस्तो अधिनियम र अधिकार सिद्ध गरोस्, त्यसबाट मनोकामना सफलताको बिन्ती गरोस् र यसै उद्देश्ले त्यसैको नामको संकल्प र वचनद्धता जनाओस् वा बलि देओस् र समस्याको बेला त्यसैलाई यस उद्देश्यले पुकारोस् कि त्यसले यसको समस्यालाई समाधान गरिदेओस् भने यस्तो व्यक्ति मुश्रिक हो र यस धारणालाई शिर्क फित्तसर्रुफ अर्थात अधिनियम र अधिकारमा शिर्क गर्नु भनिन्छ । भन्नाले अल्लाहको अधिकार

जस्तै अल्लाह बाहेकलाई पनि अधिकारको योग्य ठान्नु चाहिं शिर्क हो। अब त्यो अधिकार त्यसको व्यक्तिगत शक्ति मानियोस् चाहे अल्लाहले प्रदान गरेको अधिकार मानियोस्। प्रत्येक अवस्थामा यो शिर्कको आस्था र विश्वास हो।

## पूजा उपासनामा शिर्क

अल्लाहले केही कार्यहरू आफ्नो पूजाको निम्ति खास गरिदिएका छन् जसलाई उपासना भनिन्छ जस्तैः सज्दा, रुकूअ (निहुरिनु), हात बाँधि उभिनु, अल्लाहको नामले दान गर्नु, उनैको नामको व्रत बस्नु, उनको पवित्र घर (काबा) सम्म तीर्थको उद्देश्यले यात्रागरि आउनु र यस्तो पोसाकमा आउनु जसबाट थाहा होस् कि यिनी हरम (काबा)को तीर्थालु हुन्, बाटाभरि अल्लाहकै नाम पुकार्नु, अनुचित कुरा र शिकारबाट बाच्नु, सावधानपुर्वक गएर उनको घरको परिक्रमा गर्नु, त्यसै काबातिर मुखगरि सज्दा (दण्डवत) गर्नु, त्यहाँ बलिको जनावर लग्नु, त्यहाँ मन्नत (भाकल पुरा हुने आश्यको संकल्प) मान्नु, काबालाई खोल चढाउनु, काबाको चौखट अगाडि उभेर प्रार्थना गर्नु, दीनदुनियामा भलाइको याचना गर्नु, हज्रे असवद (काबामा जडिएको कालो ढुंगा) लाई चुम्नु, काबाको भित्तामा मुख र छाती सटाउनु, त्यसको खोल समातेर प्रार्थना गर्नु, त्यसको चारैतिर बत्ती बाल्नु, त्यसमा सेवकबनि रहनु, सरसफाई गर्नु, हाजीहरूलाई पानी पिलाउनु, वोजू र नुहाउने पानीको व्यवस्था गर्नु, जमजम पानीलाई तबरुरक (उन्नति प्राप्ति)को आस्थाले पिउनु र शरीरमाथि हाल्नु, पेटभरी पिउनु, आपसमा बाँटनु, इष्टमित्र नातेदारहरूको लागि लैजानु, त्यसको वरिपरिका बोट बृक्षको आदरभाव र सम्मान गर्नु, त्यहाँ शिकार नगर्नु, बोटबिरुवा नकाट्नु, जनावर नचराउनु, यी सबै कार्यहरूलाई अल्लाहले आफ्नो उपासनाको रूपमा मुसलमानहरूलाई बताएका छन्। तैपनि यदि कोही व्यक्ति कुनै नबी, वली, भूतप्रेत, जिन्न र

परीलाई, वा कुनै सही वा झूठो समाधि, कसैको थान स्थान, कुनै ठाउँ र निशानी, वा कसैको अशिष र ताबूत (लाश हाल्ने बाक्स) को सज्दा (दण्डवत) वा रुकूअ (प्रणाम) गरोस्, वा त्यसको लागि व्रत बसोस्, वा हात बाँधेर उभियोस्, वा भोग प्रसाद चढाओस्, वा त्यसको नामको झण्डा लगाओस्, वा त्यहाँ जाँदा उल्टो खुट्टा हिंडोस्, वा समाधिलाई स्नेहले चुमोस्, वा समाधिहरू वा अन्य स्थलहरूको तीर्थ उद्देश्यले टाढादेखि यात्रागरी जाओस्, वा त्यहाँ दीप जलाओस् र बत्तीको व्यवस्था गरोस्, वा त्यसको भित्तामा खोल लगाओस्, वा समाधि (मजार) माथि चादर चढाओस्, वा शोभाको निमित्त झल्लर झुण्डियाओस्, वा तम्बू सामियाना लगाओस्, वा तिनको चौखटलाई स्नेहको भावले चुमोस्, वा हात बाँधेर मनोकामना सफलता हेतु याचना प्रार्थना गरोस्, वा मोजावर (समाधिसेवक) बनेर सेवा गरोस्, वा त्यसको वरिपरि वन बृक्षको सम्मान गरोस् । उद्देश्यार्थ यस प्रकारको कुनै काम अल्लाह बाहेक अन्य कसैको लागि गऱ्यो भने उसले खुल्ला शिर्क गऱ्यो र यसलाई शिर्क फिल् इबादात अर्थात पूजा उपासनामा शिर्क गर्नु भनिन्छ ।

अर्थात अल्लाह जस्तै अभिवादन र सर्वोच्चताको पात्र अरु कसैलाई ठान्नु, चाहे यो आस्था र विश्वासले होस् कि तिनी व्यक्तिगत रूपमा यस अभिवादनको पात्र छन् वा यसले गर्दा होस् कि तिनीहरूलाई यति महान ठान्नाले अल्लाह प्रसन्न हुन्छ र त्यसलाई महान ठान्नुको आशिष्ले संकटहरू समाप्त भइहाल्छन्। प्रत्येक अवस्थामा यो शिर्कास्पद आस्था र विश्वास हो ।

## दैनिक कार्यहरूमा शिर्क

अल्लाहले आफ्ना भक्तजनहरूलाई यो शिक्षा दिएका छन् कि तिनी आफ्ना दैनिक कार्यहरूमा अल्लाहलाई याद गरिराखून् र उनको अभिवादन र सर्वोच्चतालाई स्वीकार गरुन् ताकि ईमान

पनि शुद्ध होस् र काममा पनि उन्नती होस्, जस्तैः संकटको बेला अल्लाहको नजर (उपासना संकल्प) मान्नु, र समस्यामा परेको बेला उनैलाई पुकार्नु, काम शुरु गर्दा बर्कत र उन्नतीको लागि उनैको नाम लिनु। यदि सन्तानको उपकार पाइयोस् भने यस उपकारको कृतज्ञताका लागि अल्लाहको नामले जनावर बलिदिनु। सन्तानको नाम अब्दुल्लाह, अब्दुर्रहमान, इलाही बख्श, अल्लाहले दिएको, उम्मतुल्लाह र अल्लाहवाला आदि राख्नु। खेतको उत्पादनबाट थोरैधेरै उनको नामले दान गर्नु। उत्पानद फलहरूबाट केही फल उनको नामबाट निकाल्नु। जनावरहरू मध्ये केही जनावर अल्लाहको नामले नियुक्त पार्नु र अल्लाहको नामले जुन जनावर अल्लाहको घर (काबा) हेतु लगियोस् तिनको सम्मान गर्नु र तिनको सवारी नगर्नु नत तिनीलाई भार बोकाउनु। खानु पिउनु र लगाउनु पहिर्नुमा अल्लाहको आदेशपालन गर्नु, जुन वस्तुहरूको प्रयोग गर्ने आदेश छ तिनलाई मात्र प्रयोग गर्नु, जसलाई अवैध गरिएको छ त्यसबाट जोगिनु, दुनियामा दुख र सुख, स्वस्थय र रोग, विजय र हार, गति र प्रगति, खुशी र गम जेजति पनि हुन्छ सबै अल्लाहको अधिकारमा छन् भन्ने विश्वास राख्नु, प्रत्येक कामको इरादा गर्दा इन् शा अल्लाह (यदि अल्लाहले चाहे भने) भन्नु, उदाहरणतः यसो भन्नुः इन् शा अल्लाह मैले फल्ना काम गर्छु, अल्लाहको शुभनाम यस अभि वादनको साथ लिनु जसबाट उनको महानता र आफू गुलाम हो भन्ने प्रकट होस्, जस्तैः यसो भन्नुः हाम्रो मालिक, हाम्रो सृष्टिकर्ता, हाम्रो उपास्य आदि, कसम खाने आवश्यकता परेमा उनैको नामको कसम खानु, यी सम्पूर्ण कुराहरू र यी जस्ता अन्य कुराहरू अल्लाहले आफ्नो अभिवादनकै लागि निर्धारित गरेका छन्। अतः जसकसैले यस प्रकारको अभिवादन अल्लाह बाहेक नबी, वली, शहीद, भूतप्रेतहरूलाई दियोस् जस्तैः कुनै काम अवरोधित भएको छ वा बिग्रिरहेको छ भने त्यसलाई सुचारु गर्नु वा सुधार्नका लागि अल्लाह बाहेक कसैको नजर

मानियोस्, सन्तानको नाम अब्दुन्नबी, इमाम बख्श, पीर बख्श राखियोस्, खेतको उत्पादनमा तिनको अंश राखियोस्, फल तयार भएर आएमा पहिले तिनको नामको अंश अलगगरि राखियोस्, त्यस पछि बाँकीलाई प्रयोग गरियोस्, जनावरहरूमध्ये तिनको नाममा जनावर खास गरियोस्, अनि ती जनावरको विशेष मान सम्मानगरि तिनलाई पानी र चाराबाट ननिकालियोस्, लौरो वा ढुंगाले तिनलाई नपिटियोस्, तथा खानु पिउनु र ओढनु लगाउनुमा रीतिरिवाजको ख्याल राखियोस् कि फल्ना फल्ना व्यक्तिले यो यो खाना नखानु, र फल्ना, फल्ना लुगा नलगाउनु, बीबीको सहनक(1) पुरुषहरूले नखानु, नोकरानी र विवाहिताले नखाउन्, शाह अब्दुल्हकको तोशा, हुक्का पिउने व्यक्तिले नखाओस्, दुनियामा राम्रो नराम्रो घट्ने घटनाको सम्बन्ध उनीसित नै जोडियोस् कि फलाना व्यक्ति वहाँको श्रापले दुख पाएको छ र पागल भएको छ, फलानो वहाँकै श्रापले गर्दा गरीब छ र हर्नुस् त फलानोलाई वहाँले आशिर्वाद दिनु भएको थियो अनि आज प्रसन्न र परिपक्क छ, फलानो ग्रहले गर्दा अकाल पऱ्यो, त्यो काम फलानो समय र फलानो दिनमा शुरू गरिएको थियो त्यसले गर्दा सफल भएन, वा यो भन्नु कि यदि अल्लाह र रसूलले चाहे

---

(१) बीबी को तात्पर्य हजरत फातिमा रजियल्लहु अन्हा हुन्। उहाँको नामको नियाज (भोग) लाई बीबीको सहनक भनिन्थ्यो। सहनक माटोको सानो भाँडोलाई भनिन्छ, यो नियाज (भोग) राजा जहाँगीरको युगमा शुरू भयो। राजाले नूरजहाँ सँग विवाह गऱ्यो र त्यसको चल्ती प्रभाव उग्र भइसक्यो त राजा जहाँगीरका केही पत्नीहरूले यो रीत बनाए र सर्त राखे कि यस नियाज (भोग) मा ती महिलाहरू मात्र सहभागी हुन सक्दछन् जसले पुनर्विवाह नगरेकी हुन्। यस कार्यलाई तिनी सावित्रीको प्रतीक ठान्दथीन। यसको उद्देश्य नूरजहाँ को अवहेलना मात्र थियो। विस्तारै-विस्तारै यो प्रथा आम भइसक्यो। शाह शहीद रहेमहुल्लाहको युगमा यस प्रथाको रिवाज घर-घरमा भइसकेको थियो र त्यसमा अनेकौं सर्तहरू थपएिका थिए।

भने म आउँछु, वा पीर ज्यूले चाह्नु भयो भने यो काम हुन्छ, वा कुराकानी गर्दा तिनको लागि "प्रदान गर्नेवाला" "निस्पृह" "संसारको मालिक" र शहंशाह अर्थात "राजाहरूको राजा" जस्ता शब्दहरू प्रयोग गरियोस्, सौगन्ध वा कसम खाने आवश्यकता परेमा नबीको, वा कुरआनको[1], वा अली रजियल्लाहु अन्हुको, वा इमाम र पीरको, तिनको समाधिको, वा आफ्नो ज्यानको कसम खाइयोस्| यी सम्पूर्ण कुराहरू शिर्क हुन् र यसलाई "शिर्क फिल् आदत" व्यवहार बानीमा शिर्क गर्नु भनिन्छ, अर्थात आम कार्यहरूमा जुन प्रकार अल्लाहको अभिवादन मात्र ठान्नु पर्छ त्यसतै अभिवादन अल्लाह बाहेक अरुको लागि पनि बोध गर्नु। शिर्कका यी चारओटै किसिमहरूको वर्णन कुरआन र हदीसमा स्पष्टताको साथ आएको छ, यसले गर्दा हामीले यी कुराहरू आइन्दा खण्डहरूमा बयान गरेकाछौं।

(१) कुरआनको कसम खानुको विषयमा यसो लागदछ कि शाह साहबसित बिर्सेर वा हतारमा पुनर्विचार नगर्नाले यस्तो लेखिएको छ, नत्र कुरआन त अल्लाहको कथन हो, र कथन अल्लाहको विशेषता हो, जसको कसम खानु जायज र उचित छ। कुरआनको कसम खानु शिर्क होइन। (महमूदुल्हसन असद)

# तेस्रो खण्ड
# शिर्कको दुष्टता - तौहीदको विशेषता

## शिर्क माफ र क्षमा हुँदैन

अल्लाहले भनेका छन्:

﴿ إِنَّ ٱللَّهَ لَا يَغۡفِرُ أَن يُشۡرَكَ بِهِۦ وَيَغۡفِرُ مَا دُونَ ذَٰلِكَ لِمَن يَشَآءُۚ وَمَن يُشۡرِكۡ بِٱللَّهِ فَقَدۡ ضَلَّ ضَلَٰلَۢا بَعِيدًا ﴾ النساء: ١١٦

अर्थः अल्लाहले उसलाई क्षमा गर्दैनन् जसले कसैलाई उनको साझेदार बनाउँछ, तर यस बाहेक अन्य पाप जसलाई चाहन्छन् क्षमा गर्ने छन् र जसले कसैलाई अल्लाहको साझेदार ठहरायो, त्यसले आफ्नो सही बाटो छाडि धेरै कुबाटोमा लागिसकेको हुन्छ । (सूरः नेसा ४, ११६)

अर्थात अल्लाहको मार्गबाट विचलित हुनु यो पनि हो कि मानिस वैध र अवैध बीच अन्तरभेद नगरोस्, चोरी गरोस्, औचित्यहीनतामा लागिरहोस्, नमाज व्रत छाडिदेओस्, घरपरिवारको हक अधिकार पुरा नगरोस्, बाबु आमाको अवज्ञा र अवहेलना गर्दै गरोस् । तर जुन व्यक्ति शिर्कको दलदलमा फस्यो त्यो चाहिं सत्य बाटोबाट अति टाढा भइसक्यो, किनकि त्यसले यस्तो पापमा फंस्यो जसलाई अल्लाहले बिना तौबा (प्रायश्चित) क्षमा गर्दैनन्, अन्य पापहरूलाई अल्लाहले शायद बिना तौबा (प्रायश्चित) क्षमा गर्दिने छन् । थाहा पाइयो कि शिर्क माफ नहुनेखालको पाप रहेको छ, यसको सजाय अवश्य मिल्ने छ। यदि अति ठूलो शिर्क गरेको छ जसले गर्दा मानिस काफिर

(इस्लामबाट खारेज) भइहाल्दछ भने त्यसको सजाय सधैंको लागि नरक हो। न त्यसबाट निकालिने छ र न त त्यसमा चैन र आराम पाउने छ । र जुन अलि सानोखालका शिर्क छन् तिनको जुन सजाय अल्लाहकहाँ निर्धारित छ त्यो अवश्य हुने छ ।[1]

र अन्य पापहरूको जुन सजाय अल्लाह कहाँ निर्धारित छ त्यो अल्लाहको चाहनामा निर्भर छ चाहे भने सजाय दिन्छन् नचाहे दिंदैनन् ।

## शिर्कको उदाहरण

यस कुराको पनि ज्ञान भइसक्यो कि शिर्कभन्दा ठूलो कुनै पाप छैन । यसलाई यस उदाहरणले बुझ्नुस् कि राजा कहाँ प्रजाका लागि हरेक किसिमका सजायहरू निर्धारित छन्, जस्तैः चोरी, डकैती, पहरा गर्दा गर्दै सुत्नु, दरबारमा ढीलो पुग्नु, युद्धक्षेत्रबाट भाग्नु र सरकारको पैसा बुझाउनुमा ढिलाई गर्नु आदि । यी सबै अपराधहरूको दण्ड निर्धारित छ । अब राजाको इच्छा चाहे भने सजाय देओस् र चाहे भने माफगरि छाडिदेओस्, तर केही अपराधहरू यस्ता हुन्छन् जसलाई राजाप्रति विद्रोह मानिन्छ जस्तैः राजाको उपस्थितिमा कुनै अधिकारी, मन्त्री, सभासद्, अध्यक्ष, तुच्छ र अयोग्यलाई राजा बनाइदिनु, अनि यस प्रकारको कर्म गर्नु विद्रोह मानिन्छ वा तिनीमध्ये कसैको लागि राजमुकुट वा राजसिंहासन बनाउनु, उसको छत्रछायां भन्नु वा राजाको सम्मान जस्तै उसको सम्मान गर्नु, उसको लागि राजदिवस मनाउनु र राजाको जस्तै उसलाई प्रतिज्ञा दिनु । यो अपराध सबैभन्दा ठूलो हुन्छ र यसको दण्ड अवश्य मिल्नु पर्छ । जुन राजा यस प्रकारका अपराधको दण्डमा ढिलाई गर्छ त्यसको राजशासन कमजोर र असक्षम हुन्छ । बुद्धिमानहरू यस्तो राजालाई अयोग्य भन्दछन् ।

(१) सानो शिर्क होस् वा ठूलो शिर्क जेसुकै अवस्थामा अवैध र तौहीदको विपरीत हुन् ।

हे मानिसहरू हो! त्यस महान मालिक आत्मसम्मान राजासित डर मान जसको शक्तिको कुनै सीमा छैन उनी अति गौरवशील छन्, भला उनले मुश्‌रिकहरूलाई सजाय किन नदेलान् र सजाय नदिई तिनलाई किन छोडिदेलान् छ? अल्लाहले हामी सम्पूर्ण मुस्लिमहरूमाथि दया गरुन् र सबैलाई शिर्क जस्तो महापाबाट सुरक्षित राखुन् । आमीन

## शिर्क सबैभन्दा ठूलो पाप हो

अल्लाहले भनेका छन्:

﴿ وَإِذْ قَالَ لُقْمَٰنُ لِٱبْنِهِۦ وَهُوَ يَعِظُهُۥ يَٰبُنَىَّ لَا تُشْرِكْ بِٱللَّهِ ۖ إِنَّ ٱلشِّرْكَ لَظُلْمٌ عَظِيمٌ ﴾ لقمان: ١٣

अर्थः जब लुक्मान (अ.) ले आफ्नो छोरालाई नसीहत गर्दै भने किः मेरो प्यारो छोरो! अल्लाहको साथमा कसैलाई साझेदार नठहराउ, निश्चय नै शिर्क (मिश्रणवाद) ठूलो अत्याचार हो । (सूरः लुक्मान ३१ ، १३)

अर्थात अल्लाहले लुक्मान (अ.)लाई सुबुद्धि प्रदान गरेका थिए, वहाँले बुद्धिको सही उपयोगगरि जानकारी प्राप्त गर्नु भयो कि कसैको हक अधिकार अरुकसैलाई दिनु ठूलो अन्याय हो । अनि जसले अल्लाहको अधिकार अल्लाहका सृष्टिहरूमध्ये कसैलाई दियो भने उसले कुनै महानभन्दा महान व्यक्तिको अधिकार कुनै नीच व्यक्तिलाई दियो, किनकि अल्लाह सबैभन्दा महान छन् र अल्लाहको तुलनामा उनको सृष्टिलाई गुलामको पद मात्र प्राप्त छ । जस्तै योभन्दा बढि केको अन्याय हुनेछ कि कुनै राजमुकुट एउटा तुच्छ र अयोग्यको टाउकामा राखियोस्। निश्चितरुपले यो मान्नु कि प्रत्येक व्यक्ति चाहे त्यो महानभन्दा महान मानिस होस् वा निकटतम फरिश्ता र दूत त्यसको पद अल्लाहको तुलनामा एउटा सृष्टिको तुच्छ र साधारण प्राणी बाहेक अरु केही छैन ।

थाहा पाइयो कि जुन प्रकार शरीअत (शास्त्र)ले शिर्कलाई महापाप ठानेको छ त्यसै प्रकार बुद्धि विवेकले पनि यसलाई महापाप ठान्दछ । शिर्क चाहिं सम्पूर्ण पापहरूमध्ये महापाप हो । सत्य कुरो यो नै हो, किनकि मानिस भित्र सबभन्दा ठूलो त्रुटि यही रहेको छ कि त्यसले आफ्ना ठूलाहरूको अपमान गरोस्, फेरि अल्लाहभन्दा ठूलो को हुनसक्दछ र शिर्क अल्लाहको महिमाको अपमान हो ।

## तौहीद नै मुक्तिको बाटो हो

अल्लाहले भनेका छन्ः

﴿وَمَآ أَرۡسَلۡنَا مِن قَبۡلِكَ مِن رَّسُولٍ إِلَّا نُوحِيٓ إِلَيۡهِ أَنَّهُۥ لَآ إِلَٰهَ إِلَّآ أَنَا۠ فَٱعۡبُدُونِ﴾

الأنبياء: ٢٥

अर्थः जुन पैगम्बरलाई पनि हामीले तिमीभन्दा अगाडि पठायौं, तिनीहरूतिर यही ईश्वरीय सन्देश पठायौं कि म बाहेक कोही सत्य पूज्य छैन, तसर्थ तिमी सबै मेरो उपासना गर । (सूरः अंबिया२१, २५)

भन्नाले सम्पूर्ण रसूलहरू, अल्लाहको तर्फबाट यही सन्देश लिएर आए कि मात्र अल्लाहलाई ईश्वर (हरेक कुराको योग्य) ठानियोस् र उनी बाहेक अरुकसैलाई ईश्वर (हरेक कुराको योग्य) नठानियोस् । तसर्थ थाहा भयो कि तौहीदको आदेशलाई वैध र शिर्कलाई अवैध गर्नु सम्पूर्ण शास्त्रहरूको सहमतिपूर्ण कुरो हो, यसले गर्दा मात्र यो नै मुक्तिको बाटो हो, बाँकी अन्य सबै मत र बाटाहरू गलत हुन् ।

## अल्लाह शिर्कबाट क्रोधित हुन्छन्

عَنْ أَبِي هُرَيْرَةَ رَضِيَ اللَّهُ عَنْهُ قَالَ: قَالَ رَسُولُ اللَّه صَلَّى اللَّهُ عَلَيْهِ وَسَلَّمَ: «قَالَ اللَّهُ تَبَارَكَ وَتَعَالَى أَنَا أَغْنَى الشُّرَكَاءِ عَنْ الشِّرْكِ مَنْ عَمِلَ عَمَلاً أَشْرَكَ فِيهِ مَعِي غَيْرِي تَرَكْتُهُ وَشِرْكَهُ وَأَنَا مِنْهُ بَرِيءٌ» (مسلم)

अर्थः अबू हुरैरह रजियल्लाहु अन्हुको वर्णन छ कि रसूल सल्लल्लाहु अलैहि व सल्लमले भन्नु भयोः अल्लाहले भनेका छन्: म शिर्क गर्नेहरूको शिर्कबाट एकदम क्रोधित छु, यदि कसैले कुनै यस्तो काम गऱ्यो, जसमा उसले मसँग अरू कसैलाई साझेदार बनायो भने म त्यसलाई र त्यसले गरेको शिर्कलाई छाडिदिन्छु र त्यसबाट निश्चिन्त भइहाल्दछु। [1]

भन्नाले जुन प्रकार अन्य साझेदारहरू आफ्ना संयुक्त सामाग्री आपसमा विभाजित गर्छन् मैले त्यसतो गर्दिन, किनकि म चाहिं निश्चिन्त छु। यदि कसैले मेरो लागि कर्म गऱ्यो र साथै त्यसमा अरूलाई पनि साझेदार बनायो भने मैले त्यसमा आफ्नो भाग लिदैन, बरु सम्पूर्ण कर्म अर्काकै लागि छाडिदिन्छु र त्यसबाट निस्पृह भइहाल्दछु। थाहा पाइयो कि जुन व्यक्तिले अल्लाहको लागि कुनै कर्म गऱ्यो र त्यही कर्म अल्लाह बाहेक अरु कसैको लागि गऱ्यो भने त्यसले शिर्क गऱ्यो। साथै यो कुरा पनि थाहा पाइयो कि मुश्‌रिकहरूको उपासना जुन अल्लाह बाहेकको गरिन्छ, स्वीकारको योग्य छैन सत्य अल्लाह त्यसबाट निस्पृह छन्।

## अनादिकाल (परापुर्वकाल) मा तौहीदको वचन

अल्लाहले भनेका छन् ˆ

﴿ وَإِذْ أَخَذَ رَبُّكَ مِنۢ بَنِىٓ ءَادَمَ مِن ظُهُورِهِمْ ذُرِّيَّتَهُمْ وَأَشْهَدَهُمْ عَلَىٰٓ أَنفُسِهِمْ أَلَسْتُ بِرَبِّكُمْ ۖ قَالُوا۟ بَلَىٰ ۛ شَهِدْنَآ ۛ أَن تَقُولُوا۟ يَوْمَ ٱلْقِيَٰمَةِ إِنَّا كُنَّا عَنْ هَٰذَا غَٰفِلِينَ ﴿١٧٢﴾ أَوْ تَقُولُوٓا۟ إِنَّمَآ أَشْرَكَ ءَابَآؤُنَا مِن قَبْلُ وَكُنَّا ذُرِّيَّةً مِّنۢ بَعْدِهِمْ ۖ أَفَتُهْلِكُنَا بِمَا فَعَلَ ٱلْمُبْطِلُونَ ﴾ الأعراف: ١٧٣-١٧٢

---

(१) ((सही मुस्लिम, मिश्कातमा त्यस पछि यो शब्द पनि आएको छः म त्यसबाट क्रोधित छु, अनि जसको लागि त्यसले यो काम गरेको छ त्यसैले उसलाई यस कामको बदला र पुण्य देओस्। (मिश्कात, मुज्तबाई प्रकाशन पृ०: ४५४) (२) अल् इद्राक लितख्‌रीजे अहादीसे रद्दिल् इश्राक सम्मिलित कत्फुस्समर लेखकः नवाब सिद्दीक हसन खान, पृ.२३))

अर्थः जब तिम्रो पालनकर्ताले आदमको सन्तानको ढाडबाट उनको सन्तती सृष्टि गरे र उनीहरूलाई स्वयं उनकै लागि स्वीकारोक्ति लिए कि “के म तिमीहरूको पालनकर्ता होइन?” त उनीहरूले भनेः “हो, हामी सबै साक्षी छौं ।” यस्तो यस कारणले गर्‍यौं ताकि तिनीहरूले कयामतका दिन यो नभनून्, कि “हामीलाई यसको ज्ञान नै थिएन ” वा यो भनून् कि “अघि शिर्क हाम्रा पुर्खा पूर्वजले गरे। हामी त उनीपछि उनका सन्तति भयौं। त के तिमीले हामीलाई मित्थ्याचारीहरूले गरेको क्रियाकलापको लागि विनष्ट पार्ने छौ। (सूरः आराफ ७, १७२-१७३)

मिश्कातको “ईमान बिल्कदर”को खण्डमा उल्लेख छः

عَنْ أُبَيِّ بْن كَعْب فِي تَفْسِيْر قَوْل اللّٰه عَزَّ وَجَلَّ ﴿وَإِذْ أَخَذَ رَبُّكَ مِنْ بَنِي آدَمَ مِنْ ظُهُورِهِمْ ذُرِّيَّتَهِمْ وَأَشْهَدَهُمْ عَلَى أَنْفُسِهِمْ﴾الآيَةَ.

قَالَ جَمَعَهُمْ فَجَعَلَهُمْ أَرْوَاحًا ثُمَّ صَوَّرَهُمْ فَاسْتَنْطَقَهُمْ فَتَكَلَّمُوا ثُمَّ أَخَذَ عَلَيْهِمْ الْعَهْدَ وَالْمِيثَاقَ وَأَشْهَدَهُمْ عَلَى أَنْفُسِهِمْ أَلَسْتُ بِرَبِّكُمْ قَالُوْا بَلى» قَالَ فَإِنِّي أُشْهِدُ عَلَيْكُمْ السَّمَوَاتِ السَّبْعَ وَالْأَرَضِينَ السَّبْعَ وَأُشْهِدُ عَلَيْكُمْ أَبَاكُمْ آدَمَ عَلَيْهِ السَّلَام أَنْ تَقُولُوا يَوْمَ الْقِيَامَةِ لَمْ نَعْلَمْ بِهَذَا اعْلَمُوا أَنَّهُ لَا إِلَهَ غَيْرِي وَلَا رَبَّ غَيْرِي فَلَا تُشْرِكُوا بِي شَيْئًا وَإِنِّي سَأُرْسِلُ إِلَيْكُمْ رُسُلِي يُذَكِّرُونَكُمْ عَهْدِي وَمِيثَاقِي وَأُنْزِلُ عَلَيْكُمْ كُتُبِي قَالُوا شَهِدْنَا بِأَنَّكَ رَبُّنَا وَإِلَهُنَا لَا رَبَّ لَنَا غَيْرُكَ. (مسند أحمد١٣٥/٥)

अर्थः ओबई बिन् कअ्ब रजियल्लाहु अन्हुले यस आयत (कि जब तिम्रो पालनकर्ताले आदमको सन्तानको ढाडबाट उनको सन्तती सृष्टि गरे र उनीहरूलाई स्वयं उनकै लागि स्वीकारोक्ति लिए) को व्याख्यामा भन्नु भएको छ किः अल्लाहले आदमका सन्तानलाई जम्मा गरे अनि उनलाई प्राण प्रदान गरे, फेरि रुप आकार बनाए, फेरि बोल्ने शक्ति प्रदान गरे, जब उनी बोल्न थाले त उनीहरूलाई स्वयं उनीमाथि स्वीकारोक्ति र वचन लिए र भनेˆ “के म तिमीहरूको पालनकर्ता होइन?” त उनीहरूले जवाफ दिएः “हो, तिमी नै हामी सबैको रब्ब र प्रतिपालक हौ ।” भने “मैले

सात आकाश र सात धरतीहरूलाई तिमीमाथि साक्षी बनाउँदछु र तिम्रो पुर्वज आदमलाई पनि, कयामतको दिन तिमी यो न भन्न लाग कि हामीलाई थाहा थिएन। विश्वास राख म बाहेक कोही पूज्य छैन, न त कोही रब्ब (प्रतिपालक)। मसँग कसैलाई साझेदार नठान्नु, म तिमीकहाँ आफ्नो रसूल पठाउने छु, जसले मेरो यो (तिमीबाट लिएको) वाचा तिमीलाई याद दिलाउने छन् र तिमीमाथि म आफ्नो किताबहरू अवतरित गर्नेछु।" सबैले भने कि हामी स्वीकार गरिसकेका छौं कि तिमी नै हाम्रो रब्ब र पूज्य हौ। तिमी बाहेक न कोही हाम्रो रब्ब छ, न त कोही हाम्रो पूज्य। (मुस्नद अहमद ५/१३५) [1]

## शिर्क प्रमाण बन्न सक्दैन

ओबई बिन् कअ्ब रजियल्लाहु अन्हुले उपरोक्त आयतको व्याख्या अन्तरगत भन्नु भएको छ किः "अल्लाहले आदमका सम्पूर्ण

(١) فَأَقَرُّوا بذَلك وَرَفَعَ عَلَيْهِمْ آدَم يَنْظُرُ إِلَيْهِمْ فَرَأَى الْغَنِيَّ وَالْفَقِيرَ وَحَسَنَ الصُّورَة وَدُونَ ذَلك فَقَالَ رَبِّ لَوْلَا سَوَّيْتَ بَيْنَ عبادك قَالَ إنِّي أَحْبَبْتُ أَنْ أُشْكَرَ وَرَأَى الْأَنْبِيَاءَ فِيهِمْ مثْلُ السُّرُج عَلَيْهِمْ النُّورُ خُصُّوا بميثَاقٍ آخَرَ فِي الرِّسَالَة وَالنُّبُوَّة وَهُوَ قَوْلُهُ تَعَالَى﴿ وَإِذْ أَخَذْنَا منْ النَّبِيِّينَ مِيثَاقَهُمْ - إِلَى قَوْلِه- عِيسَى ابْنِ مَرْيَمَ ﴾)) (مسند أحمد١٣٥/٥)

अर्थः अनि तिनी सबैले यस कुरालाई स्वीकार गरे र तिनी सबै माथि आदरणीय आदम (अ.)लाई उच्च गरे उनले (आदमले) ती सबैलाई देखिरहेका थिए। उनले देखे कि तिनीमध्ये धनवान पनि छन् र गरीब पनि, सुन्दर पनि छन् र कुरुप पनि, त सोधे किः हे रब्ब (प्रतिपालक)! तिमीले यिनी सबैलाई एक जस्तै किन बनाएनौ? अल्लाहले भनेः मलाई यो कुरो मन पर्छ किः "मेरो प्रशंसा गरियोस्।" आदम (अ.)ले देखे कि तिनीहरूमध्ये नबीहरू पनि छन्, जुन दीप सरह प्रकाशयुक्त छन् र उनीहरूको अनु -हार उज्जवल र चमकिलो छ। अल्लाहले नबीहरूसित दूतत्व सम्बन्धित पनि वचन लिए, यसको तातपर्य त्यो करार हो जसको वर्णन कुरआनमा यस प्रकार आएको छः " (र याद गर) जब हामीले पैगम्बरहरूसित बचन लियौं र खास गरी तिमीसित र नूह र इब्राहीम र मूसा र मरियमको छरा ईसासित पनि।" (मुस्नद अहमद,मिश्कात) शैख अल्बानीले यस हदीसलाई हसन भन्नु भएको छ। (अनुवादक)

सन्तानलाई एक ठाउँमा एकत्रित गरे, फेरि तिनको शरीरमा प्राण प्रवाहित गराए, उदाहरणस्वरूपः नबीहरू, वलीहरू, शहीदहरू, पुण्यकारीहरू, अज्ञाकारीहरू, अवज्ञाकारीहरू, र सबैलाई छुट्टा छुट्टै पारे। यसै प्रकार यहूदीहरू, ईसाईहरू, मुश्रिकहरू तथा प्रत्येक धर्म मान्नेहरूलाई भिन्ना भिन्नै गरे। अनि जसलाई संसारमा जुन रूप दिनु थियो त्यसै रूपमा त्यसलाई प्रकट गरे। कसैलाई सुन्दर, कसैलाई कुरूप, कसैलाई दृष्टा र कसैलाई अन्धो, कसैलाई बोल्ने कसैलाई लाटो र कसैलाई अपाँग, फेरि ती सबैलाई बोल्ने शक्ति दिएर सबैसित सोधेः के म तिमीहरूको रब्ब होइन? अतः सबैले उनी रब्ब भएको कुरा स्वीकार गरे। त्यसपछि तिनी सबैसित यस कुराको वचन लिए कि म बाहेक कसैलाई हाकिम र मालिक नमान्नु र म बाहेक कसैलाई पूज्य नठान्नु र तिनी सबैले यो बचन पनि दिए। अनि अल्लाहले आदम (अ०)लाई, सात आकाश र सात धरतीहरूलाई साक्षी बनाए र भने किः तिम्रा यस वचनलाई याद र स्मरण गराउनका लागि सन्देष्टाहरू आफ्नो साथमा आकाशीय ग्रन्थ लिएर आउने छन्। अनादिकाल (परापूर्वकाल) मा प्रत्येक व्यक्ति एक्ला एक्लै तौहीद अनुमोदन र शिर्कबाट इन्कार गरी आएका छन्। त्यसैले गर्दा शिर्क गर्नुमा कसैलाई प्रमाण स्वरूप पेश नगर्नु - - - न पीर र फकीरलाई, न पिता पूर्वजलाई, न राजालाई, न मौलवीलाई र न त महापुरुषलाई।

### भूललाई कारण बनाउनु मिल्दैन

यदि कसैले यो सोच्दछ कि दुनियामा आएर हामीलाई त्यो वचन याद रहेनछ, अब यदि हामी शिर्क गर्‍यौं भने हामीलाई सजाय हुँदैन किनकि भूलचूकमा पक्राउ हुँदैन। त यसको उत्तर यो हो कि मानिसलाई धेरैजसो कुरा याद रहदैन, तर विश्वासिलो मान्छेले याद गराएमा विश्वास भइहाल्दछ। जस्तैः कसैलाई आफ्नो जन्म मिति थाहा छैन भने अरु कसैबाट सुनेर भन्दछ कि मेरो जन्म

मिति यो सम्बत, यो दिन र यो समय हो । अरूबाट सुनेर नै आमा बुवालाई चिन्न थाल्छ, अरू कसैलाई आमा मान्दैन । यदि कसैले आफ्नो आमाको हक अदा नगरी अन्य कसैलाई आमा भन्छ भने पुरै संसार त्यसलाई नराम्रो भनी थुक्न थाल्छ, यदि त्यसले यो जवाफ दिन्छ किः हो, सुन्नुहोस्! मलाई त आफनो जन्म याद छैन कि म त्यसलाई आमा मानूँ, तिमी बिना कारण मलाई नराम्रो भनिरहेका छौ, भने सबैले त्यसलाई तल्लो दर्जाको मूर्ख र महा अशिष्ट ठान्न थाल्छन् । थाहा पाइयो कि जब जनसमूदाय मार्फत मान्छेलाई कतिपय कुरामा विश्वास हुन्छ भने नबीहरूको त पद नै महान छ, उनीहरूले बताउँदा किन विश्वास हुँदैन?

## रसूल र आकाशीय ग्रन्थहरूको मौलिक शिक्षा

थाहा पाइयो कि तौहीदलाई रोज्नु र शिर्कबाट बच्नको आग्रह आत्मलोकमा एक एक गरी सबैलाई गरिदिइएको छ, सम्पूर्ण सन्देष्टाहरूलाई त्यसैको स्मरण र त्यसै वचनको नवीकरणका लागि पठाइयो । एक लाख चौबीस हजार पैगम्बरहरूको उच्च स्तरीय फरमान र एक सय चारओटा[1] ईश्वरीय ग्रन्थहरूको मौलिक शिक्षा यसै एक बिन्दुमा केन्द्रित छ किः सावधान! तौहीदमा त्रुटि आउन नदिनु र शिर्कको नजिक पनि नजानु, अल्लाह बाहेक कसैलाई मालिक र शासक नमान्नु, न त अल्लाह बाहेक कसैलाई दाता ठान्नु कि त्यसैसित आफ्नो मनोकामना सफलताको प्रार्थना गर्नु र त्यसकहाँ मनोकामना लिएर आउनु ।

निम्नलिखित हदीसको ज्ञान भइसकेपछि त कुनै पनि हालतमा शिर्कको आशय ठाउँ रहदैन ।

عَنْ مُعَاذُ بْنُ جَبَل رَضِيَ الله عَنْهُ قَالَ قَالَ لِيّ رَسُولُ اللَّهِ صَلَّى اللَّهُ عَلَيْهِ وَسَلَّمَ: «**لَا تُشْرِكْ بِاللَّهِ شَيْئًا وَإِنْ قُتِلْتَ وَحُرِّقْتَ**». (مسند أحمد٥/٢٣٨)

(१) “इब्ने हिब्बान”को हदीसमा यो सँख्या बयान गरिएको छ, तर त्यस हदीसलाई हदीसविद्‌हरूले “जईफ र मौज़ूअ” भनेका छन् ।

अर्थः मुआज बिन् जबल रजियल्लाहु अन्हुको वर्णन छ किः रसूल ﷺ ले मलाई भन्नु भयो किः अल्लाहसँग कसैलाई साझी नगराउनु, चाहे तिमीलाई मारिदिइयोस् वा जलाई दिइयोस् । (मुस्नद अहमद ५/२३८)

अर्थात अल्लाह बाहेक कसैलाई आफ्नो पूज्य नमान र यस कुराको चिन्ता नगर कि कुनै जिन्नात वा भूतप्रेतले तिमीलाई सताउँछ । जुन प्रकार मुसलमानलाई प्रत्यक्ष समस्याहरू आइपरेमा सन्तोष गर्नुपर्ने हुन्छ र तिनको डरले आफ्नो ईमान बिगार्नु हुँदैन, त्यसै प्रकार अप्रत्यक्ष समस्याहरूमा पनि (भूतप्रेतले दिने दुःखमा पनि) सन्तोष गर्नुपर्ने हुन्छ यो मानेर कि वास्तवमा हरेक कुरा चाहे दुःख होस् वा आराम अल्लाहकै हातमा छ । अल्लाहले कहिलेकाहीं ईमानवालाहरूको परिक्षा लिन्छन्, मोमिनलाई त्यसको ईमान अनुसार नै परिक्षा लिइन्छ । कहिले दुष्टहरूद्वारा सज्जन सुकर्मीहरूलाई दुःख दिइन्छ ताकि निःस्वार्थी र कप्टीहरू बीच अन्तर प्रष्ट भइहालोहोस् । अतः हेर्दाखेरि जुन प्रकार सज्जनहरूलाई दुष्टबाट र मुसलमानलाई काफिरहरूबाट अल्लाहको चाहनाले दुःख पुग्दछ र तिनी सन्तोष गर्दछन्, दुखहरूबाट आत्तिएर ईमान बिगार्दैनन् । यसै प्रकार कहिलेकाहीं पुण्यकारीहरूलाई जिन्नात र भूतप्रेतहरूबाट अल्लाहको चाहनाले दुख पुग्दछ । अतः यस अवस्थामा सन्तोष गर्नु पर्छ र दुखको सम्भावनाले तिनीलाई कदापि मान्नु हुँदैन । थाहा पाइयो कि यदि कुनै व्यक्ति शिर्कबाट घृणित भएर अल्लाह बाहेक अन्यलाई छाडिदिन्छ, तिनको भोग प्रसादको निन्दा गर्छ र गलत रीतिरिवाजलाई मान्दैन, अनि यस प्रक्रियामा त्यसलाई कुनै ज्यान मालको हानिनोक्सानी हुन्छ वा कोही शैतान त्यसलाई कुनै पीर र शहीदको नामले सताउन थाल्छ भने त्यसले यो बुझोस् कि अल्लाहले मेरो ईमानको परिक्षा लिरहेका छन् । यसले गर्दा त्यसलाई हाँसिखुशी सहन गर्नु पर्छ। याद राख्नुहोस्! जुन प्रकार अल्लाहले अत्याचारीहरूलाई छूट दिएर समात्छन् र उत्पीड़ितलाई तिनको अत्याचारबाट मुक्ति दिन्छन् त्यसै प्रकार

अत्याचारी जिन्नातलाई समयमा समत्नेछ र तौहीदका पालन गर्नेहरूलाई तिनको अत्याचारबाट मुक्ति प्रदान गर्नेछन् ।

عَنِ ابْنِ مَسْعُوْدٍ رضي الله عنه قَالَ: قَالَ رَجُلٌ: يَا رَسُولَ اللَّهِ أَيُّ الذَّنْبِ أَكْبَرُ عِنْدَ اللَّهِ قَالَ: «**أَنْ تَدْعُوَ لِلَّهِ نِدًّا وَهُوَ خَلَقَكَ**». (متفق عليه)

अर्थः इब्ने मस्ऊद रजियल्लाहु अन्हुको वर्णन छ कि एक व्यक्तिले सोधे हे अल्लाहको रसूल ﷺ! सबभन्दा ठूलो पाप के हो? भन्नु भयो किः तिमी कसैलाई अल्लाहको बराबर मानेर पुकार्नु, जब कि उनै (अल्लाह)ले तिमीलाई पैदा गरेका छन् । (बुखारी, मुस्लिम)

अर्थात जुन प्रकार अल्लाहलाई (उनको शक्ति र ज्ञानको आधारले) उपस्थित र देखनेवाला मानिन्छ र ब्रह्माण्डको शासन उनैको अधिकारमा बताइन्छ, यसै कारण हरेक समस्या परेको बेला उनैलाई पुकारिन्छ । सो जस्तै अल्लाह बाहेकलाई त्यसै विशेषताको पात्र मानेर पुकार्नु महापाप हो । किनकि कुनै वस्तु र सृष्टिमा कसैको मनोकामना पुरा गर्ने, हरेक ठाउँमा उपस्थित र देखिरहने शक्ति र क्षमता छैन । यस बाहेक जब हाम्रो सृष्टिकर्ता अल्लाह हुन् भने हामीलाई आफ्नो समस्याको बेला उनैलाई पुकार्नु पर्छ । कसै अरुसित हामीलाई के मतलब? जस्तै कोही व्यक्ति कुनै राजाको गुलाम हो भने त्यसले आफ्नो हरेक आवश्यकता राजानेर नै राख्ने छ, त्यसलाई अन्य राजाहरूसित के मतलब? कुनै चप्रासी या साधारण मानिसको त कुरै छाडदिनु! र यहाँ त कोही अरू छदैछैन, जो अल्लाहको तुलनामा होस्, अनि अन्यकहाँ आवश्यकता राख्नु मूर्खता होइन भने अरु के हो त?

## तौहीद र क्षमा

عَنْ أَنَسِ بْنِ مَالِكٍ رضي الله عنه، قَالَ: قَالَ رَسُولُ اللهِ صَلَّى اللهُ عَلَيْهِ وَسَلَّمَ: «**قَالَ اللَّهُ تَعَالَى: يَا ابْنَ آدَمَ! إِنَّكَ لَوْ أَتَيْتَنِي بِقُرَابِ الأَرْضِ خَطَايَا ثُمَّ لَقِيتَنِي لا تُشْرِكُ بِي شَيْئًا لأَتَيْتُكَ بِقُرَابِهَا مَغْفِرَةً**». (الترمذي، وصححه الألباني)

अर्थः "अनस् रजियल्लाहु अन्हुको वर्णन छ, रसूल सल्लल्लाहु अलैहि वसल्लमले भन्नु भयो किः अल्लाहले भनेका छन् हे आदमको सन्तान! यदि तिमी संसारभरीको बराबर पाप लिएर मसित भेटछौ, तर मेरो साथमा कुनै चीजलाई साझेदार ठहराएका छैनौ, भने संसारभरीको क्षमा र माफीको साथ मैले तिमीलाई भेटने छु ।" (तिर्मिजी) हदीसविद् शैख अल्बानीले यस हदीसलाई "सही" भन्नु भएको छ । (अनुवादक)

अर्थात संसारमा अति ठूला ठूला पापीहरू बितेका छन्, जसमध्ये फिर्औन र हामान आदि पनि थिए र शैतान पनि यस संसारमा छ । यी सम्पूर्ण पापीहरूसित संसारमा जति पाप भए र महाप्रलयसम्म हुनेछन्, मानौं यदि एक व्यक्ति गरिहाल्यो, तर शिर्क गरेको छैन, भने जतिको संख्यामा त्यसका पापहरू छन्, त्यतिकै संख्यामा त्यसमाथि अल्लाहको दया र क्षमा अवतरित भइहाल्नेछ । थाहा भयो कि तौहीदको बर्कतले र उन्नतिले गर्दा सम्पूर्ण पापहरू क्षमा र माफ गरिदिइन्छन् [1], जुन प्रकार शिर्कको दोषले गर्दा सम्पूर्ण पुण्यकार्य बर्बाद पारिदइन्छन् । वास्तविकता पनि यही हो कि जब मानिस शिर्कबाट पूर्णरूपले पवित्र र चोखो हुन्छ र यो आस्था राख्दछ कि अल्लाह बाहेक कोही मालिक छैन, उनको राज्यबाट भागेर कतै जाने ठाउँ छैन । अल्लाहका अवज्ञाकारीहरूलाई कोही शरण दिनेवाला छैन, उसको अगाडि सबै विवश छन्, उसको आदेश कसैले हटाउन सक्दैन, उसको अगाडि कसैको सहयोग काम आउँदिन र अल्लाहको अनुमति बिना कसैले कसैको सिफारिस गर्न सक्ने छैन । यी आस्था

(१) हदीसको तातपर्य यो रहेको छ कि शिर्कको घृणता र दोष स्पष्ट भइहालोस् । यसबाट यो नबुझ्नुहोला कि शिर्कबाट जोगिए पछि अन्य पाप गर्नाले कुनै फरक पर्दैन बरु पापहरूको माफी सम्बन्धित शरीअत (शास्त्र) को सामान्य कानून अगाडि राख्नुहोला । प्रायश्चित र माफी नगरि शिर्क माफ हुनसक्दैन।

राखेपछि मानिसबाट जति पनि पाप भूल चुकले हुन्छ वा त मानिस हुनाले गर्दा गरिहाल्छ । अनि ती पापहरूको भार मुनि त्यो च्यापिदै गइरहेको अति दुखि हुनेछ, लाज र पछुतोले सिर उठाउन सक्नेछैन । निःसन्देह यस्तो व्यक्तिमाथि ईश्वरीय दया अवतरित हुँदोरहेछ । जसै-जसै यो पाप बढ्दै जानेछन् तसै-तसै त्यसको पछुतोको गुणस्तर बढ्दै जानेछ। र जब जब यो गुणस्तर बढ्नेछ अल्लाहको दया बढ्दै जानेछ। यो बिन्दु याद राख्नुस कि जुन व्यक्ति तौहीदको पाको हुन्छ, त्यसको पापले पनि त्यो काम गर्दछ जो अर्काको उपासनाले पनि गर्दैन । एउटा तौहीदवाला पापी, संयमी मुश्रिकभन्दा हजार गुणा राम्रो हुन्छ, जस्तैः एउटा कुनै व्यक्तिप्रति दोषी, विद्रोही चाप्लोसभन्दा हजार गुना राम्रो हुन्छ। किनकि पहिलोले आफ्नो गल्तीप्रति लज्जित छ र अर्को घमण्डी ।

# चौथो खण्ड

## ज्ञानमा शिर्कको खण्डन

अल्लाहको फरमान छः

﴿وَعِندَهُۥ مَفَاتِحُ ٱلْغَيْبِ لَا يَعْلَمُهَآ إِلَّا هُوَ ۚ وَيَعْلَمُ مَا فِى ٱلْبَرِّ وَٱلْبَحْرِ ۚ وَمَا تَسْقُطُ مِن وَرَقَةٍ إِلَّا يَعْلَمُهَا وَلَا حَبَّةٍ فِى ظُلُمَٰتِ ٱلْأَرْضِ وَلَا رَطْبٍ وَلَا يَابِسٍ إِلَّا فِى كِتَٰبٍ مُّبِينٍ﴾ الأنعام: ٥٩

अर्थः र अदृश्य कुराको साँचो अल्लाहसँग नै छ जसको बारेमा उनी बाहेक अरु कसैलाई थाहा छैन र जे जति पृथ्वी र समुन्द्रमा छन् उनैलाई त्यसको ज्ञान छ, एउटा पात झर्दा पनि उनलाई थाहा हुन्छ र पृथ्वीको अँध्यारोमा कुनैदाना उनको जानकारी बिना झर्दैन। कुनै हरियो र सुकेको कुरा जे-जति छन् सबै स्पष्ट रूपले किताबमा (लौहेमहफूजमा) छन्। (सूरः अन्आम ६, ५९)

अर्थात अल्लाहले दृश्य कुराहरूलाई थाहा गर्नका लागि मानिसलाई केही कुराहरू प्रदान गरेका छन्, उदाहरण स्वरूपः देख्नको लागि आँखा, सुन्नको लागि कान, सुँघ्नको लागि नाक, स्वाद चाख्नको लागि जिब्रो, समात्न र खोज्नको लागि हात र बुझ्नको लागि बुद्धि। अनि यी कुराहरू मानिसको नियन्त्रण र अधिकारमा गर्दिएका छन्, कि जब चाहोस् तिनलाई प्रयोग गरोस्। जस्तै आँखाले देख्न चाह्यो आँखा खोलिदियो, चाहेन बन्द गरिलियो। यसै जस्तो प्रत्येक अँगलाई बुझिहाल्नुस्। मानिसलाई दृश्य कुराहरूलाई थाहा गर्ने साँचो प्रदान गरिदिएका छन्। जस्तै ताला खोल्नु वा नखोल्नु साँचो राख्ने व्यक्तिकै अधिकारमा छ, यसै प्रकार दृश्य कुराहरूलाई थाहा गर्नु मानिसको अधिकारमा छ, चाहे थाहा गरोस् वा नगरोस्।

## अदृश्य कुराको ज्ञान अल्लाहलाई मात्र छ

त्यसको विपरीत अदृश्य कुराको जानकारी मानिसको अधिकारभन्दा बाहिर छ । यसको साँचो अल्लाहले आफूसँग राखेका छन् । कुनै महान मनुष्य वा निकटतम फरिश्तालाई पनि अदृश्यको कुरो थाहा गर्ने अधिकार दिइएको छैन कि चाहने बित्तिकै आफ्नो इच्छा अनुसार अदृश्य कुराको जानकारी प्राप्त गरिहालून् र नचाहेमा नगरून् । बरु अल्लाहले आफ्नो इच्छा अनुसार कहिले कसैलाई अदृश्य कुरा बताउन चाहन्छन् भने बताइदिन्छन् । यो अदृश्य कुरो बताउनु अल्लाहको चाहनामा निर्भर छ, कसैको इच्छामाथि होइन । अल्लाहको रसूल ﷺ सँग बारम्बार यस्तो घटना घट्यो कि उहाँलाई कुनै कुराको जानकारी लिने इच्छा भयो तर त्यो कुरो उहाँलाई थाहा हुनसकेन। फेरि जब अल्लाहले चाहए तुरुन्तै बताइयो । नबी ﷺ को युगमा मुनाफिकहरू (कप्टीचारी) ले उम्मुल् मुमिनीन आइशा रजियल्लाहु अन्हामाथि आरोप लगाए, यस आरोपबाट उहाँ ﷺ लाई अति दुख भयो । उहाँले कयौं दिनसम्म सत्य तथ्यको पत्ता लगाउने प्रयास गर्नु भयो तर केही पनि पत्ता लाग्न सकेन । फेरि जब अल्लाहले चाहए भने ईश्वाणी गरेर बताइदिए कि मुनाफिक (कप्टीहरू) झूठो छन्, आइशा रजियल्लहु अन्हा पवित्र छिन् । अब एउटा तौहीद वाला मुस्लिमलाई यो आस्था राख्नु जरूरी छ कि अल्लाहले अदृश्य (गैब) कुराहरूको साँचो आफूसँग नै राखेका छन्, त्यसको ज्ञान कसैलाई पनि दिएका छैनन्, उनले आफै आफ्नो हातले साँचोबाट ताला खोलेर जसलाई चाहन्छन् र जति चाहन्छन् दिदिन्छन्, उनको हात कसैले समात्न सक्दैन ।

## अदृश्य ज्ञानको दावी गर्नेवाला झूठो

यसबाट यो थाहा पाइयो, जसले यो दावी गर्छ कि "मलाई यस्तो ज्ञान आउँछ जसको माध्यमले अदृश्यको ज्ञान प्राप्त गरिहाल्दछु तथा विगत र भविष्यका कुराहरू बताउन सक्दछु" त्यो झूठो

हो र उसले आफूमा ईश्वरीय विशेषता भएको दावी गर्दछ। यदि कुनै नबी, वली, जिन्न, फरिश्ता, इमाम, महापुरुष, पीर, शहीद, ज्योतिषी, भविष्यवक्ता, पण्डित, भूतप्रेत वा परीहरूलाई यस्तो गुणको पात्र मानिन्छ भने मान्नेवाला मुश्रिक हुन्छ र माथि उल्लेखित आयतको इन्कार गर्दछ। संयोगले यदि कुनै ज्योतिषी आदिको कुरो सही भएतापनि त्यसले गर्दा तिनलाई अदृश्य कुराको ज्ञान छ भन्ने कुरो सिद्ध हुँदैन, किनकि अधिकांश तिनको कुरो गलत नै हुन्छन्। थाहा भयो कि अदृश्यको ज्ञान तिनको अधिकारको कुरो होइन, अनुमान कहिले गलत र कहिले सही पनि हुन्छ ज्योतिष र हस्तरेखा तथा कुरआनबाट राशिफल निकाल्नुको अवस्था पनि यही रहेको छ। तर वह्य (ईश्वरीय वाणी) कहिल्यै पनि गलत हुँदैन र यो कुरो तिनीहरूको अधिकारमा छैन। अल्लाहले आफ्नो इच्छा अनुसार जे चाहन्छन् बताइदिन्छन्, अरू कसैको इच्छामा वह्य (ईश्वरीयवाणी) निर्भर छैन। अल्लाहले भनेका छन्ः

﴿ قُل لَّا يَعۡلَمُ مَن فِي ٱلسَّمَٰوَٰتِ وَٱلۡأَرۡضِ ٱلۡغَيۡبَ إِلَّا ٱللَّهُۚ وَمَا يَشۡعُرُونَ أَيَّانَ يُبۡعَثُونَ ﴾ النمل: ٦٥

अर्थः भनिदिनुस कि जो आकाशहरू र धरतीमा छन्, अल्लाह बाहेक कोही अन्तरयामी छैन उनीहरू त यो पनि जान्दैनन् कि कहिले उठाइनेछन्। (सूरः नम्ल२७, ६५)

भन्नाले अदृश्य (गैब) लाई जान्नु कसैको वशको कुरो होइन चाहे जति महान व्यक्ति वा फरिश्ता नै किन नहोस्। जसको प्रमाण यो हो कि सबैलाई थाहा छः कयामत (महाप्रलय) आउँछ, तर यो कसैलाई थाहा छैन कि कहिले आउँछ? यदि हरेक कुरा पता लगाउनु तिनीको वशमा भएको भए कयामत कायम हुने तिथि पनि पत्ता लगाइ हाल्थे।

## अदृश्य (गैबका) कुराहरू

﴿ إِنَّ ٱللَّهَ عِندَهُۥ عِلۡمُ ٱلسَّاعَةِ وَيُنَزِّلُ ٱلۡغَيۡثَ وَيَعۡلَمُ مَا فِي ٱلۡأَرۡحَامِۖ وَمَا تَدۡرِي نَفۡسٞ مَّاذَا تَكۡسِبُ غَدٗاۖ وَمَا تَدۡرِي نَفۡسُۢ بِأَيِّ أَرۡضٖ تَمُوتُۚ إِنَّ ٱللَّهَ عَلِيمٌ خَبِيرُۢ ﴾ لقمان: ٣٤

अर्थः निःसन्देह कयामत (महाप्रलय) को ज्ञान अल्लाहलाई नै छ। र उनैले जल वृष्टि गराउँछन् र उनैले गर्भासयहरूमा भएको कुरा जान्दछन् (अर्थात पुलिंग छ कि स्त्रीलिंग)। र कुनै व्यक्तिलाई थाहा छैन कि भोली उसले के गर्नेछ। र कुनै मानिसलाई थाहा छैन कि कुन भु-भागमा उसको मृत्यु हुनेछ। (याद राख) अल्लाह नै सबै जान्नेवाला, र प्रत्येक कुरोसित अवगत छन्। (सूरः लुक्मान३१⁄ ३४)

अर्थात गैब (अदृश्य)का कुराहरूको ज्ञान अल्लाहलाई नै छ, उनी बाहेक कोही अदृश्य ज्ञानी छैन। तसर्थ कयामतको सूचना पनि, जसको हुनु सबैमा प्रसिद्ध र निश्चित छ, कसैलाई थाहा छैन कि कहिले आउँछ? फेरि अरू अन्यको विषयमा के कुरा गर्नु, जस्तै विजयी र पराजित, स्वस्थ र रोगी र यसैप्र-कार अन्य कुराहरूको ज्ञान कसैलाई पनि छैन। यी कुराहरू न कयामत जस्तै प्रसिद्ध छन् न त निश्चित छन्। यसै प्रकार वर्षाको कसैलाई खबर हुँदैन कि कहिले हुन्छ? जबकि मौसम पनि निर्धारित छ र प्रायः त्यस मौसममा वर्षा पनि हुन्छ र अधिकाशंलाई यसको इच्छा पनि हुन्छ। यदि त्यसको समय कुनै तरिकाले थाहा हुन सक्थ्यो भने कसै न कसैलाई अवश्य थाहा भइहाल्थ्यो। अनि जुन कुराहरू बिना मौसमको छन् र तिनीसँग सबैको इच्छा पनि सम्बन्धित छैन, जस्तै कसैको मृत्यु र जीवन, सन्तान पाउनु वा नपाउनु, धनवान वा गरीब हुनु, विजयी वा पराजित हुनु, यी कुराहरूको विषयमा कसरी थाहा हुन सक्दछ? गर्भमा भएको बच्चालाई कसैले जान्दैन[1] कि एक छ वा एकभन्दा बढि, पुरुषजाति हो कि महिलाजाति, पूर्ण छ कि अपूर्ण र सून्दर छ कि कुरूप? जबकि वैज्ञानीकहरूले यी सबै कुराको कारण बताउँदछन्, तर विशेषरूपले कसैको अवस्था थाहा हुँदैन। अतः

(१) नयाँ चिकित्सा विज्ञानले पनि त्यसबेला मात्र बच्चाको लिंगको अनुमान गर्न सक्दछ जब त्यो जन्मको अन्तिम चरणमा (आत्मा हालिसके पछि) हुन्छ।

कसैले मानिसभित्रको अवस्थालाई कसरी थाहा गर्न सक्छ? जस्तैः सिद्धान्त, विचार, निधो, ईमान र निफाक (कप्टी) को अवस्था! जब स्वयं कसैलाई यो थाहा छैन कि त्यसले भोलि के गर्नेछ भने त्यसले अर्काको अवस्था कसरी जान्न सक्दछ? मानिसलाई जब आफ्नो मर्नेठाउँको ज्ञान हुँदैन भने त्यसले अरूको मर्ने दिन वा समय कसरी जान्न सक्छ? हरेक अवस्थामा अल्लाह बाहेक कसैले पनि आगामीका कुराहरू आफै जान्दैन। यसबाट थाहा भयो कि अन्तरयामी र अदृश्य ज्ञानीको दावी गर्नेहरू सबै झूठो हुन्। ज्योतिषी, हस्तरेखा, भविष्यवक्ता,राषिफल निकाल्ने सबै झूठो र शैतानी जाल हुन्। मुसलमानलाई यी कुराहरूमा कहिले पनि विश्वास गर्नु हुँदैन। यदि कुनै व्यक्ति अदृश्यज्ञानी हुनुको दावी गर्छ, अदृश्यको कुरा थाहा गर्ने शक्तिको पनि दावी गर्छ र यो पनि भन्छ कि अल्लाहले जुन कुरा मलाई बताएका छन्, त्यो मेरो अधिकारमा थिएन कि जबसुकै चाहेमा म पत्ता लगाइहालुँ, भने यसमा दुइटै सम्भावाना छन् त्यो सच्चा पनि हुनसक्छ र झूठो पनि हुन सक्छ।

## अल्लाह बाहेक कसैलाई नपुकार्नु

﴿ وَمَنْ أَضَلُّ مِمَّن يَدْعُوا۟ مِن دُونِ ٱللَّهِ مَن لَّا يَسْتَجِيبُ لَهُۥٓ إِلَىٰ يَوْمِ ٱلْقِيَٰمَةِ وَهُمْ عَن دُعَآئِهِمْ غَٰفِلُونَ ﴾ الأحقاف: ٥

अर्थः त्यस व्यक्तिभन्दा बढी पथभ्रष्ट को होला? जसले अल्लाहलाई छाडि यस्तालाई पुकार्दछन् जसले कयामतको दिनसम्म उनीहरूको प्रार्थनालाई स्वीकार गर्न सक्दैन, बरु उनीहरूको पुकारबाट एकदम अज्ञान छन्। (सूरः अहक़ाफ ४६, ३४)

अर्थात मुश्रिकहरू एकदम तल्लोस्तरका मूर्ख हुन् किनकि तिनीहरू अल्लाह जस्तो शक्तिशाली र सर्वज्ञानीलाई छाडेर अन्यलाई पुकार्दछन्, जो न तिनको पुकार सुन्दछन् न त तिनीहरूमा कुनै कुराको वश र शक्ति छ। यदि यिनीहरू कयामतसम्म पुकार्दै

गरुन् तैपनि तिनीहरू केही गर्न सक्दैनन्। थाहा पाइयो कि जसले महापुरुषहरू (बुज्रुग) लाई टाढाबाट पुकार्दछन् र मात्र यो भन्ने गर्दछन् किः "या हज़रत! हजुरले दुआ गरिदिनुस् कि अल्लाह हाम्रो आवश्यकता पूर्ण गरिदेउन्"। शायद यसकारण तिनीहरू यसलाई शिर्क मान्दैनन् कि आवश्यकता पुरा गर्ने प्रार्थना त अल्लाहसित नै गरिएको छ। तर यो पनि शिर्क हो। अनुपस्थित व्यक्तिलाई पुकार्नाले शिर्क भयो, किनकि उनको बारेमा यो विश्वास राखियो कि उनी नजिक र टाढा जहाँबाट भएपनि सुन्दछन्। जबकि यो विशेषता र स्थान मात्र अल्लाहलाई प्राप्त छ। उपरोक्त आयतमा अल्लाहले भनेका छन् कि तिनीरू उनीहरूको पुकारबाट एकदम अज्ञात छन्, पुकार्नेवालाको पुकारलाई सुन्दै सुन्दैनन्, चाहे त्यो कयामतसम्म पुकार्दै गरोस्।

## हानि र लाभको मालिक मात्र अल्लाह हुन्

﴿قُل لَّآ أَمۡلِكُ لِنَفۡسِي نَفۡعٗا وَلَا ضَرًّا إِلَّا مَا شَآءَ ٱللَّهُۚ وَلَوۡ كُنتُ أَعۡلَمُ ٱلۡغَيۡبَ لَٱسۡتَكۡثَرۡتُ مِنَ ٱلۡخَيۡرِ وَمَا مَسَّنِيَ ٱلسُّوٓءُۚ إِنۡ أَنَا۠ إِلَّا نَذِيرٞ وَبَشِيرٞ لِّقَوۡمٖ يُؤۡمِنُونَ﴾

الأعراف: ١٨٨

अर्थः (हे पैगम्बर) भनिदिनुस् मसंग आफ्नो लागि पनि कुनै लाभको अधिकार छैन, र न कुनै हानिको, तर त्यति मात्र जति अल्लाहले चाहेका हुन्छन् र यदि अदृश्यका कुरा म जान्ने भए, मैले धेरै नाफा प्राप्त गरिहाल्थे र मलाई कुनै नोक्सानी हुने थिएन। म त मात्र सचेत गराउने र शुभ समाचार दिनेवाला हुँ, त्यस्ता मानिसहरूलाई जसले ईमान ल्याएका छन्। (सूरः आराफ ७, १८८)

अर्थात इस्लामको पैगम्बर नबी ﷺ सम्पूर्ण नबीहरूका सरदार हुन्, उहाँबाट ठूला ठूला चमत्कारहरू प्रकट भए। जनसमुदायले उहाँबाट धेरै कुराहरू सिखे, उहाँको पद्धतिमा हिंड्नाले महानता प्राप्त भयो। अल्लाहले उहाँसित नै भने कि सबैलाई आफ्नो

शक्ति अवस्था बताइदिनुस् किः “मलाई न कुनै शक्ति प्राप्त छ न त अन्तरयामी छु। मेरो शक्तिको अनुमान यसैबाट गर्नुस् कि म आफ्नो निम्ति पनि हानि र लाभको मालिक छैन, अनि अर्कालाई के को लाभ र हानी पुऱ्याउन सक्छु। यदि म अन्तरयामी भएको भए कर्मभन्दा अघि नै त्यसको परिणाम थाहा गरिहाल्थे, यदि त्यस कामको परिणाम नराम्रो हुन्छ भन्ने कुरा थाहा हुन्थ्यो भने त्यसमा कहिले हात हाल्दैन्थे। अदृश्यको ज्ञान अल्लाहको प्रतिष्ठा र विशेषता हो र म चाहिं पैगम्बर हुँ, पैगम्बरको दायित्व मात्र यति हुन्छ कि त्यसले दुष्कर्मको परिणामबाट अवगत गराओस् र पुण्यकार्यप्रति शुभसूचना देओस्। यो कुरो पनि मात्र त्यसलाई फाइदा दिन्छ जसको मनमा विश्वास होस् र मनमा विश्वास उत्पन्न गर्नु अल्लाहकै काम हो।

## नबीहरूको मूल काम र मिसन

थाहा पाइयो कि नबी र वलीहरूको यही अभिवादन रहेकोछ कि उनीहरू अल्लाहको बाटो देखाउँछन्। जुन राम्रो र नराम्रो कामबाट अवगत छन् त्यसको बारेमा अरुलाई सचेत गर्दछन्। अल्लाहले उनीहरूको प्रचार प्रसारलाई प्रभावित बनाएका छन्, अनि उनीहरूको प्रचार प्रसारले गर्दा धेरैजसो सत्य बाटोलाई रोज्दछन्। यो कुनै महानता होइन कि उनलाई संसारमा जे चाहन्छन् गर्छन् भन्ने कुराको शक्ति प्रदान गरिएकोहोस् कि जसलाई चाहुन् मृत्यु देउन् वा छोरा छोरी प्रदान गरुन् वा आएको संकटलाई हटाइदेउन् वा मनोकामना पुरा गरुन् वा विजयी र पराजित गराउन वा धनवान बनाइदेउन् वा दरिद्र र गरीब बनाइदेउन् वा कसैलाई राजा र कसैलाई भिच्छुक बनाइदेउन् वा कसैलाई राजा वा मन्त्री र कसैलाई गरीब र चप्रासी बनाइदेउन्। कसैको मनमा ईमान निहित गरिदेउन् वा कसैसित ईमान खोसिहालुन्। कुनै रोगीलाई सन्चो वा सन्चोलाई रोगी बनाइदेउन्, यो मात्र अल्लाहको अधिकार र काम हो र

अल्लाह बाहेक हरेक सानो, ठूलो यो काम गर्नमा असमर्थ छन् र असमर्थतामा सबै एक समान छन् ।

### नबीहरू अन्तरयामी होइनन्

यसै प्रकार यो पनि कुनै महानता होइन कि अल्लाह तिनलाई अदृश्य कुराको साँचो दिहालुन्, जुनसुकैबेला चाहेमा कसैको मनको कुरा थाहा गरिहालुन् । वा जुन अदृश्य कुरा चाहुन पत्ता लगाइहालुन् कि फलानो कहाँ सन्तान हुन्छ वा हुँदैन? व्यवसायमा लाभ हुन्छ वा हुँदैन? युद्धमा विजयी प्राप्त हुन्छ वा पराजित हुन्छ? यी कुराहरूबाट सानो ठूलो सबै एकनासगरि अन्जान छन् । अनि जुन प्रकार कुनै कुरो अनुमान वा बुद्धिले त्यतिकै भनिदिइन्छ र सो कुरा त्यस्तै भइहाल्दछ जस्तो कि भनिएको थियो । यसै प्रकार यी महापुरुषले पनि जुन कुरो अनुमान वा बुद्धिले भनदिन्छन् अनि कहिले सांच्चिकै त्यस्तै भइहाल्दछ र कहिले झूठो भइहाल्दछ, तर वह्य (ईश्वरीय वाणी) वा इल्हाम (अल्लाहको तर्फबाट मनमा आएको) कुरा कहिल्यै गलत हुँदैन, तर यो नबीको आफ्नो अधिकारमा हुँदैन ।

### अदृश्य ज्ञान सम्बन्धित नबी ﷺ को फरमान

عَنْ الرُّبَيِّعِ بِنْتُ مُعَوِّذ بْنِ عَفْرَاءَ رَضِيَ اللَّهُ عَنْهَا قَالَتْ: جَاءَ النَّبِيُّ صَلَّى اللَّهُ عَلَيْهِ وَسَلَّمَ فَدَخَلَ حِينَ بُنِيَ عَلَيَّ فَجَلَسَ عَلَى فِرَاشِي كَمَجْلِسِكَ مِنِّي فَجَعَلَتْ جُوَيْرِيَاتٌ لَنَا يَضْرِبْنَ بِالدُّفِّ وَيَنْدُبْنَ مَنْ قُتِلَ مِنْ آبَائِي يَوْمَ بَدْرٍ إِذْ قَالَتْ إِحْدَاهُنَّ وَفِينَا نَبِيٌّ يَعْلَمُ مَا فِي غَدٍ فَقَالَ: «**دَعِي هَذِهِ وَقُولِي بِالَّذِي كُنْتِ تَقُولِينَ**». (صحيح البخاري, رقم الحديث:٥١٤٧)

अर्थः रुबैयिअ् बिन्ते मोऔविज बिन् अफ्रा(1)को वर्णन छः मेरो

---

(१) अफ्रा, औफ, मोऔविज र मोआज रजियल्लाहु अन्हुमको आमाको नाम हो । अफ्रा रजियल्लाहु अन्हाका छवटा (६) छोरा थिए, र सबै बदर युद्धमा सहभागी भए । तीमध्ये दुइजना बदर युद्धमा शहीद भइसके, तथा मोआज र मोऔविज दुबैले मिलेर अबूजहलको हत्या गरेका थिए ।

(विवाह) विदाइको बेला नबी ﷺ आएर मेरो खाटमा तिमी जस्तै नजिक भएर बस्नु भयो । अनि केही सानातिना बालिकाहरू दुफ (तासा) बजाउँदै बदर युद्धमा शहीद भएकाहरूको गीत गाउन थाले, एउटीले यो भनिन् किः "हाम्रो नबीलाई भोलीको कुरा पनि थाहा छ" त नबी ﷺ ले भन्नु भयो यस (गीत) लाई छाडिदेउ र त्यही भन्ने गर जुन पहिले भन्दैथियौ । (बुखारी, हदीस नं. ५१४७)

अर्थात रुबैयिअ् अन्सारी महिलाको विवाहको बेला वहाँनेर नबी ﷺ आएर बस्नु भयो । बालिकाहरूले गीतमा यो पनि भनिदिए किः "हाम्रो नबीलाई भोलीको कुरा पनि थाहा छ" । रसूल ﷺ ले त्यसलाई मनाही गर्दै भन्नु भयो कि यो कुरा नभन। थाहा पाइयो कि कुनै महानभन्दा महान व्यक्तिको विषयमा पनि यो विश्वास राख्नु हुँदैन कि त्यो अदृश्यज्ञानी छ । कवी र कव्वालहरू अल्लाहको रसूल ﷺ को सराहनामा जुन आकाश र पृथ्वीका तथ्यांकहरू मिलाउने गर्दछन् र भन्दछन् किः "यस्तो अतिश्योक्तिको रूपमा (चढाईबढाई) भनिएको छ" यो पनि गलत हो किनकि नबी ﷺ ले यस प्रकारको कविता वा गीत बालिकाहरूलाई पनि भन्न दिनु भएन भने बुद्धिमान कविलाई यस प्रकारका कविता भन्नु वा सुन्नु कसरी उचित हुन्छ?

## आइशा रजियल्लाहु अन्हाको कथन

عَنْ عَائِشَةَ رَضِيَ اللَّهُ عَنْهَا قَالَتْ: مَنْ أَخْبَرَكَ أَنَّ مُحَمَّدًا ﷺ يَعْلَمُ الْخَمْسَ الَّتِي قَالَ اللَّهُ تَعَالَى: ﴿إِنَّ اللَّهَ عِنْدَهُ عِلْمُ السَّاعَةِ وَيُنَزِّلُ الْغَيْثَ﴾ فَقَدْ أَعْظَمَ الْفِرْيَةَ.

(رواه الترمذي مطولا, كتاب التفسير, تفسير سورة النجم )

अर्थः आइशा रजियल्लाहु अन्हाले भनिन्ः जसले तिमीलाई यो भन्यो कि मुहम्मद ﷺ लाई यी पाँचवटा कुराको ज्ञान थियो, जसको वर्णन अल्लाहले यस आयत ((إن الله عنده علم الساعة)) मा गरेका छन्, त्यसले महा झूठो आरोप लगायो । (तिर्मिजी विस्तृत रूपले, किताबुत्तफ्सीरमा)

अर्थात ती पाँचवटै कुरा सुरह लुक्मानको अन्तिममा छन्, जसको वर्णन पछाडि बिति सक्यो कि सम्पूर्ण अदृश्य (गैब)का कुराहरू ती पाँच कुरा अन्तरगत नै आउँछन् । तसर्थ जसकसैले यो भन्दछ कि उहाँ ﷺ गैब (अदृश्य) का सम्पूर्ण कुराहरू जान्नु हुन्थ्यो, उसले महा झूठो आरोप लगायो । अदृश्य (गैब) लाई त अल्लाह बाहेक कसैले पनि जान्दै जान्दैन।

عَنْ أُمِّ الْعَلَاءِ الأَنْصَارِيَّةِ رَضِيَ اللَّهُ عَنْهَا قَالَتْ: قَالَ رَسُولُ اللهِ صَلَّى اللهُ عَلَيْهِ وَسَلَّمَ: «**وَاللهِ مَا أَدْرِي وَأَنَا رَسُولُ اللهِ مَا يُفْعَلُ بِي وَلَا بِكُمْ**». (البخاري، كتاب التعبير، رقم الحديث ٧٠١٨)

अर्थः उम्मे अला अन्सारियाले भनेकी छिन् किः अल्लाहको रसूल ﷺ ले भन्नु भयोः अल्लाहको कसम मलाई थाहा छैन जबकि म अल्लाहको रसूल हूँ कि मसँग के हुनेछ र तिमीसँग के हुनेछ? (बुखारी, हदीस नं. ७०१८)

अर्थात अल्लाहले मानिसहरूसित दुनियामा वा कब्र (चिहान) मा वा परलोकमा जे व्यवहार गर्नेछन् त्यसको विषयमा कसैलाई पनि थाहा छैन । नबी र वलीलाई, न स्वयं आफ्नो हालत थाहा छ, न त अर्काको हालत थाहा छ । यदि वह्य (ईश्वरवाणी) को माध्यमले कसैलाई यो थाहा भइलोस् कि फलानोको परिणाम राम्रो छ भने यो एउटा सामान्य ज्ञान हो । यसभन्दा अधिक थाहा पार्नु तिनको क्षमता छैन ।

# पाँचौं खण्ड

## शासन अधिकारमा शिर्कको खण्डन

﴿ قُلْ مَنۢ بِيَدِهِۦ مَلَكُوتُ كُلِّ شَىْءٍ وَهُوَ يُجِيرُ وَلَا يُجَارُ عَلَيْهِ إِن كُنتُمْ
تَعْلَمُونَ ﴿٨٨﴾ سَيَقُولُونَ لِلَّهِ ۚ قُلْ فَأَنَّىٰ تُسْحَرُونَ ﴾ المؤمنون: ٨٨ - ٨٩

अर्थः तपाईं सोध्नुस कि तिमी जान्दछौ भने भन कि त्यो को हो जसको हातमा हरेक कुराको आधिपत्य छ र उसले शरण दिन्छ र उसको दाँजोमा कसैले कसैलाई शरण दिन सक्दैन । यही जवाफ दिनेछन्ः कि अल्लाह नै हुन्, भन्नुस् कि त्यसो भए तिमीमाथि जादु कहाँबाट चल्छ? (सूरः मुमिनून २३, ८८-८९)

अर्थात कुनै मुश्रिकसित सोधिन्छ कि यस्तो शान कसको छ, जसको शासन र अधिकारमा हरेक कुरो छ । जे चहाोस् गरोस्, उसको हात समात्नेवाला कोही छैन, कसैले उसको कुरो काट्न सक्दैन । त त्यसले भन्नेछ अल्लाह नै हुन् । त्यसो भए अर्कासित माँग्नु मूर्खता हो । थाहा भयो कि नबीको युगमा पनि सबै यस कुरालाई स्वीकार्दथे कि अल्लाहको बराबर र दाँजो कोही पनि छैन, तर मूर्तिलाई आफ्नो वकील र मध्यस्ता मानेर पूज्दथे र उनीसित माँग्दथे, यसै कारण मुश्रिक भए । आज पनि यस संसारमा यदि कसैले कुनै सृष्टिको शासन र अधिकारलाई स्वीकार गर्छ र त्यसलाई आफ्नो वकील र मध्यस्ता ठानेर त्यसको पूजा गर्छ भने मुश्रिक भइहाल्छ, अल्लाहको बराबर त्यसलाई नमाने पनि र अल्लाहको दाँजोको शक्ति त्यसमा नठाने पनि ।

## हानि र लाभको मालिक मात्र अल्लाह हुन्

﴿ قُلْ إِنِّي لَآ أَمْلِكُ لَكُمْ ضَرًّا وَلَا رَشَدًا ۝٢١ قُلْ إِنِّي لَن يُجِيرَنِي مِنَ ٱللَّهِ أَحَدٌ وَلَنْ أَجِدَ مِن دُونِهِۦ مُلْتَحَدًا ﴾ الجن: ٢١ - ٢٢

अर्थः (हे मुहम्मद ﷺ ) तपाई भनिदिनुस् कि मलाई तिम्रो हकमा नाफा नोक्सानको कुनै अधिकार छैन । भनिदिनुस् कि अल्लाह (को यातना) बाट मलाई कसैले बचाउन सक्दैन र म उस बाहेक अन्य कतै शरणको ठाउँ देख्दिन । (सूरः जिन्न ७२, २१-२२)

भन्नाले तिमीलाई नाफा र नोक्सान पुऱ्याउनु मेरो हातमा छैन । मेरो अनुयायी हुनाले तिमी घमण्डी भएर यो विचार गरी कि हाम्रो पाउ बलियो छ सीमा उल्लँघन नगर्नु । हाम्रो वकील ठूलो र हाम्रो सिफारिशकर्ता अति प्रिय छन्, हामी जे चाहौं गरौं, उनले हामीलाई यातनाबाट बचाइहाल्छन् (यसो नगर) । किनकि म त आफै अल्लाहसित डर्छु र अल्लाह बाहेक कहींपनि शरण देख्दैन, अर्कालाई कसरी बचाउन सक्छु । थाहा भयो जुन व्यक्तिहरूले पीरहरूमाथि भरोसा गरी अल्लाहलाई बिर्सीहाल्दछन् र अवज्ञा गर्दछन्, वास्तविकमा विमुख र पथभ्रष्ट छन् । किनकि नबी ﷺ रातदिन अल्लाहसित डर मान्नेगर्थे र उनको दया बाहेक कहीं पनि आफ्नो शरण देख्दैनथे । भला अरु कसैको त कुरै के गर्नु ?

## अल्लाह बाहेक कोही जीविका प्रदान गर्नेवाला छैन

﴿ وَيَعْبُدُونَ مِن دُونِ ٱللَّهِ مَا لَا يَمْلِكُ لَهُمْ رِزْقًا مِّنَ ٱلسَّمَٰوَٰتِ وَٱلْأَرْضِ شَيْـًٔا وَلَا يَسْتَطِيعُونَ ﴾ النحل: ٧٣

अर्थः तिनीहरूले अल्लाह बाहेक यस्ता कुराहरूको पूजा गर्दछन् जसले तिनीहरूलाई आकाशहरू र धरतीबाट जीविका (खाद्य पदार्थ) प्रदान गर्न अलिकति पनि अधिकार राख्दैनन् र न राख्न सक्दछन् । (सूरः नहल १६ , ७३)

भन्नाले यस्ता कुराहरूलाई अल्लाहको बराबर महत्व दिन्छन् जुन एकदम विवश छन्, जीविका (खाद्य पदार्थ) प्रदान गर्नमा उनीहरूको अलिकति पनि क्षमता छैन, न आकाशबाट वर्षा गराउन सक्छन् न त धरतीबाट अनाज उप्जाउन सक्छन्, तिनीलाई कुनै प्रकारको क्षमता छैन। प्रायः जनमा जो यो कुरो प्रसिद्ध छ किः "महापुरुषहरूलाई संसारमा तल-माथि गर्ने शक्ति त छ तर अल्लाहको फैसिलाप्रति कृतज्ञ छन्, अदबले (आदरले) गर्दा यताउति गर्दैनन्, नत्र चाहे भने ब्रह्माण्डलाई तल-माथि गरिदिन्छन्" यो एकदमै गलत हो। ब्रह्माण्डमा उनलाई न व्यवहारिक अधिकारको क्षमता छ न त सशक्ति अधिकारको, अर्थात तिनीलाई यस प्रकारको अधिकारप्रति कुनै शक्ति र क्षमता नै छैन।

## मात्र अल्लाहलाई नै पुकार्ने गर

﴿ وَلَا تَدْعُ مِن دُونِ ٱللَّهِ مَا لَا يَنفَعُكَ وَلَا يَضُرُّكَ فَإِن فَعَلْتَ فَإِنَّكَ إِذًا مِّنَ ٱلظَّٰلِمِينَ ﴾

يونس: ١٠٦

अर्थः अल्लाहलाई छाडि यस्तो कुनै कुराको उपासना नगर्नु जसले तिम्रो न केही भलो गर्न सकोस् न त केही बिगार्न सकोस्। यदि यस्तो गर्छौ भने अत्याचारीहरू मध्ये हुनेछौ। (सूरः यूनुस १०, १०६)

भन्नाले आदर र महिमावाला अल्लाह हुँदाहुँदै पनि यस्ता असक्षमहरूलाई पुकार्नु, जो लाभ र हानिको मालिक छैनन्, सरासर अत्याचार हो। किनकि सबभन्दा महान अल्लाहको स्थान व्यर्थ र असक्षमहरूलाई दिइरहिएको छ।

﴿ قُلِ ٱدْعُواْ ٱلَّذِينَ زَعَمْتُم مِّن دُونِ ٱللَّهِ لَا يَمْلِكُونَ مِثْقَالَ ذَرَّةٍ فِي ٱلسَّمَٰوَٰتِ وَلَا فِي ٱلْأَرْضِ وَمَا لَهُمْ فِيهِمَا مِن شِرْكٍ وَمَا لَهُۥ مِنْهُم مِّن ظَهِيرٍ ﴿٢٢﴾ وَلَا تَنفَعُ ٱلشَّفَٰعَةُ عِندَهُۥٓ إِلَّا لِمَنْ أَذِنَ لَهُۥ حَتَّىٰٓ إِذَا فُزِّعَ عَن قُلُوبِهِمْ قَالُواْ مَاذَا قَالَ رَبُّكُمْ قَالُواْ ٱلْحَقَّ وَهُوَ ٱلْعَلِيُّ ٱلْكَبِيرُ ﴾ سبأ: ٢٢ - ٢٣

अर्थः (मुहम्मद ﷺ) तपाईं भनिदिनुस् किः अल्लाह बाहेक जस-जसलाई तिमीले (पूज्य) ठान्दछौ, तिनी सबैलाई पुकारेर हेर, तिनीमध्ये कसैलाई आकाशहरू र पृथ्वमिा एउटा कण भरी पनि कुनै कुराको अधिकार छैन र न ती दुबैमा उनको कुनै साझेदारी छ र न उनीहरूमध्ये कुनै उनको सहायक छ। उनीकहाँ कसैको सिफारिश लाग्दैन, किन्तु उनको (सिफारिश) मात्र जसलाई उनले अनुमति दिएका छन्। यहाँसम्म(1) कि जब उनका हृदयहरूबाट घबराहट समाप्त गरिन्छ, त तिनीहरूले सोध्छन्ः कि "तिम्रो पालनकर्ताले के भने?" (फरिश्ताहरूले) जवाफ दिन्छन् किः "सत्य भनेका छन्! र उनी अत्यन्त उच्च र महान छन्रू। (सूरः सबा ३४ ,२२-२३)

## बिना अनुमति सिफारिश हुँदैन

भन्नाले समस्याको बेला कसैसित मद्दत मांग्नु र जोसँग मद्दत मांगेको छ, त्यसले मद्दत गर्नुको विभिन्न रूपहरू छन्। जोसित मद्दत मांगेको छ त्यो स्वयं मालिक होस् वा मालिकको साझेदार होस् वा मालिक माथि त्यसको दबाब होस्, जस्तै राजाले अन्य मन्त्रीहरूको प्रस्ताव मानिहाल्छ। किनकि तिनी राजशासनका सदस्य हुन् र तिनको बेखुशीले गर्दा राज्यको नियम कानून बिग्रिन्छ। वा त्यसले मालिकसित सिफारिश गरोस् र मालिकलाई त्यसको सिफारिश मान्नै पर्दछ, चाहे रुचिले मानोस् वा अरुचिले, जस्तै कि राजालाई रानीहरू वा राजकुमारीहरूसित अति माया हुन्छ र उनीसित माया हुनाले गर्दा उनीको सिफारिश अस्वीकार

(१) तातपर्य यो हो कि सिफारिशकर्ता र जसको लागि सिफारिश गरिनेछ दुबै सिफारिश अनुमतिको प्रतिक्षामा घबराएको थिए। अनि अनुमति पाए पछि एकअर्कालाई सोध्न गर्दथे कि तिम्रो पालनकर्ताले के भने?। यो मनोहर्षित अवस्था हो, जुन अनुमति मिले पछि सबैमाथि हुनेछ। के अनुमति मिलिसक्यो? भनेर ((الحق الإذن بالشفاعة لمن ارتضى)) सत्य यही कि जसलाई अल्लाह चाहन्छन् सिफारिशको अनुमति दिन्छन्। (कश्शाफ)

गर्दैनन् । अब विचार गर्नुस् कि मुश्रिरकहरूले अल्लाहलाई छाडि जुन महापुरुषहरूलाई पुकार्दछन् र उनीसित याचना गर्दछन्, उनी यस ब्रह्माण्डमा न त एउटा लाम्खुट्टेको पखेटाको मालिक हुन्, न त एक कणको साझेदारी छन्, न त ईश्वरीय राजका सदस्य हुन्, न त अल्लाहको सहयोगी र सहायक, कि अल्लाहले उनीको दबाबमा आएर उनको कुरा मानुन् । न त कसैले अल्लाहको अनुमति बिना सिफारिशको लागि मुख खोल्न सक्दछन् कि केही उनीबाट दिलाइदेउन् । बरु अल्लाहकहाँ उनको स्थिति यो रहेको हुन्छ कि उनको आदेशको सामु सबै त्रासिएर अतास र व्याकुल भइहाल्दछन् । सम्मान र डरको कारणले पुनः प्रश्नको पनि हिम्मत हुँदैन, बरु एकअर्कासित सोध्दछन् कि अल्लाहले के भने? पक्का गरेपछि (आमन्ना व सद्दकना) "हामी ईमान ल्यायौं र विश्वास गऱ्यौं" नै भन्नु पर्दछ, आदेशको विरोध वा वकालत र सहयोगको त कुरै कहाँ गर्नु ।

## सिफारिशका प्रकारहरू

यहाँ एउटा कुरा अति महत्वपुर्ण छ यसलाई याद राखियोस् कि आमजनले नबी र वलीहरूको शिफाअत (सिफारिश) प्रति गर्व गर्दछन् र शिफाअतको गलत अर्थ बुझेर अल्लाहलाई बिर्सिसकेका छन् । वास्तवमा शिफाअतको अर्थ सिफारिश हो । संसारमा सिफारिशका विभिन्न रूपहरू छन्, जस्तैः राजाकहाँ चोरको चोरी सिद्ध भएपछि कुनै राज्याधिकारी वा मन्त्रीले त्यसको लागि सिफारिश गरेर त्यसलाई सजायबाट बचाउँछ । राजाले चोरलाई देशको नियम बमोजिम सजाय दिन त चाहन्थ्यो, तर राज्याधिकारीको दबाबमा आएर त्यसलाई छाडदिन्छ । किनकि राज्याधिकारी राज्यको एउटा सदस्य हो र त्यसको कारणले गर्दा देशमा दिनरात विकास भइरहेको छ । राजाले यो विचार गरेर कि यस राज्याधिकारीलाई अप्रसन्न गर्नुहुँदैन, नत्र देशको शासन प्रशासनमा गडबडी उत्पन्न भइहाल्छ र रिस मार्नु नै

उचित छ, यो सोचेर चोरलाई माफ गरिदिन्छ । यस प्रकारको सिफारिशलाई शिफाअते विजाहत (पद सम्मानको सिफारिश) भनिन्छ अर्थात राज्याधिकारीको पद र सम्मानको कारण त्यसको कुरा मानियो ।

## "पद सम्मानको सिफारिश" सम्भव छैन

अल्लाहको अगाडि पद सम्मानको सिफारिश एकदमै असम्भव छ । जसले अल्लाह बाहेक कसैलाई यस प्राकारको सिफारिशकर्ता मान्छ त्यो निश्चित रूपले मुश्रिक र महामूर्ख हो । उसले "इलाह" (उपास्य) को अर्थ बुझेन र महाराजाको स्थान र सम्मान जानेन । त्यस महाराजा (अल्लाह)को त यो शान छ कि यदि चाहे भने "कुन्" (भइहाल) शब्दबाट करोडौं नबी, वली, जिन्नात, फरिश्ता, जिब्रील र मुहम्मद ﷺ को जस्तै एकै चोटिमा पैदा गर्न सक्छन् र एक आदेशमा आकाश पाताल सबैलाई तहस नहस गर्न सक्छन् अनि अर्को संसारको निर्माण गर्न सक्छन् । तिनको मात्र इरादाबाट नै हरेक कुरा उत्पन्न भइहाल्दछ, उनलाई पदार्थ र सामाग्रीको आवश्यकता नै छैन । यदि आदम (अ.) देखि कयामत (महाप्रलय) सम्मका सम्पूर्ण मानिस र जिन्नात दुबै जाति, जिब्रील र पैगम्बर जस्तै भइहाले भने पनि तिनीहरूको कारण अल्लाहको राजशासनमा केही पनि चमकदमकको वृद्धि हुँदैन । र यदि सबै शैतान र दज्जाल बनिहाले भने पनि उनको राजशासनमा चमकदमकको कमी हुँदैन । उनी हरेक अवस्थामा सम्पूर्ण महानहरूभन्दा महान र सम्पूर्ण राजाहरूको राजा हुन् । कसैले न उनको केही बिगार्न सक्छ र न त केही बनाउन सक्छ ।[1]

---

(१) शाह साहेबले यस वाक्यमा जे पनि भन्नु भएको छ त्यसको पुष्टि सही मुस्लिमको यस हदीसबाट हुन्छः

«يَا عِبَادِي لَوْ أَنَّ أَوَّلَكُمْ وَآخِرَكُمْ وَإِنْسَكُمْ وَجِنَّكُمْ كَانُوا عَلَى أَتْقَى قَلْبِ رَجُلٍ وَاحِدٍ مِنْكُمْ مَا زَادَ ذَلِكَ فِي مُلْكِي شَيْئًا يَا عِبَادِي لَوْ أَنَّ أَوَّلَكُمْ وَآخِرَكُمْ وَإِنْسَكُمْ وَجِنَّكُمْ كَانُوا عَلَى أَفْجَرِ قَلْبِ رَجُلٍ وَاحِدٍ مَا نَقَصَ ذَلِكَ مِنْ مُلْكِي شَيْئًا». (صحيح مسلم، رقم الحديث: ٢٥٧٧ )

## "मायाको सिफारिश" सम्भव छैन

सिफारिशको दोस्रो प्रकार यो हो कि कुनै राजकुमार, रानी वा राजाको प्रिय सिफारिशको लागि उभिन्छ र चोरलाई सजाय दिनबाट रोक्दछ। राजाको उसित माया हुनाले उसलाई दुखि गर्न नचाहेर चोरलाई माफ गरिदिन्छ, उसको सिफारिशलाई मायाको सिफारिश भनिन्छ। राजाले त्यसको मायाले गर्दा बाध्यतामा परेर, यस विचारमा कि प्रियतमको अप्रसन्नताबाट स्वयं मलाई दुख हुन्छ, प्रियको कुरा मानिहाल्यो। अल्लाहको दरबारमा यो कुरो पनि असम्भव छ। यदि कसैले कुनै नबी वा वलीलाई यस प्रकारको सिफारिशकर्ता ठान्दछ भने त्यो पनि पक्का मुश्रिक र एकदमै मूर्ख हो। महान अल्लाहले आफ्ना दासहरूलाई जतिसुकै सम्मान प्रदान गरुन्, कसैलाई प्रिय, कसैलाई प्रियतम, कसैलाई कलीम (उनीसँग स्वयं कुरा गर्नेवाला), कसैलाई अल्लाहको रूह (अनुकम्पा) र कसैलाई वजीह (सम्मानित) को सम्बोधन प्रदान गरुन्, कसैलाई रसूले करीम (मर्यादित), मकीन (प्रतिष्ठित), रुहुल्कुदुस् (पवित्र आत्मा), रुहुल् अमीन (प्रतिष्ठि आत्मा) जस्ता सम्मानित पदवी प्रदान गरुन्, तर मालिक त मालिक नै हुन् र गुलाम गुलामै हो। प्रत्येकको आफ्नो आफ्नो स्थान छ, जसभन्दा अगाडि बढन त्यसले सक्दैन। गुलामले जुन प्रकार उनको कृपाले प्रभावित भइ खुशीको साथ रमाउँछ, त्यसै प्रकार उनको भयले भयभित पनि भइहाल्छ।

---

अर्थः (अल्लाहले भन्दछन्) हे मेरा दासहरू! यदि तिमी सम्पूर्ण मानिस र जिन्नात जुन बितिसकेका छन् र आउनेछन् समेत सबै त्यस व्यक्ति जस्तै सज्जन र आज्ञाकारी भइहाल्थे जो तिमीमध्ये सबभन्दा संयमी र आज्ञाकारी छ, तैपनि मेरो शासनमा कुनै पनि वृद्धि हुन्थेन। हे मेरा भक्तहरू! यदि तिमी सम्पूर्ण मानिस र जिन्नात जुन बितिसकेका छन् र आउनेछन् समेत सबै त्यस व्यक्ति जस्तै दुष्ट र अवज्ञाकारी भइहाल्थे जो तिमीमध्ये सबभन्दा दुष्ट र पापी छ, तैपनि मेरो शासनमा कुनै पनि कमी हुन्थेन। (सही मुस्लिम, हदीस न०: २५७७)

## "अनुमतिले सिफारिश"

सिफारिशको तेस्रो प्रकार यो हो कि चोरको चोरी त प्रमाणित भइसक्यो तर त्यो पेशाले चोर होइन । दुर्भाग्यवश त्यसबाट चोरीको पाप भइहाल्यो, ऊ लाजले भुतुक्कै भएको छ, दिनरात त्यसको मनमा सजायको डर बसेको छ, कानूनको सम्मान गर्दछ, आफूलाई पापी र सजायको योग्य ठानिरहेको छ, राजाबाट भागेर कुनै राज्याधिकारी वा मन्त्रीकहाँ जाँदैन र उसको दाँजोमा कसैको सहायता माँग्दैन । रातदिन राजाकै दयाको आसमा बसेको छ, कि महराजबाट यस पापीको लागि कुन दण्डको आदेश हुन्छ? राजालाई त्यसको विवशको स्थितिप्रति दया जागेर त्यसलाई माफ गर्न चाहन्छ, तर कानूनको वैधताको मान राख्न चाहन्छ कि कहीं कानूनको मान सम्मान आमजनको दृष्टिमा तल नभइहालोस् । अब कोही राज्याधिकारी वा मन्त्री संकेत पाएर उभिहाल्दछ, राजाले त्यस राज्याधिकारीको सम्मानका लागि देखनमा सिफारिशलाई त्यसैको नाम दिएर चोरको गलती माफ गरिदिन्छ । राज्याधिकारीले चोरको सिफारिश यस कारण गरेन कि त्यो उसको नातेदार वा साथी वा चिनजानको हो, वा त्यसको सहायताको जिम्मा बोकेको थियो, बरु राजाको मर्जी देखेर मात्र उभेको हो । किनकि ऊ त राजाको राज्याधिकारी हो, न कि चोरहरूको सहयोगी । किनकि चोरको सहयोगी पनि चोर हुन्छ । यस प्रकारको सिफारिशलाई "शिफाअत बिल्इज्न" (अनुमति र चाहनाले सिफारिश) भनिन्छ । अल्लाहको दरबारमा यस प्रकारको सिफारिश हुनेछ । कुरआनमा नबी वा वलीको सिफारिशको जुन बयान आएको छ, त्यो यही सिफारिश हो ।

## सोझो (सत्य) बाटो

हरेक मानिसको दायित्व हो कि अल्लाहलाई नै पुकारोस्, हरेक बेला उनैसित डर्दै गरोस्, उनैसित पापहरूको क्षमायाचना गर्दै गरोस्, उनैको अगाडि पाप स्वीकार गरोस्, उनैलाई आफ्नो

मालिक र सहयोगी ठानोस्, अल्लाह बाहेक आफ्नो शरणार्थी नमानोस् र कहिल्यै पनि कसैको सहयोमा विश्वास नगरोस् । किनकि हाम्रो रब्ब अल्लाह अति माफ गर्नेवाला अति दयालु छन्। उनले आफ्नो दया र कृपाले सबै बिग्रेका काम बनाइदिन्छ, आफ्नो दयाले सम्पूर्ण पापहरूलाई क्षमा गरिदिन्छ र जसलाई चाहन्छन् आफ्नो आदेशद्वारा तिम्रो सिफारिशकर्ता बनाइदिन्छन्। जुन प्रकार तिमी आफ्ना सम्पूर्ण कुराहरू उनैसमक्ष राख्दछौ, त्यसै प्रकार सिफारिश पनि उनैसमक्ष समर्पण गरिदेऊ उनले जसलाई चाहन्छन् तिम्रो सिफारिशकर्ता बनाएर उठाउँछन् । कसैको सहायतामा कहिल्यै भरोसा नगर, उनैलाई आफ्नो सहायताको लागि पुकार । वास्तविक मालिकलाई कहिल्यै नभूल, उनले दिएको आदेशहरूको सम्मान गर र ती नियमहरूको अगाडि रीतिरिवाजलाई छाडिदेऊ । शरई आदेशहरू (ईश्वरीय आदेशहरू) लाई छाडेर रीतिरिवाज र परम्पराको प्रतिबद्धता जनाउनु ठूलो अपराध हो । सम्पूर्ण नबी र वली यसबाट विमुख छन् । उनीहरू यस्ता व्यक्तिहरूको सिफारिश कदापि गर्दैनन् जसले रीतिरिवाज र परम्परालाई त्याग गर्दैनन् तथा शरई आदेशहरू मान्दैनन्, बरु उल्टो उनी तिनीहरूको दुश्मन भइहाल्छन् र तिनीबाट रिसाउँछन् । किनकि उरूीहरूको सम्मान यसै कुरामाथि निर्भर थियो कि उनीहरू अल्लाहको चाहनालाई सबैभन्दा माथि राख्दथे, पत्नी सन्तानलाई, मुरीदहरू (शिष्यहरू) लाई, चेलाहरूलाई, नोकरचाकरलाई र मित्र दोस्तलाई अल्लाहका लागि छाडि दिन्थे र जब तिनी अल्लाहको चाहना विरुद्ध काम गर्न थाल्थे, त यिनी तिनको दुश्मन बनिहाल्थे । अल्लाह बाहेकलाई पुकार्नेहरूमा कुन विशेषता छ कि ठूला ठूला मानिसहरू तिनको सहयोगी बनेर अल्लाहको मर्जी विरुद्ध तिनीहरूको तर्फबाट अल्लाहसित झगडा गरुन्? यस्तो कदापि हुँदैन, बरू उनीहरू (नबी,वली) त तिनीहरूका दुश्मन हुन् । अल्लाहकै लागि माया र अल्लाहकै लागि दुश्मनी उनीहरूको शान हो । यदि कसैको

बारेमा अल्लाहले यही रोजेका छन् कि त्यो नरकमै जाओस् भने यिनी त्यसलाई दुई चार धक्का हानेर नरकमा खसाल्न तयार हुनेछन् । उनी त अल्लाहको मर्जीको अधीन छन्, जता उनको खुशी हुन्छ त्यतै ढल्किने छन् ।

عَنْ ابْنِ عَبَّاسٍ رَضِيَ اللَّهُ عَنْهُمَا قَالَ: كُنْتُ خَلْفَ رَسُولِ اللَّهِ صَلَّى اللَّهُ عَلَيْهِ وَسَلَّمَ يَوْمًا فَقَالَ: «**يَا غُلَامُ! إِنِّي أُعَلِّمُكَ كَلِمَاتٍ احْفَظْ اللَّهَ يَحْفَظْكَ، احْفَظْ اللَّهَ تَجِدْهُ تُجَاهَكَ إِذَا سَأَلْتَ فَاسْأَلْ اللَّهَ، وَإِذَا اسْتَعَنْتَ فَاسْتَعِنْ بِاللَّهِ وَاعْلَمْ أَنَّ الْأُمَّةَ لَوْ اجْتَمَعَتْ عَلَى أَنْ يَنْفَعُوكَ بِشَيْءٍ لَمْ يَنْفَعُوكَ إِلَّا بِشَيْءٍ قَدْ كَتَبَهُ اللَّهُ لَكَ وَلَوْ اجْتَمَعُوا عَلَى أَنْ يَضُرُّوكَ بِشَيْءٍ لَمْ يَضُرُّوكَ إِلَّا بِشَيْءٍ قَدْ كَتَبَهُ اللَّهُ عَلَيْكَ رُفِعَتْ الْأَقْلَامُ وَجَفَّتْ الصُّحُفُ**». (سنن الترمذي، رقم الحديث: ٢٥٢١)

अर्थः इब्ने अब्बास रजियल्लाहु अन्हुमाले भन्नु भयो कि म एक दिन रसूल ﷺ को पछाडि थिए, उहाँले भन्नु भयो किः हे बच्चा! तिमीले अल्लाहलाई याद राख, अल्लाहले तिमीलाई याद राख्नेछन्। अल्लाहलाई याद गर, उनलाई अगाडि भेटिहाल्नेछौ। तिमी जब माग त अल्लाहसित नै माग र तिमी याचना गर त अल्लाहसित नै गर । विश्वास राख कि यदि सबैले मिलेर तिमीलाई केही फाइदा पुऱ्याउनमा सहमत भइहाले भने त्यति नै फाइदा दिन सक्छन जति अल्लाहले तिम्रो लागि लेखेका छन्। यदि सबैले मिलेर तिमीलाई केही नोक्सान पुऱ्याउनमा सहमत भइहाले भने त्यति नै नोक्सान दिन सक्छन जति अल्लाहले तिम्रो लागि लेखेका छन् । "कलम उठाइ सकिएको छ र किताबहरू सुकिसकेका छन्। (तिर्मिजी, हदीस न०: २५२१) हदीसविद् शैख अल्बानीले यस हदीसलाई सहीह भनेका छन्, (अनुवादक)

अर्थात अल्लाह वास्तविक माहाराजा हुन् । संसारिक राजाहरू जस्तो अहंकारी छैनन् कि कसैले कत्तिपनि टाउको फुटालोस् तर अहंकारले गर्दा त्यसतिर ध्यान नदेओस् । यसै कारण प्रजाले राजासित प्रत्यक्ष माँग्दैन । बरु मन्त्री र राज्याधिकारीको माध्यमले माँग्दछन्, ताकि उनको लागि निवेदन स्वीकृत भइहालोस् । तर

अल्लाहको महिमा यो होइन, उनी त अत्यन्त नम्र र अनुग्रह गर्ने अति दयावान छन् । उनीसम्म पुग्नलाई कसैको मध्यस्ता र वकालतको आवश्यकता नै छैन, कि अल्लाहलाई त्यसको ध्यान आओस्, उनी त एक एक गरी प्रत्येकलाई ध्यान दिन्छन्। सबैलाई याद राख्दछन्, चाहे कोही सिफारिश गरोस् वा नगरोस् । उनी पवित्र र सबैभन्दा महान छन् र उनको दरबार दुनियाका राजाहरू जस्तो छैन कि प्रजा त्यहाँसम्म पुग्न नसकुन् र हाकिमहरू नै प्रजामाथि आदेश लागु गरुन् र प्रजालाई तिनको आदेश मान्नै परोस् । बरु यो अल्लाहको दरबार हो र उनी आफ्ना भक्तहरूको अति नजिक छन्, सानोभन्दा सानो व्यक्ति पनि मनबाट उनीतिर ध्यान गर्छ भने उनलाई आफ्नो अगाडि भेटिहाल्छ । (अल्लाह र भक्तको बीच) आफ्नै बेवास्ताको पर्दा बाहेक कुनै पर्दा नै छैन ।

## अल्लाह सबैभन्दा नजिक छन्

यदि कोही असल्लाहदेखि टाढा छ भने मात्र आफ्नो बेवास्ताको कारण टाढा छ, नत्र मालिक त सबैभन्दा नजिक छन्। अनि जसले कुनै नबी वा वलीलाई यस कारण पुकार्दछ कि तिनीहरू उसलाई अल्लाहको नजिक गरिदेउन्, भने यो जान्दैन कि नबी, वली पनि त उनीबाट टाढा छन्, अल्लाह त उसको धेरै नजिक छन् । यसको उदाहरण यस प्रकार बुझ्नुस् कि एउटा गुलाम राजाकहाँ एक्लै छ । राजा उसको अनुरोध सुन्नको लागि पूणरूपले आकर्षित छ, तर त्यसले कुनै हाकिमलाई आवाज दिएर पुकार्दछ कि श्रीमान महाराजा समक्ष मेरो अनुरोध पेश गरिदिनुहोस् । त्यस गुलामप्रति तपाईंको के विचार छ? प्रष्ट छ कि त्यो गुलाम अन्धो छ वा पागल! (अल्लाहको रसूल ﷺ ले) भनेकाछन्ः हरेक व्यक्ति अल्लाहसित नै माँगोस् र समस्याको बेला पनि उनैसित मद्दत माँगोस् । र यो कुरा विश्वास गरी राम्रोसंग बुझौ कि भाग्यमा लेखिएको कदापि मेट्दैन । यदि पुरै संसार मिलेर कसैलाई नाफा वा नोक्सान पुऱ्याउन्, भने भाग्यभन्दा अगाडि जान सक्दैनन् ।

थाहा भयो कि भाग्यलाई परिवर्तन गर्नु कसैको क्षमता छैन। जसको भाग्यमा सन्तान छैन उसलाई कसले सन्तान दिन्छ? र जसको भाग्यमा आयु समाप्त भइसकेको छ, को छ? जसले उसको आयु अवधिमा वृद्धि गरि उमेर बढाइदेओस्? फेरि यो भन्नु कि अल्लाहले आफ्ना वलीहरूलाई भाग्य परिवर्तन गर्ने शक्ति प्रदान गरेका छन्, गलत हो। कुरो यो हो कि अल्लाहले कहिले आफ्नो भक्तको प्रार्थना स्वीकार गर्दछन् र नबी, वलीहरूको प्रार्थना प्राय स्वीकार गरिहाल्दछन्। हो! प्रार्थना गर्ने साहस पनि उनैले दिन्छन् र स्वीकार पनि उनैले गर्छन्। प्रार्थना गर्नु र त्यस पछि प्रार्थना स्वीकार हुनु, दुइटै कुरा भाग्यमा [1] लेखिएका छन्। दुनियाको कुनै काम तक्दीर अर्थात भाग्य बाहिर छैन। कसैलाई कुनै काम गर्ने शक्ति छैन, चाहे सानो होस् वा ठूलो, नबी होस् वा वली। हो! अल्लाहसित प्रार्थना गरोस्, यति मात्र उसलाई शक्ति छ। त्यस पछि मालिकलाई अधिकार छ, चाहे दया गरी स्वीकार गरोस् र चाहे तत्वदर्शिताको आधारमा स्वीकार नगरोस्।

## मात्र अल्लाहमाथि भरोसा गर

عَنْ عَمْرِو بْنِ الْعَاصِ رَضِيَ اللَّهُ عَنْهُ قَالَ قَالَ رَسُولُ اللَّه صَلَّى اللَّهُ عَلَيْهِ وَسَلَّمَ: «**إِنَّ مِنْ قَلْبِ ابْنِ آدَمَ بِكُلِّ وَادٍ شُعْبَةً فَمَنْ اتَّبَعَ قَلْبُهُ الشُّعَبَ كُلَّهَا لَمْ يُبَالِ اللَّهُ بِأَيِّ وَادٍ أَهْلَكَهُ وَمَنْ تَوَكَّلَ عَلَى اللَّهِ كَفَاهُ التَّشَعُّبَ**» (سنن ابن ماجه، كتاب الزهد، رقم الحديث: ٤١٦٦)

अर्थः अम्र बिन् आस रजियल्लाहु अन्हुको वर्णन छ कि अल्लाहको रसूल ﷺ ले भन्नु भयोः मानिसको मनमा हरेक क्षेत्रमा बाटो (इच्छा) हुन्छ। कसैले आफ्नो मनलाई समस्त क्षेत्रको

(१) भाग्य (तक्दीर) ईश्वरीय ज्ञानको दोस्रो नाम हो। कुनै मानिसले जान्न सक्दैन कि उसको वा अन्य कसैको भाग्यमा के लेखेको छ? यसले गर्दा हरेक मानिसको पहिलो र अन्तिम कर्तब्य यो हो कि अल्लाहले दिएका आदेश र वर्जित गरेका कुराहरूको अनुपालन गरोस् र उनको कृपामाथि राम्रो आशा राखोस्।

बाटो(इच्छा)मा लगाइदियो भने अल्लाहले यो ध्यान गर्दैनन् कि त्यसलाई कुन क्षेत्रमा नष्ट पारुन् र जसले अल्लाहमाथि भरोसा गर्छ, त अल्लाह उसको लागि समस्त क्षेत्रमा काफी हुनेछन् । (सुनन् इब्ने माजा, हदीस न०: ४१६६) अल्लामा अल्बानीले यस हदीसलाई जईफ भनेका छन्, (अनुवादक)

अर्थात जब मानिस कुनै समस्याले पीडित हुन्छ वा उसलाई कुनै चीजको आवश्यकता हुन्छ भने उसको विचार चारैतिर डुल्छ कि फलानो नबीलाई वा फलानो इमामलाई वा फलानो पीरलाई वा फलानो शहीदलाई वा फलानो परीलाई पुकारियोस्| कि फलानो ज्योतिषी, वा फलानो भविष्यवक्ता, वा फलानो पुजारी, वा फलानो हस्तरेखा देख्नेसित सोधियोस्| कि फलानो मौलवीसित राशिफल निकालियोस् । अनि जसकसैले अनेकौं मतहरूको पछि लाग्दछ, अल्लाहले उसबाट आफ्नो स्वीकृतिको दृष्टि फर्काइहाल्छन् | उसलाई आफ्ना निस्वार्थी भक्तहरूमा अंकित गर्दैनन् र उसको हातबाट अल्लाहको शिक्षा र पथप्रदर्शनको बाटो जाँदै रहन्छ । यहाँसम्म कि ऊ व्यक्ति ती विचारहरूको पछाडि भाग्दै बर्बाद भइहाल्दछ । कोही अनिश्वरवादी भइहाल्दछ, कोही नास्तिक, कोही मुश्रिक र कोही सबैको विरोधि भइहाल्दछ । र जसकसैले अल्लाहमाथि नै भरोसा राख्दछ, कसैको मत पछाडि लाग्दैन, ऊ चाहिं अल्लाहको प्रिय भक्त हो | उसको लागि सोझो बाटो खुलिहाल्दछ उसको मनलाई यस्तो शान्ति र आनन्द प्राप्त हुन्छ कि अन्य मतहरूको पछाडि हुर्किनेहरूलाई त्यसतो शान्ति प्राप्त हुँदैन | भाग्यमा लेखिएको त पुरा नै हुन्छ, तर मतहरूको पछाडि हुर्किनेवाला बिना मतलब दुख उठाइ रहन्छ | तर भरोसा गर्नेवालालाई आनन्द प्राप्त रहन्छ ।[1]

(١) عَنْ أَنَس رَضيَ اللَّهُ عَنْهُ قَالَ قَالَ رَسُولُ اللَّه صَلَّى اللَّهُ عَلَيْهِ وَسَلَّمَ: «**لِيَسْأَلْ أَحَدُكُمْ رَبَّهُ حَاجَتَهُ كُلَّهَا حَتَّى يَسْأَلَ شِسْعَ نَعْلِهِ إِذَا انْقَطَعَ**». (سنن الترمذي، حسنه الألباني رح، المترجم)

अल्लाहलाई दुनियाका राजाहरू सरह नठान्नुस् किनकि ठूलो काम त आफै गर्छन् तर स-साना कामहरू नोकरबाट गराउँछन्, यसले गर्दा उनलाई स-साना कामहरूमा नोकरहरूसित भन्नु पर्दछ। अल्लाहको कार्यशैली यस्तो छैन, उनी सर्वशक्तिमानले त आँखा चिम्लिंदा अनेकौं सानो ठूलो कामलाई सम्पन्न पार्दिन्छन्। उनको राजशासनमा कोही साझेदार र भागिदार छैन। यसले गर्दा सानोभन्दा सानो कुरो पनि उनैसित माग्ने गर। किनकि उनी बाहेक कसैले सानो कुरो दिन सक्छ न त ठूलो कुरो।

## नाता कुटुम्ब काम आउँदैन

عَنْ أَبِى هُرَيْرَةَ رَضِيَ اللَّهُ عَنْهُ قَالَ: لَمَّا نَزَلَتْ هَذِهِ الآيَةُ (وَأَنْذِرْ عَشِيرَتَكَ الأَقْرَبِينَ) دَعَا النَّبِيُّ صلى الله عليه وسلم قَرَابَتَهُ فَعَمَّ وَخَصَّ فَقَالَ: «**يَا بَنِى كَعْبِ بْنِ لُؤَىٍّ أَنْقِذُوا أَنْفُسَكُمْ مِنَ النَّارِ، فَإِنِّى لاَ أَمْلِكُ لَكُمْ مِنَ اللَّهِ شَيْئًا أَوْ قَالَ فَإِنِّى لاَ أُغْنِي عَنْكُمْ مِنَ اللَّهِ شَيْئًا، وَيَا بَنِى مُرَّةَ بْنِ كَعْبٍ أَنْقِذُوا أَنْفُسَكُمْ مِنَ النَّارِ، فَإِنِّى لاَ أُغْنِي عَنْكُمْ مِنَ اللَّهِ شَيْئًا، وَيَا بَنِى عَبْدِشَمْسٍ أَنْقِذُوا أَنْفُسَكُمْ مِنَ النَّارِ، فَإِنِّى لاَ أُغْنِي عَنْكُمْ مِنَ اللَّهِ شَيْئًا، وَيَا بَنِى عَبْدِمَنَافٍ أَنْقِذُوا أَنْفُسَكُمْ مِنَ النَّارِ، فَإِنِّى لاَ أُغْنِي عَنْكُمْ مِنَ اللَّهِ شَيْئًا، وَ يَا بَنِى هَاشِمٍ أَنْقِذُوا أَنْفُسَكُمْ مِنَ النَّارِ، فَإِنِّى لاَ أُغْنِي عَنْكُمْ مِنَ اللَّهِ شَيْئًا، وَ يَا بَنِى عَبْدِالْمُطَّلِبِ أَنْقِذُوا أَنْفُسَكُمْ مِنَ النَّارِ، فَإِنِّى لاَ أُغْنِي عَنْكُمْ مِنَ اللَّهِ شَيْئًا، وَيَا فَاطِمَةُ أَنْقِذِى نَفْسَكِ مِنَ النَّارِ، سَلِينِي مَا شِئْتِ مِنْ مَالِي، فَإِنِّى لاَ أُغْنِي عَنْكِ مِنَ اللهِ شَيْئًا**». (صحيح البخاري، رقم الحديث:٤٧٧١- صحيح مسلم، رقم الحديث:٣٤٨)

अर्थः अबू हुरैरह रजियल्लाहु अन्हुले भन्नु भयोः "जब आयत

---

अर्थः अनस् रजियल्लाहु अन्हुको वर्णन छ कि रसूल ﷺ ले भन्नु भयोः हरेक मुसलमानलाई आफ्ना सम्पूर्ण कुराहरू आफ्नो रब्बसित माँग्नु पर्छ, यहाँसम्म कि नुन पनि उनैसित मागोस्, र जुत्ताको नाल (कुर्कुच्चामा ठोकिने फलामे पातो) पनि टुटेमा उनैसित मागोस्। (तिर्मिजी) अल्लामा अल्बानीले यसलाई "हसन" भन्नु भएको छ। (अनुवादक)

{وَأَنْذِرْ عَشِيرَتَكَ الأَقْرَبِينَ} (आफ्ना नजिकका आफन्तहरूलाई सावधान गरिदिनु) अवतरित भयो त नबी ﷺ ले आफ्ना नातेदारहरूलाई बोलाएर आम र खास सबैलाई सम्बोधित गरी भन्नुभयोः हे कअब् बिन् लोअयीका सन्तान! स्वयं आफूलाई (नरकको) आगोबाट बचाउनु, म अल्लाहको सजायबाट तिम्रो केही काम आउन सक्दिन । हे मुर्रह बिन् कअब्का सन्तान! स्वयं आफूलाई (नरकको) आगोबाट बचाउनु, म अल्लाहको सजायबाट तिम्रो केही काम आउन सक्दिन । हे अब्दे शम्सका सन्तान! स्वयं आफूलाई (नरकको) आगोबाट बचाउनु, म अल्लाहको सजायबाट तिम्रो केही काम आउन सक्दिन । हे अब्दे मनाफ्का सन्तान! स्वयं आफूलाई (नरकको) आगोबाट बचाउनु, म अल्लाहको सजायबाट तिम्रो केही काम आउन सक्दिन । हे हाशिमका सन्तान! स्वयं आफूलाई (नरकको) आगोबाट बचाउनु, म अल्लाहको सजायबाट तिम्रो केही काम आउन सक्दिन । हे अब्दुल मुत्तलिब्का सन्तान! स्वयं आफूलाई (नरकको) आगोबाट बचाउनु, म अल्लाहको सजायबाट तिम्रो केही काम आउन सक्दिन । हे फातिमा (रजियल्लाहु अन्हा)! स्वयं आफूलाई (नरकको) आगोबाट बचाइहाल, जे जति तिमीलाई मेरो धन चाहियो मबाट लिहाल, किनकि म अल्लाहको सजायबाट तिम्रो केही काम आउँदिन । (बुखारी, हदीस नं.४७७१- मुस्लिम, हदीस नं. मुस्लिम, हदीस नं. ३४८)

अर्थात जुन मानिसहरू कुनै सज्जन महापुरुषको नातेदार हुन्छन्, उनलाई सज्जन महापुरुषको सहयोगको भरोसा हुन्छ। जसको कारण तिनी घमण्डी भएर निडर भइहाल्दछन् । यसै कारण अल्लाहले आफ्नो प्रिय पैगम्बरलाई भने कि आफ्ना नजिकका नातेदारहरूलाई सावधान गरिदिनु । उहाँ ﷺ ले एक एकलाई, यहाँसम्म कि आफ्नो प्रिय छोरीलाई पनि प्रष्ट पार्दिनु भयो कि नाताको अधिकार त्यही कुरामा सम्भव छ जुन मानिसको अधिकारमा छ । मेरो अधिकारमा मेरो धन छ,

त्यसलाई दिनुमा कन्जूसी गर्दिन। तर अल्लाहकहाँको कुरो मेरो शक्ति अधिकार बाहिर छ, त्यहाँ कसैको सहयोग गर्न सक्दिन र कसैको पनि वकील बन्न सक्दिन। प्रत्येक व्यक्ति कयामतको लागि आ-आफ्नो तयारी गरिहालोस् र नरकको आगोबाट बँच्ने चिन्ता आजै देखि गरिहालोस्। थाहा भयो कि कुनै महापुरुषको नातेदारी अल्लाहकहाँ काम आउने छैन। जबसम्म मानिसले स्वयं पुण्यकर्म गर्दैन, मुक्ति पाउन गाह्रो छ।

# छैठौं खण्ड

## उपासनाहरूमा शिर्कको अवैधता

### इबादत अर्थात् उपासनाको परिचय।

इबादत अर्थात उपासना ती कर्महरूलाई भनिन्छः जसलाई अल्लाहले आफ्नो अभिवादनको निम्ति निर्धारित गरी भक्तहरूलाई सिकाएका छन् । हामीलाई यहाँ यो वर्णन गर्नु छ कि अल्लाहले आफ्नो अभिवादनको निम्ति कुन कुन कार्य बताएका छन्? ताकि अल्लाह बाहेक अन्यको निम्ति ती काम नगरियोस् र शिर्कबाट जोगियोस् ।

### उपासना मात्र अल्लाहकै लागि हो।

﴿ وَلَقَدۡ أَرۡسَلۡنَا نُوحًا إِلَىٰ قَوۡمِهِۦٓ إِنِّي لَكُمۡ نَذِيرٞ مُّبِينٌ ٢٥ أَن لَّا تَعۡبُدُوٓاْ إِلَّا ٱللَّهَۖ إِنِّيٓ أَخَافُ عَلَيۡكُمۡ عَذَابَ يَوۡمٍ أَلِيمٖ ﴾ هود: ٢٥ - ٢٦

अर्थः र हामीले "नूहलाई" उनको समुदायतिर रसूल बनाएर पठायौं, (उनले भने कि) मैले तिमीहरूलाई खुल्लमखुल्ला सावधान गराउन आएको छु । कि तिमीहरू अल्लाह बाहेक कसैको पूजा नगर, मलाई तिम्रो बारेमा कष्टदायक सजाय हुने दिनको बारेमा भय छ । (सूरः हूद ११, २५-२६)

भन्नाले मुसलमान र काफिरहरू बीच विवाद नूह अलैहिस्सलामको युगदेखि नै चल्दै आइरहेको छ । अल्लाहका प्रिय भक्तहरू यही भन्दै आएका छन् कि अल्लाह बाहेकलाई अल्लाह जस्तैको अभिवादन वर्णन नगर र जुन कार्यहरू अल्लाहका लागि निर्धारित छन्, कसै अरुको लागि नगर ।

## सज्दा (दण्डवत) मात्र अल्लाहको लागि हुनुपर्छ

﴿لَا تَسْجُدُوا۟ لِلشَّمْسِ وَلَا لِلْقَمَرِ وَٱسْجُدُوا۟ لِلَّهِ ٱلَّذِى خَلَقَهُنَّ إِن كُنتُمْ إِيَّاهُ تَعْبُدُونَ﴾ فصلت: ٣٧

अर्थः तिमीहरूले न सूर्यको पूजा गर नत चन्द्रमाको, बरु अल्लाहलाई नै दण्डवत गर, जसले यी कुराहरूलाई सृष्टि गरेका छन्, यदि तिमी उसैको उपासना गर्नेवाला हौ । (सूरः हामीम सज्दा ४१, ३७)

यस आयतबाट थाहा हुन्छ कि इस्लाममा दण्डवतको पात्र मात्र सृष्टिकर्ता (अल्लाह) छन् । यसर्थ कुनै सृष्टिको लागि दण्डवत नगरियोस्, चाहे चन्द्रमा र सूर्य होस् वा नबी र वली, वा जिन्नात र फरिश्ता होस् । यदि कसैले भनोस् कि पूर्व धर्महरूमा सृष्टिलाई पनि दण्डवत गर्नु उचित थियो, जस्तै फरिश्ताहरूले आदम अलैहिस्सलामलाई र याकूब अलैहिस्सलामले यूसुफ अलैहिस्सलामलाई दण्डवत (सज्दा) गरेका थिए, यसले गर्दा यदि हामी पनि कुनै महापुरुषको सम्मानमा दण्डवत (सज्दा) गर्छौं भने के को आपत्ति छ? त याद राख्नुस् यसबाट शिर्क प्रमाणित हुन्छ, ईमान समाप्त हुन्छ । आदरणीय आदम अलैहिस्सलामको शरीअत (शास्त्र)मा साक्खै बहिनीसित विवाह गर्नु वैध र जायज थियो, यिनी त्यसलाई प्रमाण मानेर यदि आफ्नै बहिनीसित विवाह गरिहाले भने के को आपत्ति छ? तर एकदमै आपत्ति छ, किनकि साक्खै दिदी बहिनीहरूसित विवाह गर्नु सधैंको लागि अवैध गरिएका वधूहरूमध्ये पर्छ जुन कुनै पनि अवस्थामा जायज र बैध नै छैन। कुरो यो हो कि मानिसले आफूलाई अल्लाहको आदेश समक्ष पूर्णरूपले समर्पण गरिदिनु पर्छ । अल्लाहको आदेशलाई "किन र कसरी" नभनी हृदयबाट पूर्णरूपले स्वीकार गर्नु पर्छ, बिना मतलबको प्रमाण पेश गर्नु हुँदैन कि पहिलेका मानिसहरूको लागि त यो आदेश थिएन, हामीमाथि किन निर्धारित गरियो? यस्ता कुराहरूले मानिस काफिर (अनिश्वरवादी) भइहाल्दछ । यस

कुरालाई उदाहरणले बुझ्नुस् कि एउटा राजाकहाँ एक अवधिसम्म एक कानूनमाथि कार्यान्वयन हुँदै गऱ्यो, फेरि कानून बनाउनेले त्यसलाई निरस्त गरी त्यसको सट्टामा अर्को कानून बानाइदियो, अब यस नयाँ कानूनप्रति कर्म गर्नु अनिवार्य छ । अब यदि कसैले यो भन्न लागोस् कि म त पहिलाकै नियमलाई मान्छु, नयाँलाई मान्दिन, त्यो द्रोही हो र द्रोहीको सजाय कारागार हो। यसै प्रकार अल्लाहका द्रोहीहरूको सजाय नरक हो ।

## अल्लाह बाहेकलाई पुकार्नु शिर्क हो

﴿ وَأَنَّ ٱلۡمَسَٰجِدَ لِلَّهِ فَلَا تَدۡعُواْ مَعَ ٱللَّهِ أَحَدٗا ﴿١٨﴾ وَأَنَّهُۥ لَمَّا قَامَ عَبۡدُ ٱللَّهِ يَدۡعُوهُ كَادُواْ يَكُونُونَ عَلَيۡهِ لِبَدٗا ﴿١٩﴾ قُلۡ إِنَّمَآ أَدۡعُواْ رَبِّي وَلَآ أُشۡرِكُ بِهِۦٓ أَحَدٗا ﴾ الجن: ١٨ - ٢٠

अर्थः र निःसन्देह मस्जिदहरू अल्लाह कै लागि मात्र हुन्, तसर्थ अल्लाहसँग कुनै अरूको पूजा नगर । र जब अल्लाहका भक्त (मुहम्मद) उनको पूजाको निम्ति उभिए त काफिरहरूले उनलाई चारैतर्फबाट घेरी उनीमाथि आक्रमण गर्नेवाला थिए । भनिदिनुस् कि म त आफ्नो पालनकर्तालाई मात्र पूजा गर्दछु । र उनको साथमा कसैलाई साझेदार ठान्दिन । (सूरः जिन्न ७२, १८-२०)

अर्थात जब कोही अल्लाहको भक्त आफ्नो पवित्र र शुद्ध मनले अल्लाहलाई पुकार्दछ त यी मूर्खहरू बुझ्दछन् कि अति (अल्लाहको नजिक) पुगेको छ । गौस (सहायक) र कुतुब हो, जसलाई चहोस् देओस् र जसबाट चाहोस् खोसिहालोस् । यसले गर्दा समूहका समूह त्यसकहाँ यो आशा लिएर पुगिहाल्दछन् कि बिग्रेकोलाई बनाइदिन्छ । अब उस भक्तको कर्तब्य हो कि सत्य र साच्चो कुरो बताइदेओस् कि समस्याको बेला अल्लाहलाई नै पुकार्नु पर्छ, यो अधिकार अरू कसैको होइन । अल्लाहसित नै नाफा र नोक्सानको अभिलाषा राख्नु पर्छ, किनकि अल्लाह बाहेकसँग यस प्रकारको व्यवहार गर्नु शिर्क हो र म चाहिं शिर्क र शिर्क गर्नेहरूबाट एकदम क्रोधित छु । यदि कसैले मसँग यस

प्रकारको व्यवहार गर्न चाहन्छ भने उसबाट राजी छैन, तथा दिनु खोस्नु अल्लाहकै काम हो। उनैले दिन्छन् र उनैले खोस्छन्, मेरो हातमा केही पनि छैन। उनै मेरो र तिम्रो रब्ब (प्रतिपालक) हुन्, तसर्थ आउनुस् असत्य पूज्यहरूलाई त्यागेर मात्र उनै एक अल्लाह जसको कोही साझेदार छैन लाई पुकारौं जो आफ्नो एकत्वमा, पूज्य हुनुमा, पालनकर्ता र शासक हुनुमा, एक्लो छन्। यसबाट थाहा भयो कि (हात बाँधेर) सम्मानपूर्वक उभिनु, पुकार्नु, नाम जप्नु ती कामहरूमध्ये हो, जसलाई अल्लाहले मात्र आफ्नो सम्मान र पूजाको लागि विशेष गरेका छन्। यो कार्य व्यवहार अल्लाह बाहेकसँग गर्नु शिर्क हो।

﴿ وَأَذِّن فِي ٱلنَّاسِ بِٱلۡحَجِّ يَأۡتُوكَ رِجَالٗا وَعَلَىٰ كُلِّ ضَامِرٖ يَأۡتِينَ مِن كُلِّ فَجٍّ
عَمِيقٖ ٢٧ لِّيَشۡهَدُواْ مَنَٰفِعَ لَهُمۡ وَيَذۡكُرُواْ ٱسۡمَ ٱللَّهِ فِيٓ أَيَّامٖ مَّعۡلُومَٰتٍ عَلَىٰ مَا
رَزَقَهُم مِّنۢ بَهِيمَةِ ٱلۡأَنۡعَٰمِۖ فَكُلُواْ مِنۡهَا وَأَطۡعِمُواْ ٱلۡبَآئِسَ ٱلۡفَقِيرَ ٢٨ ثُمَّ لۡيَقۡضُواْ
تَفَثَهُمۡ وَلۡيُوفُواْ نُذُورَهُمۡ وَلۡيَطَّوَّفُواْ بِٱلۡبَيۡتِ ٱلۡعَتِيقِ ﴾ الحج: ٢٧ - ٢٩

अर्थः मानिसहरूमा (तपाई) हज्जको निम्ति उद्घोषणा गरिदिनु तिनीहरू तिम्रो पासमा टाढा- टाढाबाट, पैदल पनि आउनेछन्, र दुबला पातला ऊँटहरूबाट सवार भई अनेक बाटो भएर आउनेछन्। ताकि आफ्ना लाभ प्राप्त गर्न (ठाउँमा) उपस्थित हुन् र ती निश्चित (कुर्बानीका) दिनहरूमा ती पाल्तु चौपायाहरू (चार खुट्टे जनावर) माथि अल्लाहको नाम लिउँन्, जुन अल्लाहले उनीलाई प्रदान गरेका छन्। अनि त्यसबाट स्वयं पनि खाउ र गरीब निमुखाहरूलाई पनि खुवाउ। फेरि उनीहरूलाई आवश्यक छ कि आफ्ना फोहर-मैला सफा गरुन् (कपाल इत्यादि सफा गरुन्) र आफ्ना भाकल गरेका कुराहरू (मन्नतहरू) पुरा गरुन् र अल्लाको यस पुरातन घरको तवाफ (परिक्रमा) गरुन्। (सूरः हज्ज २२, २७-२९)

### अल्लाहका शआएरहरू (निशानीहरू)को सम्मान गरियोस्

अर्थात अल्लाहले आफ्नो सम्मानको लागि केही ठाउँहरू

निर्धारित गरेका छन्, जस्तैः काबा, अरफात, मुज्दलिफा, मिना, सफा (पर्वत), मर्वा (पर्वत), मकामे इब्राहीम, मस्जिदे हराम, सम्पूर्ण मक्का, बरु पुरै हरम, मानिसलाई यी ठाउँहरूको तिर्थयात्राको अभिलाषा र इच्छा प्रदान गरेका छन् कि दुनियाका कुना कुनाबाट एकत्रित भएर, चाहे सवार भएर होस् वा हिंडेर होस् टाढाबाट अल्लाहको घरको तिर्थका लागि आउन्, यात्राको दुख सहन गरी एउटा विशेष पोसाकमा विशेष रुपरेखामा त्यहाँ पुगुन् र अल्लाहको नामले कुर्बानी (जनावर बलि) देउन् । आफ्ना भाकल (मन्नत) पुरा गरुन्, अल्लाहको घर (काबा) को तवाफ (परिक्रमा) गरुन् र अल्लाहको सम्मान र अभिवादनको जुन उत्साह र चाहना मनमा छ, त्यसलाई अल्लाहको घर (काबा) सम्म आएर पुरा गरुन् । त्यसको चौखटलाई चुमुन्, त्यसको ढोका अगाडि रुँदै प्रार्थना गरुन् । अनि कोही अल्लाहको घर काबाको पर्दा समातेर रुँदै अल्लाहसँग प्रार्थना गरिरहेको छ, कोही त्यहाँ एतकाफ (मस्जिदमा बसोबास) मा बसेर रातदिन अल्लाहलाई याद गरिरहेको छ, कोही सम्मानपूर्वक चुपलागि उभिएर देख्दै आँखा शितल गरिरहेको छ,(1) जेसुकै होस् यी सबै काम अल्लाहको अभिवादन र सम्मानका लागि गरिन्छ । यी सम्पूर्ण कर्महरूबाट अल्लाह प्रसन्न हुन्छन् र लोक परलोक दुबै ठाउँमा लाभ हुन्छ । तसर्थ यस प्रकारका कामहरू अल्लाह बाहेक कसैको सम्मान गर्नका लागि गर्नु अवैध र शिर्क हो । कसैको समाधिको जियारत (तिर्थ) का लगि वा कुनै थानमा टाढा-टाढाबाट यात्राको दुख सहन गरी आउनु र मैलो हीन भएर त्यहाँ पुग्नु, त्यहाँ गएर जनावर बलिदिनु, भाकल (मन्नत) पुरा गर्नु, कसैको घर वा समाधिको तवाफ (परिक्रमा) गर्नु, त्यसको

(१) शाह शहीदको यस बयानबाट यस कुराको पुष्टि हुन्छ कि किताब तकवीयतुल् ईमान हज्जबाट फर्के पछि लेखिएको हो, किनकि यसतो पुष्टि हज्जबाट फर्के पछि नै सम्भव थियो । वल्लाहु आअ्लम ।

वरिपरि जंगलको सम्मान गर्नु, त्यहाँ शिकार नगर्नु, त्यहाँका रुखहरूलाई नकाटनु, घास नउखेल्नु, र यसै प्रकारका अन्य काम गर्नु र त्यसबाट लोक परलोकमा भलाइ र मुक्तिको आशा राख्नु, सबै शिर्क हो । त्यसबाट बँच्नु पर्छ । किनकि इस्लामी शरीअतले (शास्त्रले) जुन ठाउँहरूको सम्मान गर्ने आदेश दिएको छ, ती बाहेक अन्य ठाउँहरूमा सो कामगर्नु र आफ्नो तर्फबाट त्यसलाई धर्म अन्तर्गत ठान्नु बिद्अत (नयाँ आविष्कार) हो । आज्ञापालन र अनुसरणको व्यवहार मात्र अल्लाहसँग हुनु पर्छ, सृष्टिका व्यक्तिसँग होइन ।

### अल्लाह बाहेकको नाममा दिएको वस्तु हराम (अवैध) छ ।

﴿ قُل لَّآ أَجِدُ فِي مَآ أُوحِيَ إِلَيَّ مُحَرَّمًا عَلَىٰ طَاعِمٍ يَطۡعَمُهُۥٓ إِلَّآ أَن يَكُونَ مَيۡتَةً أَوۡ دَمًا مَّسۡفُوحًا أَوۡ لَحۡمَ خِنزِيرٍ فَإِنَّهُۥ رِجۡسٌ أَوۡ فِسۡقًا أُهِلَّ لِغَيۡرِ ٱللَّهِ بِهِۦۚ فَمَنِ ٱضۡطُرَّ غَيۡرَ بَاغٖ وَلَا عَادٖ فَإِنَّ رَبَّكَ غَفُورٞ رَّحِيمٞ ﴾ الأنعام: ١٤٥

अर्थः (हे नबी यिनीहरूलाई) भन्नुस् किः जुन आदेश म माथि “वह्य” मार्फत उतारिएको छ त्यसमा मैले कुनै चिज यस्तो पाउँदिन जुन खानेले खान्छ तर त्यसलाई वर्जित गरिएको होस्, यस बाहेक यदि त्यो मरेको पशु होस् वा बगिरहेको रगत वा सुँगुरको मासु होस्, किन भने यी सबै एकदमै अपवित्र हुन् वा अर्को कुनै कुरा जुन मर्यादाको खिलाफ होस् । जसमा अल्लाह बाहेक अरुकसैको नाम लिएको हुन्छ, तर विवश भएको अवस्था बाहेक । यस सर्तमा कि विवशता र बाध्यतामा खाने मानिसले स्वादको लागि खाएको नहोस् र न त ऊ सीमा नाघ्ने व्यक्ति होस्। तब निश्चय नै तिम्रो पालन कर्ता क्षमादाता र दयावान छन्। (सूरः अन्आम ६ ,१४५)

अर्थात जुन प्रकार सुँगुर, बगेको रगत र मरेको जनावर वर्जित छ, यसै प्रकार त्यो जनावर पनि वर्जित छ जो अवैध रूपले अल्लाहको नाममा नगरि अरुकसैको नाममा वध गरिएको

छ। थाहा पाइयो कि जुन जनावर कुनै सृष्टिको नाममा मनोनित गरिदिइयोस्, त्यो वर्जित र अपवित्र हो। जस्तैः यो भन्नु कि यो सैयद अहमद कबीरको गाई हो, यो शैख सिद्दुको[1] बाखा हो, इत्यादि। यस आयतमा यस कुराको वर्णन छैन कि त्यो जनावर तब वर्जित र अवैध हुन्छ जब वध गर्दाखेरी उसमाथि अल्लाह बाहेकको नाम लिइयोस्, बरु मनोनित गर्नाले नै वर्जित भइहाल्यो। यदि कुनै जनावर कुखुरा होस् वा बाखा, ऊँट होस् वा गाई, कुनै सृष्टिको नाममा मानिदिइयोस्, चाहे वलीको नाममा वा नबीको बुवा-बाजेको नाममा वा पीर र शैखको नाममा वा परीको नाममा, त्यो एकदमै वर्जित र अपवित्र हो र मनोनित गर्नेवाला मुश्रिक हो।

## आदेश दिनु अल्लाहकै अधिकारमा छ

अल्लाहले आदरणीय यूसुफ अलैहिस्सलामको कथा वर्णन गर्दै भनेका छन् कि वहाँले जेलमा साथीहरूसित भन्नु भयोः

﴿ مَا تَعۡبُدُونَ مِن دُونِهِۦٓ إِلَّآ أَسۡمَآءٗ سَمَّيۡتُمُوهَآ أَنتُمۡ وَءَابَآؤُكُم مَّآ أَنزَلَ ٱللَّهُ بِهَا مِن سُلۡطَٰنٍۚ إِنِ ٱلۡحُكۡمُ إِلَّا لِلَّهِۚ أَمَرَ أَلَّا تَعۡبُدُوٓاْ إِلَّآ إِيَّاهُۚ ذَٰلِكَ ٱلدِّينُ ٱلۡقَيِّمُ وَلَٰكِنَّ أَكۡثَرَ ٱلنَّاسِ لَا يَعۡلَمُونَ ﴾ يوسف: ٤٠

अर्थः जुन कुराहरूलाई तिमीले अल्लाह बाहेक पूजा गर्दछौ तिनीहरू मात्र नाम हुन्, जुन तिमीले र तिम्रा पुर्खाहरूले नामाकरण गरेका छन्, किनभने अल्लाहले तिनीहरूको कुनै प्रमाण पठाएका छैनन्। सुनीराख अल्लाह बाहेक अरु कसैको सत्ता छैन। उनले आदेश गरेका छन् कि उनी बाहेक कसैको पूजा नगर, यही सोझो धर्म हो तर धेरै मानिसहरू जान्दैनन्। (सूरः यूसुफ १२ ⸝ ३९-४०)

एउटा गुलामको लागि अनेक मालिकहरू हुनु दुखदायी हो।

---

(१) महिलाहरूको एउटा नक्कली पीर, जसको नाममा बाखा बलि दिइन्छ।

यदि उसको मालिक एउटै छ, जो सबभन्दा शक्तिसम्पन्न छ भने कति राम्रो हुन्छ! तसर्थ मालिक मात्र एउटै छन्, जसले मानिसका सम्पूर्ण कुराहरूलाई पुरा गर्दछन् र बिग्रेको काम बनाइदिन्छन् । उनको अगाडि साना मालिकहरूको कुनै हैसियत छैन, बरु एकदम निराधार विचार हो कि बर्षा गर्नु कसैको हातमा छ, प्रभावित गराउनु अरु कसैको काम हो । कोही सन्तान प्रदान गर्दछ, कोही स्वास्थ्य प्रदान गर्छ, अनि स्वयं आफै तिनको नाम पनि राखेका छन् कि फलानो कामको मालिकको नाम यो हो, फलानोको मालिकको नाम यो हो र स्वयं यस्ता कामहरूको बेला तिनलाई पुकार्दछन् । बिस्तारै- बिस्तारै एक समय बितेपछि यसरी नै परम्परा भइहाल्दछ ।

## मनगढन्त नामहरू शिर्क हुन्

हालांकि अल्लाह बाहेक कोही छ र न कसैको यो नाम पाइन्छ । यदि कसैको यो नाम छ पनि भने त्यसलाई अल्लाहको चाहनामा हस्तक्षेप छैन । सम्पूर्ण कार्यहरूको अधिकारीको नाम अल्लाह हो । जसको नाम मुहम्मद वा अली हो, उसलाई कुनै कुराको अधिकार छैन । यस प्रकारको विचार राख्ने आदेश अल्लाहले दिएका छैनन् र सृष्टिको आदेश मानिने योग्य छैन, बरु यस प्रकारका विचारहरूबाट अल्लाहले मनाही गरेका छन् । फेरि अल्लाह बाहेक त्यो को छ, जसको भनाइलाई यी कुराहरूमा मान्यता दिइयोस्? असल र सत्य धर्म यही हो कि अल्लाहको आदेशमा हिंडियोस् र उनको दाँजोमा हरेक आदेशलाई निरस्त पारिदिइयोस् । तर अधिकांश मानिस यस बाटोबाट विचलित भइहाले र आफ्ना पीर, इमाम र महापुरुषहरूको बाटोलाई अल्लाहको बाटोभन्दा परम ठान्न थाले ।

## आफै बनाएका परम्पराहरू शिर्क हुन् ।

थाहा पाइयो कि कसैको बाटो र परम्परालाई नमान्नु र

अल्लाहकै नियम कानून मान्नु ती कुराहरूमध्ये हुन् जसलाई अल्लाहले आफ्नो सम्मानको लागि निर्धारित गरका छन्[1] अब यदि कसैले यही व्यवहार कुनै सृष्टिसँग गर्छ भने पक्कै मशिरक हुन्छ । ईश्वरीय आदेशहरू मानिससम्म पुग्नु संदेष्टाहरूकै माध्यमले सम्भव छ। यदि कसैले इमाम, मुज्दहिद (शास्त्री), गौस, कुतुब, मौलवी, मुल्ला, पीर, धर्मगुरु, बुवा-बाजे, कुनै राजा, मन्त्री, पादरी, पण्डितको कुरा वा तिनका परम्परालाई इस्लामी आदेशभन्दा परम र उच्च ठानोस् र कुरआन र हदीस हुँदापनि पीर, धर्मगुरू र इमामहरूको कुराकथनलाई पेश गरोस् वा पैगम्बरको बारेमा यो आस्था राखोस् कि धर्म शास्त्र उनीकै आदेश हो, उनी आफ्नो इच्छाले जे मन लाग्थ्यो भनिदिन्थे र त्यसलाई मान्नु अनुयायीमाथि अनिवार्य भइहाल्थ्यो। यी कुराहरूबाट शिर्क साबित भइहाल्दछ । आस्था यो हुनु पर्छ कि वास्तविक हाकिम र अधिकारी अल्लाह हुन् र नबी चाहिं मानिसलाई अल्लाहको आदेश बताउनेवाला मात्र हुन्छ । अनि कुरआन र हदीसबाट प्रमाणित कुरालाई स्वीकार गरिहालियोस् र जुन कुरा कुरआन र हदीसको विपरीत होस् त्यसलाई त्यागियोस्।

## महानताको निम्ति मानिसलाई अगाडि उभाएर राख्नु मनाही छ

عَنْ مُعَاوِيَةُ رَضِيَ اللَّهُ عَنْهُ قَالَ: قَالَ رَسُولُ اللَّه صَلَّى اللَّهُ عَلَيْهِ وَسَلَّمَ: «**مَنْ سَرَّهُ أَنْ يَتَمَثَّلَ لَهُ الرِّجَالُ قِيَامًا فَلْيَتَبَوَّأْ مَقْعَدَهُ مِنْ النَّارِ**» (سنن الترمذي، رقم الحديث: ٢٧٦٠ وصححه الألباني)

अर्थः मोआविया रजियल्लाहु अन्हुले भन्नु भयो कि अल्लाहको रसूल ﷺ ले भन्नु भएको छ किः जसलाई यस कुराबाट खुशी

(१) तातपर्य यो हो कि अल्लाह बाहेक कसैको आदेश प्रमाण हुन सक्दैन । जुन व्यक्ति सृष्टिमध्ये कसैको आदेश वा पद्धति र परम्परालाई प्रमाण ठानोस् त्यसमाथि शिर्क साबित हुन्छ। यदि मृत्युभन्दा अघिनै उसले शुद्ध मनले प्रायश्चित गरेन भने सधैं नरकको आगोमा पोलिदै रहनेछ ।

लाग्दछ कि उसको अगाडि मान्छे फोटो सरह उभिएका रहुन् भने त्यो आफ्नो ठेगाना नरक बनाइलेओस् । (सुनन् तिर्मिजी, हदीस न०: २७६०) अल्लामा अल्बानीले यस हदीसलाई सहीह भनेका छन्, (अनुवादक)

अर्थात जसको इच्छा यो होस् कि मानिसहरू त्यसको अगाडि सम्मानपूर्वक हात बाँधि उभिएका रहुन्, हिलडुल नगरुन्, न त यताउति देखुन् र न त बोल चाल गरुन्, बरु मूर्ति जस्तै उभिएका रहुन्, त्यो व्यक्ति नरकीय हो । किनभने त्यसले पूजनीय हुनु अर्थात ईश्वरीयताको दावी गऱ्यो । अनि सम्मानको जुन भाव अल्लाहको साथ खास छ, त्यही आफ्नो लागि चाहन्छ । नमाज पढ्दा नमाजीले हात बाँधेर यताउति नदेखिकन चुपलागि उभिएका हुन्छन् र अल्लाहको निम्ति उभिनु खास गरिएको छ । अनि थाहा पाइयो कि कसैको अगाडि सम्मान र अभिवादनको उद्देश्यले उभिनु अवैध र शिर्क हो ।

## मूर्ति र थानहरूको पूजा शिर्क हो ।

عَنْ ثَوْبَانَ رَضِيَ اللهُ عَنْهُ قَالَ : قَالَ رَسُولُ الله صَلَّى اللَّهُ عَلَيْهِ وَسَلَّمَ : «**لَا تَقُومُ السَّاعَةُ حَتَّى تَلْحَقَ قَبَائِلُ مِنْ أُمَّتِي بِالْمُشْرِكِينَ ، وَحَتَّى يَعْبُدُوا الأَوْثَانَ**». (سنن الترمذي، رقم الحديث:٢٢٢٤، وصححه الألباني)

अर्थः सौबान रजियल्लाहु अन्हुको वर्णन छ किः अल्लाहको रसूल ﷺ ले भन्नु भयोः “कयामत तबसम्म आउँदैन जबसम्म मेरा अनुयायीका केही गोत्रहरू मुश्रिकहरूसँग नभेटिहालुन् र मूर्तिपूजामा नलागिहालुन् । (सुनन् तिर्मिजी, हदीस न०: २२२४) हदीसविद् शैख अल्बानीले यस हदीसलाई सहीह भनेका छन्, (अनुवादक)

मूर्ति दुई प्रकारका हुन्छन् । कसैको नामको फोटो वा मूर्ति बनाएर त्यसलाई पूजियोस्, यसलाई अरबीमा “सनम” भनिन्छ। कुनै स्थान, रुख, ढुंगा, काठ वा कागतलाई कसैको नाम दिएर

पूजियोस्, यसलाई “वसन” भनिन्छ । समाधि, चिल्ला, लहद, कसैको नामको लाठी, ताजिया, झण्डा, शदह[1], इमाम कासिम र शैख अब्दुल् कादिरको मेंहदी, इमामको चौतारो र गुरुहरूले बस्ने ठाउँ, यी सबै “वसन” अन्तर्गत आउँछन् । यसै प्रकार शहीदको नामको गुम्बज, निशान र स्मार्क जसमा बाखा बलि चढाइन्छ र यस्तै केही स्थानहरू रोगको नामले प्रसिद्ध छन् जस्तैः सितला, मसानी, भवानी, काली, कालिका र बराही[2] इत्यादिसित केही स्थानहरू सम्बन्धित छन् । यी सबै “वसन” हुन्। मूर्ति र स्थान दुबैको पूजाबाट शिर्क साबित हुन्छ । नबी ﷺ ले सूचना दिनु भयो कि कयामतको नजिक नजिक मुसलमानहरूको शिर्क पनि यसै प्राकरको हुनेछ । अन्य मुश्रिरकहरूको विपरीत, जस्तैः हिन्दू वा अरबका मुश्रिरकहरू प्रायः मूर्तिरूलाई मान्दछन्, यी दुबै प्रकारका मानिसहरू मुश्रिरक हुन र अल्लाह र उसको रसूलको दुश्मन हुन् ।

(१) त्यो झण्डा जुन करबलाका शहीदहरूको यादमा ताजियाको साथ निकाल्दछन्।

(२) हिन्दूहरूका विभिन्न देवीहरू हुन् । सितलाः चेचकको देवी, चेचक निस्केमा बिमारी सन्चो हुने उद्देश्यले यस देवीको पूजा गरिन्छ ।
मसानीः हिन्दूहरूको आस्थानुसार सितलाकी सात बहिनीहरू थिइन्, जसमध्ये एउटीको नाम मसानी थियो । यसलाई खसरा वा कान्छी बहिनीको देवी मानिन्थ्यो । भवानी, काली र कालिका पनि हिन्दूहरूको विभिन्न देवी हुन् ।
बराहीः हिन्दूहरूमा रोगहरूको एक देवीको नाम हो जसको पूजा गरिन्छ, ताकि रोगीहरू सन्चो भइहालुन् ।
सम्भव छ कसैको मनमा यो प्रश्न आओस् कि शाह शहीद ज्यूले हिन्दूहरूको परम्परा किन उल्लेख गर्नुभयो? त उत्तर यो हो कि यी परम्परहरूलाई हिन्दूहरूको पालनामा कहीं न कहीं मुसलमान पनि गर्न लागेका थिए । जस्तो कि अगाडि वाक्यमा स्वयं उल्लेख गरेकाछन्।

## अल्लाह बाहेकको लागि वध गर्नु धिक्कारको कारण हो

عَنْ أَبِي الطُّفَيْلِ أَنَّ عَلِيًّا رَضِيَ اللهُ عَنْهُ أَخْرَجَ صَحِيفَةً فِيهَا : «لَعَنَ اللهُ مَنْ ذَبَحَ لِغَيْرِ اللهِ» (صحيح مسلم، رقم الحديث: ١٩٧٨)

अर्थः अबुत्तुफैल रजियल्लाहु अन्हुको वर्णन छ किः अली रजियल्लाहु अन्हुले एउटा किताब निकाल्नु भयो जसमा यो हदीस थियो किः जसले जनावरलाई अल्लाह बाहेकको नाममा वध (जबह) गऱ्यो, त्यसमाथि अल्लाहको धिक्कार छ । (सहीह मुस्लिम, हदीस न०ः १९७८)

अर्थात जुन व्यक्तिले अल्लाह बाहेक कुनै सृष्टिको नाममा जनावर वध गर्छ, त्यो धिक्कारित छ । अली रजियल्लाहु अन्हुले एउटा कापीमा अल्लाहको रसूल का अनेकौं हदीसहरू लेखेर राखेका थिए जसमा यो हदीस पनि थियो । थाहा पाइयो कि जनावरलाई अल्लाहकै नामले वध (जबह) गर्नाले वैध हुन्छ । अल्लाह बाहेकको नामले जनावर वध गर्नु शिर्क हो र जनावर पनि अवैध भइहाल्दछ । यसै प्रकार त्यो जनावर पनि अवैध र वर्जित हुन्छ जो अल्लाह बाहेक कसैको नामले नामाकरण गरियोस्, चाहे वध गर्दा त्यसमाथि अल्लाहको नाम नै किन लिइएको नहोस् ।

## महाप्रलय नजिकका चिन्हहरू

عَنْ عَائِشَةَ رَضِيَ اللهُ عَنْهَا قَالَتْ سَمِعْتُ رَسُولَ اللَّهِ صَلَّى اللَّهُ عَلَيْهِ وَسَلَّمَ يَقُولُ: «**لَا يَذْهَبُ اللَّيْلُ وَالنَّهَارُ حَتَّى تُعْبَدَ اللَّاتُ وَالْعُزَّى**» فَقُلْتُ: يَا رَسُولَ اللَّهِ إِنْ كُنْتُ لَأَظُنُّ حِينَ أَنْزَلَ اللَّهُ ﴿هُوَ الَّذِي أَرْسَلَ رَسُولَهُ بِالْهُدَى وَدِينِ الْحَقِّ لِيُظْهِرَهُ عَلَى الدِّينِ كُلِّهِ وَلَوْ كَرِهَ الْمُشْرِكُونَ﴾ أَنَّ ذَلِكَ تَامًّا قَالَ: «**إِنَّهُ سَيَكُونُ مِنْ ذَلِكَ مَا شَاءَ اللَّهُ ثُمَّ يَبْعَثُ اللَّهُ رِيحًا طَيِّبَةً فَتَوَفَّى كُلَّ مَنْ فِي قَلْبِهِ مِثْقَالُ حَبَّةِ خَرْدَلٍ مِنْ إِيمَانٍ فَيَبْقَى مَنْ لَا خَيْرَ فِيهِ فَيَرْجِعُونَ إِلَى دِينِ آبَائِهِمْ**» (صحيح مسلم, رقم الحديث: ٢٩٠٧)

अर्थः आइशा रजियल्लाहु अन्हाले भनिन् कि मैले अल्लाहको

रसूल ﷺ सित सुने भन्दै हुनुहुन्थ्योः कि दिन र राति समाप्त हुँदैनन्, जबसम्म लात र उज्जालाई (पुनः) पूजिदैन। मैले भनेः हे अल्लाहको रसूल! जब अल्लाहले यो आयतः ((उनैले आफ्नो रसूललाई मार्गदर्शन र सत्य धर्म सहित पठाएका छन् ताकि यसलाई अरु अन्य धर्महरुमाथि प्रभुत्ववाला बनाउन्। यधपि मुश्रिकहरूलाई नराम्रो लागोस्)) अवतरित गरेका थिए त मलाई यही विश्वास लागेको थियो कि अन्तिम दिनसम्म यस्तै रहनेछ। भन्नु भयोः जब सम्म अल्लाहलाई मन्जुर हुन्छ, धर्म यसै अवस्थामा रहनेछ। फेरि अल्लाहले एउटा पवित्र हावा पठाउने छन्, जसबाट प्रत्येक त्यस व्यक्तिको मृत्यु हुनेछ जसको मनमा तोरीको दाना बराबर पनि ईमान हुन्छ। अनि मात्र नराम्राहरू बाँकी बाँच्नेछन् र आफ्ना पुर्खाहरूको धर्ममा फर्किहाल्नेछन्। (सही मुस्लिम, हदीस न०: २९०७)

अर्थात आइशा रजियल्लाहु अन्हाले सूरः तौबाको यस आयतबाट यो बुझिन् कि इस्लामको शासन महाप्रलयसम्म रहनेछ। उहाँ ﷺ ले भन्नु भयो कि शासन त्यस बेलासम्म रहनेछ जबसम्म अल्लाहलाई मन्जुर छ। फेरि अल्लाहले एउटा पवित्र हावा चलाउनेछन् जसबाट सदाचारिहरू, जसको मनमा अलिकति पनि ईमान हुन्छ मरिहाल्छन् र अधर्मीहरू मात्र बाँच्नेछन्। तिनको मनमा न रसूलको सम्मान हुन्छ, न धर्मप्रति उत्साह। बितिसकेका मूर्ख र मुश्रिक पुर्खाहरूको परम्परातिर हुर्किनेछन्। अनि जसले मुश्रिकहरूको बाटोमा हिंड्छ, अवश्य मुश्रिक भइहाल्छ। थाहा भयो कि अन्तिम युगमा प्राचीन शिर्क पनि प्रसारित भइहाल्छ। आज मुस्लिम समाजमा पुरानो र नयाँ हरेक किसिमको शिर्क पाइन्छ। उहाँ ﷺ को भविष्यवाणी साँचो देखिंदैछ, जस्तो किः मुसलमानहरूले नबी, वली, इमाम, शहीद इत्यादिसँग शिर्कका व्यवहार गरिरहेकाछन्। यसै प्रकार पुरानो शिर्क पनि फैलिरहेको छ, काफिरहरूको मूर्तिलाई मान्दछन् र तिनको परम्परामा हिंड्दछन्। जस्तैः पण्डितसित भाग्य

सोध्नु, अशुभ भाख्नु, सितला र मसानीलाई पूज्नु, हनुमान, नुना चमारी कलुवापीर[1] लाई पुकार्नु। होली, दिवाली, नौ दिने, र महरजान[2]को तिहार मनाउनु, कमर दर अकरब[3] र तहतश्शुआअ (किरण तल) लाई मान्नु । यी सबै हिन्दू र मुश्रिकहरूका परम्पराहरू हुन्, जुन मुस्लिमहरूमा फैलिएका छन् । थाहा भयो कि मुसलमानहरूमा शिर्कको ढोका यस प्रकार खुल्नेछ कि तिनीहरू कुरआन र हदीसलाई त्यागेर पुर्खाहरूको परम्परा र रीतिरिवाजमा लाग्नेछन् ।

## थान पूजा अति नराम्राहरूको काम हो

عَنْ عَبْدِ اللَّهِ بْنَ عَمْرٍو رَضِيَ اللهُ عَنْهُمَا قَالَ: قَالَ رَسُولُ اللَّهِ صَلَّى اللَّهُ عَلَيْهِ وَسَلَّمَ: **«يَخْرُجُ الدَّجَّالُ فِي أُمَّتِي فَيَمْكُثُ أَرْبَعِينَ لَا أَدْرِي أَرْبَعِينَ يَوْمًا أَوْ أَرْبَعِينَ شَهْرًا أَوْ أَرْبَعِينَ عَامًا فَيَبْعَثُ اللَّهُ عِيسَى ابْنَ مَرْيَمَ كَأَنَّهُ عُرْوَةُ بْنُ مَسْعُودٍ فَيَطْلُبُهُ فَيُهْلِكُهُ ثُمَّ يَمْكُثُ النَّاسُ سَبْعَ سِنِينَ لَيْسَ بَيْنَ اثْنَيْنِ عَدَاوَةٌ ثُمَّ يُرْسِلُ اللَّهُ رِيحًا بَارِدَةً مِنْ قِبَلِ الشَّامِ فَلَا يَبْقَى عَلَى وَجْهِ الْأَرْضِ أَحَدٌ فِي قَلْبِهِ مِثْقَالُ ذَرَّةٍ مِنْ خَيْرٍ أَوْ إِيمَانٍ إِلَّا قَبَضَتْهُ حَتَّى لَوْ أَنَّ أَحَدَكُمْ دَخَلَ فِي كَبِدِ جَبَلٍ لَدَخَلَتْهُ عَلَيْهِ حَتَّى تَقْبِضَهُ قَالَ سَمِعْتُهَا مِنْ رَسُولِ اللَّهِ صَلَّى اللَّهُ عَلَيْهِ وَسَلَّمَ قَالَ فَيَبْقَى شِرَارُ النَّاسِ فِي خِفَّةِ الطَّيْرِ وَأَحْلَامِ السِّبَاعِ لَا يَعْرِفُونَ مَعْرُوفًا وَلَا يُنْكِرُونَ مُنْكَرًا فَيَتَمَثَّلُ لَهُمْ الشَّيْطَانُ فَيَقُولُ أَلَا تَسْتَجِيبُونَ فَيَقُولُونَ فَمَا تَأْمُرُنَا فَيَأْمُرُهُمْ بِعِبَادَةِ الْأَوْثَانِ وَهُمْ فِي ذَلِكَ دَارٌّ رِزْقُهُمْ حَسَنٌ عَيْشُهُمْ».** (صحيح مسلم، رقم الحديث: ٢٩٤٠)

अर्थः अब्दुल्लाह बिन् अम्र रजियल्लाहु अन्हुमाको वर्णन छ, रसूल ﷺ ले भन्नु भयोः मेरो अनुयायीमा दज्जाल प्रकट हुनेछ र चालीस (दिन, महिना वा साल) सम्म रहनेछ, फेरि अल्लाहले उरवह बिन् मस्ऊद रजियल्लाहु अन्हुको रूपमा ईसा अलैहिस्सलामलाई पठाउनेछन् । उहाँले दज्जाललाई खोजेर मारिदिनु हुनेछ ।

(१) रूलूनारू वा रूनूनाचमारीरूबंगालकी प्रसिद्ध जादूगर्नी थिइ।

(२) नौ दिने र महरजान पारसीहरूको चाड हो ।

(३) चन्द्रमालाई ग्रहमा प्रवेश हुनु अशुभ मानिन्थियो ।

त्यस पछि सात वर्षसम्म मानिसहरू (यति राम्रोसँग) जिवन बिताउनेछन् कि कुनै दुई व्यक्तिबीच कुनै दुश्मनी हुनेछैन। फेरि अल्लाहले शाम (देश) तर्फबाट चिसो हावा पठाउनेछन्, अनि पृथ्वीमा जसको मन भित्र एक तोरीको दाना बराबर पनि ईमान हुनेछ हावाले उसको प्राण लिनेछ। यहाँसम्म कि तिमीमध्ये कोही व्यक्ति यदि पहाडमा चढेछ भने पनि त्यस हावाले उसको प्राण लिनेछ। अब्दुल्लाह बिन् अम्र रजियल्लाहु अन्हुमाले भन्नुहुन्छ कि स्वयं मैले यो कुरा रसूल ﷺ बाट सुने। फेरि पन्छीजस्तै निर्बुद्धि र मांसहारी जनावर जस्तै चिरफाड खाने[1] मानिसहरू मात्रै बाँचेका हुनेछन्। न राम्रो कुरालाई राम्रो बुझ्नेछन् न त नराम्रोलाई नराम्रो। फेरि मानिसको रूपधारण गरी शैतानले आएर उनीहरूलाई भन्नेछ, तिमीलाई लाज लाग्दैन? उनीहरूले सोध्नेछन्, हजुरको के आदेश छ? अनि त्यसले उनीहरूलाई मूर्ति पूजाको आदेश दिनेछ (कि देवथानहरूको पूजा गर), उनी त्यही कामहरूमा मक्ख हुनेछन् र उनीहरूलाई जीविका भरपर्दो मिलिरहेको हुनेछ र आनन्दसँग जीवन बितिरहेको हुनेछन्। (सही मुस्लिम, हदीस न०: २९४०)

अर्थात अन्तिम युगमा ईमानदारहरू समाप्त भइहाल्नेछन् र बेइमान र मूर्खहरू बाँकी बाँच्नेछन्, जुन अर्काको धन हड्प गरिहाल्नेछन् र अलि पनि लाज मान्नेछैनन्। उनीबाट राम्रो नराम्रोको अनुभूति समाप्त हँदैजानेछ। फेरि शैतानले महापुरुषको रूपमा आएर उनीलाई सम्झाउनेछ कि हेर अधर्म गर्नु नराम्रो कुरो हो, तिमी धर्मी बन। अन्तमा उसको भन्ना र सुन्नाले धर्मको

(१) शैख अब्दुल्हक मुहद्दिस देहलवीले रूफी खिफ्फतित्तैरि व अह्लामिस् सिबाअरूको अनुवाद गरेका छन् किः “सुबकीमा पन्छी र ग्रानीमा दरिन्दा(हिंस्रक पशु)” । यसको गर्दा भन्दछन् कि पाप र हिंसा गर्नुमा र व्यभिचार गर्नमा पन्छी जस्तै तेज र गतिवान हुन्छन्। जबकि अत्याचार र हत्यामा चीरफाड खाने जनावर जस्तै निडर।

उत्साह उत्पन्न हुनेछ, तर कुरआन र हदीस अनुसार हिंड्ने छैनन् बरु स्वयं बुद्धिबाट धर्ममा नयाँनौलो कुरो निकाल्नेछन् र शिर्कमा परिहाल्नेछन् । तर यस अवस्थामा उनीहरूको जीविकामा अझै वृद्धि हुनेछ र अति आनन्दसँग जीवन गुजारा भइरहनेछ । तिनीहरूले बुझ्नेछन् कि हामी हिंडेको बाटो सत्य छ, अल्लाह हामीसित खुशी छन् त्यसैले त हाम्रो स्तिथि सुसम्पन्न भएको छ । यहाँसम्म कि झन् शिर्कमा डुबिदै जानेछन् यो मानेर कि जसरी नै हामीले परम्पराको पालना गऱ्याछौं हाम्रा कामना सफल हुँदै गएकाछन् । यसले गर्दा मुसलमानलाई अल्लाहसित डर मान्दै रहनु पर्छ कि उनले कहिले छूट दिन्छन् फेरि समात्छन् । कहिलेकाहीं यस्तो हुन्छ कि मानिस शिर्कमा परेको हुन्छ अनि अल्लाह बाहेकसित प्रार्थना गर्दछ, तर अल्लाहले त्यसको प्रमाण समाप्त गर्नका लागि त्यसको प्रार्थना स्वीकार गरी प्रदान गरिदिन्छन् । तर त्यसले यो ठान्न थाल्छ कि म सत्य बाटोमा छु अल्लाह बाहेकलाई मान्नु सत्य हो, नत्र प्रार्थना स्वीकार हुन्थेन । तसर्थ मनोकामना पुरा हुनु र नहुनुमा भरोसा नगर्नु र त्यस कारण अल्लाहको साँचो धर्मलाई नछाड्नु । यस हदीसबाट थाहा पाइयो कि मानिस जति पनि हठधर्मी बनोस्, जतिसुकै पापमा डुबिहालोस्, अति निर्लज्ज बनिहालोस्, अर्काको धन खानमा लाज नमानोस् र राम्रो नराम्रोको अनुभूति नगरोस्। तर पनि शिर्क गर्नु र अल्लाह बाहेकलाई मान्नुभन्दा उत्तम छ, किनकि शैतानले ती कुराबाट हटाएर यी कुरा (शिर्क) सिकाउँछ ।[1]

## मूर्तिहरूको परिक्रमा (तवाफ)

عَنْ أَبِي هُرَيْرَةَ رَضِيَ اللهُ عَنْهُ قَالَ: قَالَ رَسُولُ اللَّهِ صَلَّى اللَّهُ عَلَيْهِ وَسَلَّمَ: «**لَا تَقُومُ السَّاعَةُ حَتَّى تَضْطَرِبَ أَلَيَاتُ نِسَاءِ دَوْسٍ حَوْلَ ذِي الْخَلَصَةِ**» (صحيح البخاري، رقم: ٧١١٦- وصحيح مسلم، رقم: ٢٩٠٦)

(१) यस वाक्यको पनि तात्पर्य यही हो कि शिर्कको अति घृणा स्पष्ट भइहालोस् । यो तात्पर्य होइन कि शिर्कबाट जोगिनेसाथ पाप गर्नुमा कुनै समस्या छैन ।

अर्थः अबूहुरैरह रजियल्लाहु अन्हुको वर्णन छः अल्लाहको रसूल ﷺ ले भन्नु भयोः तबसम्म कयामत आउँदैन जबसम्म जुल्खलसा (मूर्ति)को वरिपरी दौस गोत्रकी महिलाहरूको नितम्ब (पुट्ठो) हल्लिन्दैन (अर्थात जबसम्म तिनीहरू त्यसको परिक्रमा गर्दैनन्) । (बुखारी, हदीस न०:७११६- मुस्लिम, हदीस न०:२९०६)

अरबमा एउटा समूदाय थियो जसलाई "दौस" भनिन्थ्यो। जाहिलियत (नबी आउनुभन्दा पहिले) मा तिनको एउटा मूर्ति थियो जसलाई जुल्खलसा भनिन्थ्यो । नबीको युगमा त्यसलाई फुटालि निरस्त पारदिइएको थियो, उहाँ ﷺ को भविष्यवाणी छ किः कयामत नजिकिदा मानिसहरू पुनः त्यस मूर्तिलाई मान्न थाल्नेछन् र दौस गोत्रकी महिलाहरू त्यसको परिक्रमा गर्नेछन्। उहाँ ﷺ लाई तिनको नितम्ब हल्लिदै देखियो । थाहा भयो कि अल्लाहको घर (काबा) बाहेक अन्य घरको तवाफ (परिक्रमा) गर्नु शिर्क र कुफ्रीय परम्परा हो ।

# सातौं खण्ड

## रीतिरिवाजमा शिर्कको अवैधता

यस खण्डमा ती आयत र हदीसहरूको वर्णन छ जसबाट प्रमाणित हुन्छ कि मानिसले अल्लाहसँग आफ्नो संसारिक कार्यहरूमा जुन प्रकारको व्यवहार र विभिन्न तरिकाले उनको सम्मान गर्दछ, त्यस प्रकारको व्यवहार र प्रणाम अल्लाह बाहेकलाई नगरोस् ।

## शैतानको तर्फबाट मनमा नराम्रो कुरा उत्पन्न हुनु

﴿ إِن يَدْعُونَ مِن دُونِهِۦٓ إِلَّآ إِنَٰثًا وَإِن يَدْعُونَ إِلَّا شَيْطَٰنًا مَّرِيدًا ﴿١١٧﴾ لَّعَنَهُ
ٱللَّهُ وَقَالَ لَأَتَّخِذَنَّ مِنْ عِبَادِكَ نَصِيبًا مَّفْرُوضًا ﴿١١٨﴾ وَلَأُضِلَّنَّهُمْ وَلَأُمَنِّيَنَّهُمْ وَلَءَامُرَنَّهُمْ
فَلَيُبَتِّكُنَّ ءَاذَانَ ٱلْأَنْعَٰمِ وَلَءَامُرَنَّهُمْ فَلَيُغَيِّرُنَّ خَلْقَ ٱللَّهِ ۚ وَمَن يَتَّخِذِ ٱلشَّيْطَٰنَ
وَلِيًّا مِّن دُونِ ٱللَّهِ فَقَدْ خَسِرَ خُسْرَانًا مُّبِينًا ﴿١١٩﴾ يَعِدُهُمْ وَيُمَنِّيهِمْ ۖ وَمَا
يَعِدُهُمُ ٱلشَّيْطَٰنُ إِلَّا غُرُورًا ﴿١٢٠﴾ أُو۟لَٰٓئِكَ مَأْوَىٰهُمْ جَهَنَّمُ وَلَا يَجِدُونَ عَنْهَا مَحِيصًا ﴾

النساء: ١١٧ - ١٢١

अर्थः यिनीहरूले त अल्लाहलाई छाडेर स्त्रीहरूलाई पुकार्दछन् र वास्तवमा यिनीहरू उदण्ड शैतानलाई मात्र पूज्दछन् । अल्लाहले त्यसलाई धिक्कृत गरे, तर उस (शैतान)ले भनेको छ किः (अल्लाह) मैल तिम्रा सेवकहरूमध्ये बाट एउटा निश्चित भागलाई फुट्टो राख्नेछु । तिनीलाई सोझो बाटोबाट बिचलित गराई रहनेछु र अनुचित आशा दिलाइ तिनलाई सिकाउने छु कि जनावरहरूको कान चिर्ने गर र भन्ने गर्छु कि अल्लाहबाट रचना गरिएको रूपलाई बिगार्ने गर । हेर जसले अल्लाहलाई छाडि शैतानलाई आफ्नो मित्र बनाउँछ, त्यो खुल्ला रुपमा घाटामा

पर्नेछ । त्यसले तिनीहरूलाई झूठो वचन दिदैरहने छ र आशा दिलाईरहने छ । शैतानले जे जति वचन तिनीहरूलाई दिन्छ, ती सबै धोका बाहेक अरु केही पनि होइनन् । यस्ता मानिसहरूको बासस्थान नरक हो र तिनीहरूले त्यहाँबाट कुनै मुक्तिको ठाउँ पाउने छैनन् । (सूरः नेसा ४ ⸝ ११७-१२१)

अर्थात जसले अल्लाह बाहेकलाई पुकार्दछन्, तिनी आफ्नो विचारमा महिलाहरूको पूजारी हुन् । कसैले त हजरत बीबीलाई, कसैले बीबी आसियालाई, कसैले बीबी उतावलीलाई, कसैले लाल परीलाई, कसैले कालो परीलाई कसैले सितलालाई, कसैले मसानीलाई र कसैले कालीलाई पूज्दछ । यी मात्र भ्रम हुन्, वास्तवमा तिनी केही पनि होइनन्। कोही स्त्री न कोही पुरुष, अर्धविचार र शैतानी भ्रम मात्र हो जसलाई पूज्य ठानिएको छ। जसले कहिले बोल्छ र कहिले कुनै कला र तमाशा देखाउँछ, शैतान हो ।

यी मुश्रिकहरूका सम्पूर्ण पूजा उपासना शैतानको लागि भइरहेको छ । यिनी आफ्नो विचारमा नजर नियाज (भोग प्रसाद) स्त्रीहरूलाई दिन्छन् तर वास्तवमा शैतानले लिहाल्दछ । तिनलाई यी कुराहरूबाट न धार्मिक लाभ हुन्छ र न त संसारिक, किनभने शैतान त धिक्कृत गरिएको छ । अनि यसबाट धार्मिक लाभ त हुँदैन किनकि यो मानिसको दुश्मन, भला मानिसको भलाई किन चाहन्छ? यसले त अल्लाहको अगाडि भनिसकेको छ कि मैले तिम्रो अधिकांश सेवकहरूलाई आफ्नो सेवक बनाइहाल्छु । तिनीहरूलाई यस्तो बुद्धिभ्रष्ट पार्छु कि आफ्नो भ्रमलाई नै मान्न थाल्छन् । मेरो नामको जनावर निर्धारित गर्छन्, जसमाथि मेरो नामको चिन्ह हुन्छ, जस्तो किः त्यसको कान चीरी दिनेछन् वा काटी दिनेछन् वा त्यसको घाँटीमा धागो बाँधी दिनेछन्, अग्रिम निधारमा मेंहदी लगाइदिनेछन् । अनुहारमा सहरा बाँधी दिनेछन्, मुखमा पैसा राखदिन्छन् । कुनै पनि त्यो चिन्ह जसले यो अवगत

गराउँछ कि यो जनावर फलानोको नियाज (भोग) हो, यसै अन्तर्गत आउँछ । शैतानले यो पनि भनेर आएको छ कि मेरो प्रभावले गर्दा अल्लाहले बनाएको रूपलाई मानिसले बिगार्दिन्छ, कसैले कसैको नामको चुल्ठो राखिहाल्छ, कोही कसैको नाममा नाक वा कानलाई छेदाउँछ, कोही दाह्री चिन्डो गराउँछ, कोही आँखाका चारै पट्टि सफा गराइ त्यागी प्रकट गर्छ, यी सबै शैतानी काम र इस्लाम विरुद्ध हुन् । फेरि जसले अल्लाह जस्तो प्रतिष्ठितलाई त्यागेर शैतान जस्ता दुश्मनको बाटो रोज्यो त्यसले स्पष्ट धोका खायो । किनकि प्रथम त शैतान दुश्मन हो, दोस्रो यो कि त्यसले नराम्रो काम उत्पन्न गर्न बाहेक अरु कुनै क्षमता राख्दैन । झूठो साँचो वचनले केही समयको लागि मानिसलाई फुस्लाइ दिन्छ, कि यसलाई मान्छौ भने यो हुन्छ, त्यसलाई मान्छौ भने त्यो हुन्छ र ठूला ठूला सपना देखाउँछ कि यदि यति पैसा छ भने यस्तो बगैचा तयार हुनेछ, सुन्दर भव्य महल बनिहाल्छ । किनकि यी सपनाहरू पुरा हुँदैनन्, यसले गर्दा मानिसले हतारमा परी अल्लाहलाई बिर्सेर अरूको पछाडि लाग्न थाल्छ । तर हुन्छ त्यही जुन भाग्यमा छ, कसैलाई मान्न वा नमान्नाले केही पनि हुँदैन । यो त मात्र एउटा शैतानी भ्रम र त्यसको धोकाजाल हो । यी कुराहरूको परिणाम यो हुन्छ कि मानिस शिर्कमा फसेर नरकीय बनिहाल्छ र शैतानी जालमा यस प्रकार फसिहाल्छ कि लाख हात खुट्टा चलाओस् तर निस्किन सक्दैन ।

## सन्तानको विषयमा शिर्कको परम्परा

﴿ هُوَ ٱلَّذِى خَلَقَكُم مِّن نَّفْسٍ وَٰحِدَةٍ وَجَعَلَ مِنْهَا زَوْجَهَا لِيَسْكُنَ إِلَيْهَا ۖ فَلَمَّا تَغَشَّىٰهَا حَمَلَتْ حَمْلًا خَفِيفًا فَمَرَّتْ بِهِۦ ۖ فَلَمَّآ أَثْقَلَت دَّعَوَا ٱللَّهَ رَبَّهُمَا لَئِنْ ءَاتَيْتَنَا صَٰلِحًا لَّنَكُونَنَّ مِنَ ٱلشَّٰكِرِينَ ﴿١٨٩﴾ فَلَمَّآ ءَاتَىٰهُمَا صَٰلِحًا جَعَلَا لَهُۥ شُرَكَآءَ فِيمَآ ءَاتَىٰهُمَا ۚ فَتَعَٰلَى ٱللَّهُ عَمَّا يُشْرِكُونَ ﴾ الأعراف: ١٨٩ - ١٩٠

अर्थः उनी (अल्लाह) नै हुन् जसले तिमीलाई एकै शरीरबाट

सृष्टि गरे र त्यसैबाट उसको जोडी बनाए ताकि आफ्नो जोडिबाट शान्ति प्राप्त गर्न सकोस् । अनि जब लोग्नेले स्वास्नीसित सम्पर्क गऱ्यो त त्यसलाई हलुका गर्भ रह्यो । यसर्थ उनले त्यसलाई लिई हिंडडुल गरिराखिन् । अनि जब उनी गह्रुँगो भइन् तब लोग्ने स्वास्नी दुबैले अल्लाहसित जो उनको पालनकर्ता हुन्, प्रार्थना गर्न थाले कि यदि तिमीले हामीलाई पूर्ण सुस्वस्थ्य बच्चा दियो भने निश्चय नै हामी तिमीप्रति ठूलो कृतज्ञता प्रकट गर्नेछौं। तसर्थ अल्लाहले जब दुबैलाई पूर्ण सुस्वस्थ्य बच्चा दिए त उनी दुबैले अल्लाहबाट प्रदान गरिएको कुरामा त्यसको साझेदार निर्धारित गर्न थाले । किन्तु अल्लाह उनको शिर्क (साझेदार) बाट पवित्र छन् । (सूरः अअ्राफ ७ ، १८९-१९०)

अर्थात शुरुमा पनि अल्लाहले नै मानिसलाई बनाए, उसलाई स्वास्नी दिए र दुबैको बीच माया उत्पन्न गरे । अनि जब सन्तानको आशा भयो त दुबैले अल्लाहसित प्रार्थना गर्न थाले कि यदि पूर्ण र सुस्वस्थ्य बच्चा पैदा भयो भने हामी अल्लाहको उपकार व्यक्त गर्छौं । फेरि जब इच्छानुसार बच्चा पाइसके त अल्लाह बाहेकलाई मान्न थाले, तिनको लागि नजर नियाज (भोग प्रसाद) गर्न थाले । कसैले बच्चालाई कुनै समाधिमा लग्यो, त कसैले थानमा । कसैले कसैको नामको चुल्ठो राख्यो, कसैले धागो पहिरायो र कसैले बेडी[1] हाल्दियो, कसेलै कसैलाई भिक्षु बनाइदियो र नाम पनि राख्यो त शिर्कास्पद, जस्तैः नबी बख्श (नबीले दिएको), अली बख्श (अलीले दिएको), पीर बख्श (पीरले दिएको), सितला बख्श (सितलाले दिएको), गंगा बख्श (गंगाले दिएको, जमुना दास (जमुनाको भक्त) इत्यादि । अल्लाह त यी मूर्खहरूबाट निस्पृह छन्, तर तिनको ईमान हराइ सकेको छ ।

(१) मन्नत (भाकलको भएको) को धागो वा जन्जीर । जब मन्नतको समय पुरा भइहाल्छ भने नजर नियाज पश्चात बेडी फुकाली दिन्छन् । परिभाषामा यसलाई रूबेडी बढाउनुरू भनिन्छ ।

## खेतीबारीमा शिर्कका परम्पराहरू

﴿ وَجَعَلُوا۟ لِلَّهِ مِمَّا ذَرَأَ مِنَ ٱلْحَرْثِ وَٱلْأَنْعَـٰمِ نَصِيبًا فَقَالُوا۟ هَـٰذَا لِلَّهِ بِزَعْمِهِمْ
وَهَـٰذَا لِشُرَكَآئِنَا ۖ فَمَا كَانَ لِشُرَكَآئِهِمْ فَلَا يَصِلُ إِلَى ٱللَّهِ ۖ وَمَا كَانَ لِلَّهِ
فَهُوَ يَصِلُ إِلَىٰ شُرَكَآئِهِمْ ۗ سَآءَ مَا يَحْكُمُونَ ﴾ الأنعام: ١٣٦

अर्थः यिनीहरूले (मुश्रिकहरू) नै (अल्लाहले) उत्पन्न गरेको कुराहरू कृषि र चारखुट्टे जनावरहरूमा अल्लाहको एक भाग निर्धारित गरेकाछन् र आफ्ना विचारले भन्दछन् कि यो भाग अल्लाहको र यो हाम्रो साझेदारहरूको (मूर्तिहरूको) हो, तसर्थ जुन (भाग) तिनीहरूको साझेदारको हुन्छ त्यो अल्लाहतिर पुग्दैन र जुन (भाग) अल्लाहको हुन्छ त्यो तिनका साझेदारहरूतिर पुगिहाल्छ। कति नराम्रो निर्णय यिनीहरूले गर्दछन्। (सूरः अन्आम ६, १३६)

अर्थात सम्पूर्ण अनाज र जनावरहरू अल्लाहले नै उत्पन्न गरेका छन्। फेरि जुन प्रकार मुश्रिकहरू त्यसबाट अल्लाहको लागि प्रसाद निकाल्दछन्, त्यसै पकार अल्लाह बाहेकको लागि पनि प्रसाद निकाल्दछन्। जबकि अल्लाह बाहेकको प्रसादलाई जुन मान-सम्मान गर्दछन् त्यो मान-सम्मान अल्लाहको प्रसादलाई गर्दैनन्।

## चौपायाहरूमा शिर्कका परम्पराहरू

﴿ وَقَالُوا۟ هَـٰذِهِۦٓ أَنْعَـٰمٌ وَحَرْثٌ حِجْرٌ لَّا يَطْعَمُهَآ إِلَّا مَن نَّشَآءُ بِزَعْمِهِمْ وَأَنْعَـٰمٌ
حُرِّمَتْ ظُهُورُهَا وَأَنْعَـٰمٌ لَّا يَذْكُرُونَ ٱسْمَ ٱللَّهِ عَلَيْهَا ٱفْتِرَآءً عَلَيْهِ ۚ سَيَجْزِيهِم بِمَا
كَانُوا۟ يَفْتَرُونَ ﴾ الأنعام: ١٣٨

अर्थः तिनीहरूले आफ्नो विचारमा यो पनि भन्दैछन्ः कि "यो जनावर र खेती वर्जित र सुरक्षित छन् जसको उपभोग सबैका लागि जायज छैन मात्र त्यस व्यक्तिले उपभोग गर्न सक्छ जसलाई हामीले चाहनेछौं।" र केही चौपाया यस्ता छन् कि तिनको पिठ्युमा चढ्न वा केही कुरा बोकाउन रोक लगाइएको

छ। र केही पशुहरू यस्ता छन् जसमाथि (वध जिब्ह गर्ने बेला) अल्लाहको नाम लिदैनन्। यी सबै अल्लाहमाथि यिनीहरूले रचेका कुरा हुन्। अल्लाहले तिनीहरूलाई तिनको झूठको प्रतिफल चाडै दिनेछन्। (सूरः अन्आम ६, १३८)

अर्थात मानिसहरू मात्र आफ्नो विचारले भनिहाल्दछन् कि यो कुरा वर्जित र सुरक्षित छ, यसलाई फलानोले खान सक्दछ। केही जनावरलाई कुनै कुरा बोकाउँदैनन् र त्यसमाथि सवारी पनि गर्न दिदैनन्, यो भनेर कि यो फलानोको नियाजको जनावर हो, यसको सम्मान गर्नु पर्छ। र केही पशुहरूलाई अल्लाह बाहेकको नाममा नामाकरण गरिदिन्छन् यो भनेर कि यी कामहरूबाट अल्लाह प्रसन्न हुन्छन् र मनोकामना पुरा गर्छन्.... तर तिनीहरूको यो विचार र काम सबै झूठा हुन्, जसको सजाय तिनी अवश्य पाउनेछन्।

﴿مَا جَعَلَ ٱللَّهُ مِنۢ بَحِيرَةٖ وَلَا سَآئِبَةٖ وَلَا وَصِيلَةٖ وَلَا حَامٖ وَلَٰكِنَّ ٱلَّذِينَ كَفَرُواْ يَفۡتَرُونَ عَلَى ٱللَّهِ ٱلۡكَذِبَۖ وَأَكۡثَرُهُمۡ لَا يَعۡقِلُونَ﴾ المائدة: ١٠٣

अर्थः अल्लाहले न त "बहीरा" ठहराएका छन् र न त "साइबा" र न त "वसीला" र "हाम" (अरबका धेरै बद्दुहरू विभिन्न प्रकारका नाम राखी आफ्ना देवताको नाममा जनावर राखेका थिए) बरु काफिरहरू अल्लाहमाथि झूठा आरोप लागाउँछन् र यिनीहरूमध्ये धेरै जसो बुद्धिहीन छन्। (सूरः माइदा ५, १०३)

जुन जनावर कसैको नामले नामाकरण गरिदिइन्छ र त्यसको कान चीरी दिइन्छ, त्यसलाई "बहीरा" भनिन्थ्यो, साँडलाई "साइबा" भनिन्थ्यो। जुन पशुको बारेमा यो मन्नत मानिन्थ्यो कि उसको बच्चा भालेजातिको पैदा भयो भने त्यसलाई नियाज (भोग)मा दिदिइनेछ। त्यस पछि यदि उसलाई भाले र पोथी दुबैजातिको बच्चा पैदा हुन्थ्यो भने भालेलाई पनि नियाजमा दिंदैनथे, ती दुबै बच्चालाई "वसीला" भनिन्थ्यो। र जुन जनावरबाट दश बच्चा पैदा हुन्थे, त्यसमाथि सवारी चढ्न

त्यसलाई भार बोकाउन छाडिदिन्थे, त्यसलाई "हाम" भनिन्थ्यो। अल्लाहले भने यी कुराहरू धार्मिक होइनन् परम्परागत हुन्। तसर्थ थाहा भयो कि कुनै जनावरलाई कसैको नामको ठहर गर्नु र त्यसमाथि चिन्ह लगाउनु र यो निर्धारित गर्नु कि फलानाको नियाज गाई र फलानाको नियाज, बाखा र फलानाको कुखुरा नै हुन्छ, यी सबै मूर्खता र अज्ञानताका परम्परा हुन् र पवित्र धर्म इस्लामको विरुद्ध हुन्।

### हलाल र हराममा अल्लाहमाथि झूठो भन्नु

﴿ وَلَا تَقُولُوا۟ لِمَا تَصِفُ أَلْسِنَتُكُمُ ٱلْكَذِبَ هَٰذَا حَلَٰلٌ وَهَٰذَا حَرَامٌ لِّتَفْتَرُوا۟ عَلَى ٱللَّهِ ٱلْكَذِبَ ۚ إِنَّ ٱلَّذِينَ يَفْتَرُونَ عَلَى ٱللَّهِ ٱلْكَذِبَ لَا يُفْلِحُونَ ﴾ النحل: ١١٦

अर्थः आफ्नो मुखबाट कुनै झूठो कुरा नगर कि यो हलाल (पवित्र) छ र यो हराम (वर्जित) छ, ताकि अल्लाह माथि झूठा कुराको सम्बन्ध जोड्नथाल, जानि राख जुन मानिसहरू अल्लाहमाथि झूठा कुराको सम्बन्ध गाँस्दछन्, उनीहरू सफल हुने छैनन्। (सूरः नहल १६, ११६)

अर्थात आफ्नो तर्फबाट हलाल र हराम निर्धारित नगर, यो मात्र अल्लाहको काम हो। यस प्रकार भन्नाले अल्लाहमाथि झूठो भन्ने हुन्छ। यो विचार गर्नु कि यो काम यदि यस्तो गरियो भने ठीक भइहाल्नेछ, अन्यथा त्यसमा बिगार भइहाल्नेछ, गलत हो। किनकि अल्लाहमाथि झूठो भनेर मानिसले सफलता प्राप्त गर्न सक्दैन। ज्ञात भयो कि यो आस्था राख्नु किः मुहर्रम महिनामा पान नखानु, रातो लुगा नलगाउनु, बीबीको सहनक पुरुषले नखानु, उनको नियाज (प्रसाद)मा फलाना-फलाना तरकारी हुनु अनिवार्य छ, मस्सी पनि होस् मेंहदी पनि होस्। उसलाई नोकरानीले नखाओस्, पहिलो लोग्ने बितीसके पछि वा तलाक पछि अर्को विवाह गरेकि महिलाले नखाओस्, दलित समूदायको वा व्यभिचारीले नखाओस्। शाह अब्दुल्हक ज्यूको उपहार हलुवा

(ढिँडो) नै हो, त्यसलाई समालेर बनाउनु र हुक्का पिउनेलाई नखुवाउनु, शाह मदारको नियाज मलिदा (पीठो) नै हो। बूअली कलन्दरको नियाज सेमई र अस्हाबे कहफ (गुफावालाहरू) को नियाज मासु र रोटी हो। विवाहको बेला फलाना-फलाना, निधन र सोकको बेला फलाना-फलाना रीतिरिवाजलाई पुरा गर्नु अनिवार्य छ। पतिको निधन पछि विवाह नगर्नु, न त विवाह समारोहमा बस्नु, न अचार बनाउनु। फलानो व्यक्ति नीलो लुगा र फलानो व्यक्ति रातो लुगा नलगाउन्। यी सम्पूर्ण कुराहरू शिर्क हुन्। मुश्रिकहरूले अल्लाहको आदेशमा हस्तक्षेप गर्दछन् र छुट्टै आफ्नो मनगढन्त कानून बनाउँदछन्।

## ताराहरू (नक्षत्र) लाई प्रभावित मान्नु शिर्क हो

عَنْ زَيْد بْن خَالد الْجُهَنِيِّ رَضِيَ اللهُ عَنْهُ قَالَ: صَلَّى بِنَا رَسُولُ الله صَلَّى اللهُ عَلَيْه وَسَلَّمَ صَلَاةَ الصُّبْحِ بِالْحُدَيْبِيَة عَلَى إِثْرِ سَمَاءٍ كَانَتْ منَ اللَّيْل، فَلَمَّا انْصَرَفَ أَقْبَلَ عَلَى النَّاس فَقَالَ: «**هَلْ تَدْرُونَ مَاذَا قَالَ رَبُّكُمْ؟**» قَالُوا: اللهُ وَرَسُولُهُ أَعْلَمُ، قَالَ: «**قَالَ أَصْبَحَ منْ عبَادي مُؤْمنٌ بي وَكَافرٌ، فَأَمَّا مَنْ قَالَ: مُطرْنَا بفَضْل الله وَرَحْمَته، فَذَلكَ مُؤْمنٌ بي وَكَافرٌ بِالْكَوْكَب، وَأَمَّا مَنْ قَالَ: مُطرْنَا بنَوْء كَذَا وَكَذَا، فَذَلكَ كَافرٌ بي وَمُؤْمنٌ بِالْكَوْكَبِ**» (صحيح البخاري، رقم الحديث: ٨٤٦ - صحيح مسلم، رقم الحديث: ١٢٥)

अर्थः जैद बिन् खालिद जोहनी रजियल्लाहु अन्हुको वर्णन छ किः हुदैबिया (ठाउँ) मा एक दिन रसूल ﷺ ले वर्षा पछि हामीलाई बिहान (फज्र) को नमाज पढाउनु भयो। अनि नमाज सकिए पछि हामीतिर अनुहार फर्काएर भन्नु भयोः तिमीलाई थाहा छ तिम्रो पालनकर्ताले के भने? सहाबाहरूले भनेः अल्लाह र उनको रसूललाई राम्ररी थाहा छ। त उहाँले भन्नु भयोः कि अल्लाहले भनेः मेरा सेवकहरूले बिहान गरे, केहीजना त मुमिन थिए र केहीजना काफिर थिए। जसले भन्योः अल्लाहको कृपा र दयाले वर्षा भएको हो, त्यसले म माथि ईमान ल्यायो र ताराहरूसाथ

कुफ्र गऱ्यो । र जसले भन्योः कि फलानो तारा[1] (नक्षत्र) ले गर्दा वर्षा भएको हो, उसले मेरो साथमा कुफ्र गऱ्यो र ताराहरू (नक्षत्र) माथि ईमान ल्यायो । (बुखारी, हदीस न०: ८४६- मुस्लिम, हदीस न०:१२५)

भन्नाले जुन व्यक्ति ब्रह्माण्डमा सृष्टिको प्रभाव छ भन्ने कुरामा विश्वास राख्दछ, अल्लाहले त्यसको गणना आफ्ना इन्कारगर्नेहरूमध्ये गर्दछन्, अनि त्यो "ताराको पुजारी" हो । जसले यो भन्दछ कि सारा संसार अल्लाहको आदेशले चलिरहेको छ, त्यो उनको प्रिय भक्त हो, ताराको पूजारी होइन। ज्ञात भयो कि शुभ र अशुभ समयलाई मान्नाले, राम्रो नराम्रो तिथि वा दिन सोध्नाले वा भविष्यवक्ताको कुरामा विश्वास गर्नाले शिर्कको ढोका खुल्दछ। किनकि यी सबैको सम्बन्ध तारा र ग्रहसित छ र ग्रहहरूको प्रभाव मान्नु चाहिं तारा पूजारीहरूको काम हो ।

## ज्योतिषीहरू जादुगर र (काहिन) दैवज्ञ[2] हुन्

عَنِ ابْنِ عَبَّاسٍ رَضِيَ اللَّهُ عَنْهُمَا قَالَ: قَالَ رَسُوْلُ اللهِ صَلَّى اللَّهُ عَلَيْهِ وَسَلَّمَ: «**مَنِ اقْتَبَسَ بَابًا مِنْ عِلْمِ النُّجُومِ لِغَيْرِ مَا ذَكَرَ اللهُ فَقَدِ اقْتَبَسَ شُعْبَةً مِّنَ السِّحْرِ، الْمُنَجِّمُ كَاهِنٌ، وَالْكَاهِنُ سَاحِرٌ وَالسَّاحِرُ كَافِرٌ**» ( رواه رزين، كما في مشكاة المصابيح، رقم الحديث:٤٦٠٤)

---

(१) रूनौअरू को अनुवाद उर्दू र नेपालीमा रूनक्षत्ररू गरिन्छ। भन्नाले तालेअ्, नसीबा, बुर्ज, मन्जिल र हात्ती नक्षत्र, मेष नक्षत्र इत्यादि । रूफलानो नक्षत्ररूको तात्पर्य हो चन्द्र ग्रहको प्रभावले । परिभाषामा नक्षत्र भनेको ती तारा वा चन्द्र ग्रह हुन् जुन रात दिन परिसंचरणमा रहन्छन् र प्रत्येक बेलामा तिनका प्रभाव र विशेषता भिन्नै निर्धारित छन् । तिनलाई नै देखेर शुभ र अशुभको अनुमान लगाइन्छ, जो कि बिल्कुल गलत हो ।

(२) भाग्यसम्बन्धी कुरा गणनाद्वारा पत्तो लगाएर वा जिन्नतले दिएको खबरबाट अरूलाई बताउने व्यक्ति ।

अर्थः इब्ने अब्बास रजियल्लाहु अन्हुमाको वर्णन छ किः रसूल ﷺ ले भन्नु भयोः जसले तारा, नक्षत्र र ज्योतिषीको ज्ञानको कुनै कुरा सिक्यो, त्यस विधि बाहेक जसलाई अल्लाहले बताएका छन्, त उसले जादूको एक भाग सिक्यो | ज्योतिषी दैवज्ञ (भविष्यवक्ता) हो, दैवज्ञ जादुगर हो र जादुगर काफिर (अवज्ञाकारी) हो | (रजीनले[1] वर्णन गरेका छन्, जस्तोकि मिश्कातुल् मसाबीहमा छः हदीस न०:४६०४)

अर्थात कुरआनमा ताराहरूको वर्णन छ कि तिनीहरूबाट अल्लाहको शक्ति र तत्वदर्शिता ज्ञात हुन्छ | तिनीहरूबाट आकाशको सुन्दरता छ र तिनीहरूबाट शैतानलाई लखेटेर हिर्काइन्छ |[2] यो भनिएको छैन कि तिनलाई अल्लाहको क्रियाकलापमा हस्तक्षेप गर्ने अधिकार छ, न त संसारको राम्रो नराम्रो घटना तिनका प्रभाव हुन् | अब यदि कसैले ताराहरूको विषयमा उल्लेखित फाइदालाई छाडेर यो भनोस् र अदृश्य ज्ञानको दावी गरोस् कि उनकै प्रभावले संसारमा घटना घट्दछ, भने जुन प्रकार इस्लामभन्दा पहिलाको युगमा भविष्यवक्ताले जिन्नातहरूसित सोधेर अदृश्यका कुराहरू बताउनेगर्थे, त्यसै प्रकार ज्योतिषीले ताराहरूबाट पत्तो लगाएर बताउँदछन् | भन्नाले दैवज्ञ, ज्योतिषी, रेखा खिची पत्ता लगाउने, हस्तरेखा देखी भविष्य बताउने सबैको एउटै बाटो हो | दैवज्ञले जादुगरहरू जस्तै जिन्नातसँग मित्रता जोड्दछ र जिन्नातसँग मित्रता उनलाई नमानिकन पूर्ण हुँदैन| जब तिनलाई पुकारिन्छ र भोग दिइन्छ तब मात्र मित्रता सम्पन्न हुन्छ | तसर्थ यी कुफ्र र शिर्कका कुरा

(१) पवित्र कुरआनमा सिताराहरूको तीन फाइदाको वर्णन आएको छः आकाशको सुन्दरता, शैतानलाई हानेर लखेट्नु, र थल र जलमा यात्रीहरूको मार्गदर्शन |

(२) पवित्र कुरआनमा सिताराहरूको तीन फाइदाको वर्णन आएको छः आकाशको सुन्दरता, शैतानलाई हानेर लखेट्नु, र थल र जलमा यात्रीहरूको मार्गदर्शन |

हुन् । अल्लाहले सम्पूर्ण मुसलमानहरूलाई शिर्कबाट सुरक्षित राखुन् । आमीन!

## ज्योतिषविद् र रम्लविद्प्रति(1) विश्वासको पाप

عَنْ حَفْصَةَ رَضِيَ اللَّهُ عَنْهَا زَوْجِ النَّبِيِّ صَلَّى اللَّهُ عَلَيْهِ وَسَلَّمَ قَالَتْ: قَالَ رَسُوْلُ اللَّهِ صَلَّى اللَّهُ عَلَيْهِ وَسَلَّمَ: «**مَنْ أَتَى عَرَّافًا فَسَأَلَهُ عَنْ شَيْءٍ لَمْ تُقْبَلْ لَهُ صَلاَةٌ أَرْبَعِينَ لَيْلَةً**» (صحيح مسلم، رقم الحديث: ٢٢٣٠)

अर्थः हफ्सा रजियल्लाहु अन्हाको वर्णन छ कि अल्लाहको रसूल ﷺ ले भन्नु भयोः जो व्यक्ति भविष्यवक्ताकहाँ आयो र उससित सोध्यो त चालिस दिनसम्म त्यसको नमाज स्वीकार हुनेछैन । (सही मुस्लिम हदीस न०:२२३०)

अर्थात जुन व्यक्ति अदृश्य कुरा बताउने दावी गर्दछ, यदि कसैले त्यसकहाँ गएर कुनै कुरा सोध्यो भने चालिस दिनसम्म उसको उपासना स्वीकार हुनेरहिनछ । (किनकि उसले शिर्क गऱ्यो र शिर्कले उपासनाको तथ्यलाई मेटाइदिन्छ) । ज्योतिषी, रम्माल (रेखांकक), हस्तरेखा देख्ने व्यक्ति, सगुन अपसगुनको साइत बताउनेवाला, सबै भविष्यवक्ता अन्तर्गत आउँछन् ।

## सगुन तथा साइत निकाल्नु कुफ्रका परम्परा हुन्

عَنْ قَطَنِ بْنِ قَبِيصَةَ عَنْ أَبِيهِ أَنَّ رَسُولَ اللَّهِ صَلَّى اللَّهُ عَلَيْهِ وَسَلَّمَ قَالَ: «**الْعِيَافَةُ وَالطِّيَرَةُ وَالطَّرْقُ مِنَ الْجِبْتِ**» (سنن أبي داود، رقم الحديث:٣٩٠١)

अर्थः कतन बिन् कबीसा रहिमहुल्लाहले आफ्नो बुवा कबीसाद्वारा बयान गर्दछन् किः अल्लाहको रसूल ﷺ ले भन्नु भयोः सगुनका लागि पन्क्षी उडाउनु, भविष्यको सूचनाका लागि कुनै चीज हाल्नु र अपसगुन(2) मान्नु कुफ्रमध्ये हुन् । (अबूदाऊद,

(१) माटो बलुवामा रेखा खाँचेर भविष्य पत्ता लगाउने विधा ।

(२) अयाफः पन्क्षी वा हर्ना जनावरलाई हुर्काउँथे, यदि त्यो दाहिनेपट्टी गयो भने

हदीस न०:३९०१) यस हदीसलाई हदीसविद् शैख अल्बानीले जईफभनेका छन् । (अनुवादक)

عَنْ عَبْدِ اللَّهِ بْنِ مَسْعُودٍ رَضِيَ اللَّهُ عَنْهُ عَنْ رَسُولِ اللَّهِ صلى الله عليه وسلم قَالَ «الطِّيَرَةُ شِرْكٌ الطِّيَرَةُ شِرْكٌ » ثَلاَثًا . (سنن أبي داؤد, رقم الحديث: ٣٩٠٤)

अर्थः अब्दुल्लाह बिन् मस्ऊद रजियल्लाहु अन्हुको वर्णन छ किः नबी ﷺ ले भन्नु भयोः सगुन मान्नु शिर्क हो, सगुन मान्नु शिर्क हो, तीन चोटि दोहऱ्याउनु भयो । (अबूदाऊद, हदीस न०:३९०४) यस हदीसलाई हदीसविद् शैख अल्बानीले रूसहीरू भनेका छन् । (अनुवादक)

अरब देशमा सगुनको रिवाज एकदमै प्रचलित थियो र सगुनप्रति तिनको अटुट विश्वास थियो । यसले गर्दा उहाँ ﷺले कई चोटि भन्नु भयो, ताकि त्यसबाट तिनीहरू जोगिहालुन् ।

عَنْ سَعْدِ بْنِ مَالِك رَضِيَ اللَّهُ عَنْهُ أَنَّ رَسُولَ اللَّهِ -صلى الله عليه وسلم- كَانَ يَقُولُ «لاَ هَامَةَ وَلاَ عَدْوَى وَلاَ طِيَرَةَ وَإِنْ تَكُنِ الطِّيَرَةُ فِى شَىْءٍ فَفِى الْفَرَسِ وَالْمَرْأَةِ وَالدَّارِ» (سنن أبي داؤد, رقم الحديث: ٣٩١٤)

अर्थः सअद बिन् मालिक रजियल्लाहु अन्हुको वर्णन छ किः अल्लाहको रसूल ﷺ ले भन्दै गर्नु हुन्थ्योः न उल्लु अशुभ छ, न कसैलाई कसैको रोग लाग्दछ र नत कुनै चीज अपसगुन हुन्छ। यदि अपसगुन भएको भए त स्त्री, घर र घोडामा हुन्थ्यो होला। (अबूदाऊद, हदीस न०:३९१४) यस हदीसलाई हदीसविद् शैख अल्बानीले सहीह भनेका छन् । (अनुवादक)

अरबको आस्था थियो कि जुन (हत्या गरिएको) मृतकको बदला लिईंदैन, उसको खोपडीबाट उल्लु निस्केर अनुरोध गर्दै घुम्दछ ।

---

शुभ मान्थे, यदि देब्रेपट्टी गयो भने अशुभ मानेर कामबाट रुकिहाल्थे । "तेयरा" को पनि यही तात्पर्य हो । "तुरुक" भनेको यो हो किः ढुंगा हान्दथे वा बलुवामा रेखा खिंच्दथे र त्यसबाट शुभ र अशुभ निकाल्दथे ।

उसलाई “हामा” भनिन्थ्यो । उहाँ ﷺ ले भन्नु भयोः कि यो कुरो बिल्कुल निराधार हो । थाहा भयो कि आवागमन (एक पछि अर्को रूप लिएर जन्मिनु) पूर्ण निराधार हो । अरबमा केही रोगहरू जस्तैः खजुली, कुष्ठरोग इत्यादिको सम्बन्धमा यो आस्था थियो कि एक अर्कामा सरिहाल्छन् । भन्नु भयोः यो पनि गलत हो । त ज्ञात भयो कि आमजनमा जुन यो कुरो प्रचलित छ कि “चेचक” को रोगिबाट बँच्दछन् र बच्चाहरूलाई त्यसनेर जान दिदैनन्, यो कुफ्रको रीति हो यसलाई मान्नु हुँदैन । (भन्नाले यो विश्वास राख्नु हुँदैन कि फलाना व्यक्तिको रोग आफै, अल्लाहको आदेश बिना हामीमा सरिहाल्नेछ, किनकि रोग अल्लाहको आदेशले लाग्दछ, तर हो! चिकित्साको दृष्टिले सावधान रहनुमा कुनै दोष छैन)

मानिसहरूमा यो कुरा पनि प्रसिद्ध छ कि फलाना काम फलानो व्यक्तिको लागि अशुभ छ, पूर्ण पर्दैन, यो पनि गलत हो । भन्नु भयो किः यस कुराको यदि कुनै  प्रभाव छ भने तीन कुरामा मात्र छः “घर,घोड़ा (सवारी), महिला[1], यी कुराहरू कहिलेकाहीं अशुभ साबित हुन्छन्, तर तिनको अशुभता थाहा गर्ने कुनै यन्त्र बताइएको छैन । यो कुरा जुन समाजमा प्रसिद्ध छ कि बाघमुख घर[2], तारा निधारको घोडा आदि अशुभ हुन्छ, सबै गलत हो । नयाँ घर, घोडा, सवारी खरीद गरेमा वा विवाह गरेमा शुभ होस् भनी मात्र अल्लाहसित माँग्नुस् र उनैसित त्यसको अशुभताबाट शरणको याचना गर्नुस् । बाँकी अन्य कुरामा यो विश्वास नगर्नु कि फलानो काम पूर्ण पर्‍यो, फलानो पूर्ण परेन ।

(१) अर्को ठाउँमा त्यसको पुष्टि यस प्रकार गर्नु भयोः त्यो घर नराम्रो र अशुभ हो, जसको छिमेकी नराम्रा हुन् । त्यो महिला नराम्रो र अशुभ हो, जुन नराम्रो आचरण र बानीको होस् । त्यो घोडा राख्ने योग्य हुँदैन, जुन हल्ला गर्ने र अटेर होस् ।

(२) जुन घर अगाडितिर खुल्ला र पिछाडितिर साँग्रो होस् त्यसलाई “शेरदहाँ” (बाघमुख) भनिन्छ । हिन्दूले त्यसलाई अशुभ मान्दछन् ।

عَنْ أَبِي هُرَيْرَةَ رَضِيَ اللَّهُ عَنْهُ قَالَ قَالَ النَّبِيُّ صَلَّى اللَّهُ عَلَيْهِ وَسَلَّمَ: «**لَا عَدْوَى وَلَا صَفَرَ وَلَا هَامَةَ**». (صحيح البخاري، رقم الحديث: ٥٧٧٠)

अर्थः अबूहुरैरह रजियल्लाहु अन्हुको वर्णन छ किः नबी ﷺ ले भन्नु भयोः न छूतछात (अशुभ) हो, न उल्लु (अशुभ) हो, न सफर हो। (बुखारी, हदीस न०: ५७७०)

अरब बासीहरू "जूड़ल्कल्ब" कुकुरभोक रोगको विषयमा यो विचार राख्दथे कि त्यसको पेटमा कुनै अशुद्ध आत्मा प्रवेश गरेको छ जसले सबै खाना खाइदिन्छ, त्यसले गर्दा यसको पेट भर्दैन। त्यस भूतको नाम "सफर" भनी प्रसिद्ध थियो। उहाँ ﷺ ले भन्नु भयो कि यो मात्र भ्रम हो, त्यो भूतप्रेत केही पनि होइन। थाहा भयो कि रोगी भूतप्रेतको प्रभावले हुँदैन। कसै-कसैले कुनै रोगलाई प्रेतको प्रभाव सम्झन्छन्, जस्तैः सीतला मसानी, बराही[1] इत्यादि, तर यो कुरो एकदम गलत हो। यसैगरि जाहिलियतमा (नबी हुनुभन्दा पहिलाको युग) "सफर" महिनालाई अशुभ मान्दथे र त्यसमा कुनै काम गर्दैन्थे, यो पनि गलत हो। अनि थाहा भयो कि सफर महिनाका तेह्र दिनलाई अशुभ मान्नु र विश्वास राख्नु कि यसमा समस्याहरू आउँछन्, गलत हो। यसै प्रकार कुनै चीज, तिथी, दिन वा समयलाई अशुभ मान्नु सबै शिर्क हुन्।

عَنْ جَابِرٍ رَضِيَ اللَّهُ عَنْهُ أَنَّ رَسُولَ اللَّهِ صلى الله عليه وسلم أَخَذَ بِيَدِ مَجْذُومٍ فَوَضَعَهَا مَعَهُ فِى الْقَصْعَةِ وَقَالَ: «**كُلْ ثِقَةً بِاللَّهِ وَتَوَكُّلاً عَلَيْهِ**» (سنن الترمذي، الحديث: ١٨٢٢– سنن أبي داؤد، الحديث: ٣٩١٨ – سنن بن ماجه، الحديث:٣٥٤٢)

अर्थः जाबिर रजियल्लाहु अन्हुको वर्णन छ किः रसूल ﷺ ले कुष्ठरोगीको हात समातेर आफ्नो थालीमा राख्दै भन्नु भयोः अल्लाहमाथि भरोसा र विश्वास गरेर खाऊ। (अबूदाऊद, हदीस

(१) बराहीः हिन्दूहरूमा रोगहरूको एक देवीको नाम हो जसको पूजा गरिन्छ, ताकि रोगीहरू सन्चो भइहालुन्।

न०ः ३९१८- तिर्मिजी, हदीस न०ः १८२२- इब्ने माजा, हदीस न० :३५४२) यस हदीसलाई हदीसविद् शैख अल्बानीले “जईफ” भनेका छन् । (अनुवादक)

अर्थात हाम्रो विश्वास र भरोसा अल्लाहमाथि छ, उनले जसलाई चाहन्छन् रोग दिन्छन् र जसलाई चाहन्छन् सुस्वस्थ राख्छन् । हामी कसैको साथमा खानुबाट डर र रोग सर्छ भन्ने कुरा मान्दैनौं ।

## अल्लाहलाई सिफारिशकर्ता नबनाउनु

عَنْ جُبَيْرِ بْنِ مُطْعِمٍ قَالَ: أَتَى رَسُولَ اللَّهِ صلى الله عليه وسلم أَعْرَابِىٌّ فَقَالَ: يَا رَسُولَ اللَّهِ جُهِدَتِ الأَنْفُسُ وَضَاعَتِ الْعِيَالُ وَنُهِكَتِ الأَمْوَالُ وَهَلَكَتِ الأَنْعَامُ فَاسْتَسْقِ اللَّهَ لَنَا فَإِنَّا نَسْتَشْفِعُ بِكَ عَلَى اللَّهِ وَنَسْتَشْفِعُ بِاللَّهِ عَلَيْكَ. قَالَ رَسُولُ اللَّهِ صلى الله عليه وسلم: «**وَيْحَكَ أَتَدْرِى مَا تَقُولُ**» وَسَبَّحَ رَسُولُ اللَّهِ صلى الله عليه وسلم فَمَا زَالَ يُسَبِّحُ حَتَّى عُرِفَ ذَلِكَ فِى وُجُوهِ أَصْحَابِهِ ثُمَّ قَالَ: «**وَيْحَكَ إِنَّهُ لاَ يُسْتَشْفَعُ بِاللَّهِ عَلَى أَحَدٍ مِنْ خَلْقِهِ شَأْنُ اللَّهِ أَعْظَمُ مِنْ ذَلِكَ وَيْحَكَ أَتَدْرِى مَا اللَّهُ؟ إِنَّ عَرْشَهُ عَلَى سَمَوَاتِهِ لَهَكَذَا**». وَقَالَ بِأَصَابِعِهِ مِثْلَ الْقُبَّةِ عَلَيْهِ: «**وَإِنَّهُ لَيَئِطُّ بِهِ أَطِيطَ الرَّحْلِ بِالرَّاكِبِ**». (سنن أبي داود، رقم الحديث: ٤٧١١)

अर्थः जुबैर बिन् मुतइम रजियल्लाहु अन्हुको वर्णन छ कि अल्लाहको रसूल ﷺ कहाँ एक दीहाती (गाउँमा बस्ने मान्छे) आएर भन्यो “सबै समस्यामा परका छन्, बच्चाहरू भोकले रुइराहेछन्, सम्पत्ति सिद्धिन लाग्यो, जनावर बर्बाद भए । हजुरले हाम्रो लागि अल्लाहसित वर्षाको प्रार्थना गरिदिनुस्, हामी अल्लाहनेर हजुरलाई सिफारिशकर्ता बनाउन चाहनन्छौं र हजुरनेर अल्लाहलाई ।” नबी ﷺ ले भन्नु भयोः मूर्ख! तिमीलाई थाहा छ के भनिराखेछौ? अनि सुब्हानल्लाह (अल्लाह पवित्र छ) बारम्बार भन्न लाग्नु भयो यहाँसम्म कि सहाबाको अनुहारमा त्यसको असर देखा पर्नलाग्यो। फेरि भन्नु भयोः मूर्ख! अल्लाहले कसैसित सिफारिश गर्दैनन्, उनको शान त्यसभन्दा उच्चतर छ, मूर्ख! के तिमीलाई थाहा

छ अल्लाह को हुन्? उनको सिंहासन उनको आकाशमाथि यस प्रकार छ (र औंलाहरूले गुम्बज जस्तै बताउनु भयो) त्यसको (भार) कारणले त्यो चर्किराहेछ, जुन प्रकार उँटको काठी सवारी व्यक्तिको भारले चर्किन जान्छ। (अबूदाऊद, हदीस न०: ४७११) यस हदीसलाई हदीसविद् शैख अल्बानीले "जईफ" भनेका छन्। (अनुवादक)

अर्थात एक चोटि अरबमा अकाल पऱ्यो, अनि एउटा गाउँले व्यक्ति नबीकहाँ आएर परिस्थिति बयान गरी उहाँसित प्रार्थना गर्ने आग्रह गऱ्यो, यो पनि भन्योः कि हामी हजूरको सिफारिश अल्लाहसित चाहन्छौं र अल्लाहको सिफारिश हजूरसित चाहन्छौं। यो सुनेर उहाँ अल्लाहको भय र डरले काम्न लाग्नु भयो र अल्लाहको महानता वर्णन गर्ने शब्दहरू जप्न थाल्नु भयो, अल्लाहको महानताले उपस्थित सभाको अनुहारमा भयको लक्षण देखा पर्नलाग्यो। फेरि उहाँ ﷺ ले गाउँलेलाई सम्झाउनु भयो कि अख्तियार त अल्लाहकै छ, यदि मालिकले सिफारिशको कारण काम पुरा गरिदिन्छन् भने उनको कृपा हो र जब यो भनियो कि हामी अल्लाहलाई सिफारिशकर्ता बनाएर पैगम्बरनेर ल्यायौं भने मालिक पैगम्बरलाई ठानियो, हालांकि मालिक हुनु अल्लाहको शान हो। आइन्दा यस प्रकारको शब्द नभन्नु। अल्लाह त अति महान छन्, सम्पूर्ण नबी र वलीहरू उनको दाँजोमा एक कणभन्दा पनि साना छन्। सम्पूर्ण आकाश र धरतीलाई उनको सिंहासनले एउटा गुम्बज जस्तै घेरेको छ, सिंहासन यति ठूलो भएर पनि अल्लाहको महानतालाई समाल्न नसकेर चर्किरहेको छ। सृष्टिले त उनको महानताको कल्पना पनि गर्न सक्दैन। उनको क्रियाकलापमा हस्तक्षेप गर्नुको त कुरै छोडदिनु, उनी महाराजले त बिना सेना, बिना मन्त्री र सल्लाहकारको एक क्षणमा करोडौं कामहरू टुंग्याइ दिन्छन्। त उनले कसैको अगाडि आएर सिफारिश किन गरुन्? उनको अगाडि को मालिक बन्न सक्छ? सुब्हानल्लाह (अल्लाह पवित्र छन्)! सम्पूर्ण सृष्टिमा सबभन्दा उत्कृष्ट, अल्लाहको प्रियतम, अल्लाहको रसूल ﷺ

को यो स्थिति कि एक गाउँले मान्छेको मुखबाट एउटा अयोग्य शब्द निस्किहाल्यो त उहाँ ﷺ भयभित भएर काम्न लाग्नु भयो र आकाश पृथ्वी भरीको महानता वर्णन गर्न लाग्नुभयो, भने तिनलाई के भन्ने जसले उनीसँग भाईबन्धु वा मित्र जस्ता नाता मानि रहेछन् र ठूला ठूला कुरा भन्दै गरेछन्? कोही भन्दछ मैले रब्ब (अल्लाह) लाई एक कौडीमा किनिहाले। कोही भन्दछ म अल्लाहभन्दा दुई वर्ष जेठो छु। कोही भन्दछ मेरो अल्लाह मेरो पीर बाहेक अन्यको रूपमा प्रकट हुन्छ भने मैले उसलाई कहिल्यै देख्दिन र कसैले यो कविता भनेको छः

“मेरो हृदय मुहम्मद ﷺ को मायाले घाइते छ, मैले आफ्नो रब्बसित दुश्मनी राख्दछु”।

र कसैले भनेको छ^

अर्थातः “रब्बको साथमा दीवाना, मुहम्मद ﷺ को साथ सावधान रह”

त कसैले मुहम्मद ﷺ को वास्तविकतालाई अल्लाहको वास्तविकताभन्दा उत्तम ठान्दछ। अल्लाहको शरण! अल्लाहको शरण! यी मुस्लिमहरूलाई के भएको छ? कुरआन हुँदा पनि तिनीहरूको बुद्धि भ्रष्ट किन भएको हो? यो अन्धकार! “اللهم احفظنا اللهم احفظنا...آمين” हे अल्लाह हामीलाई सुरक्षित राख्नु, हे अल्लाह हामीलाई सुरक्षित राख्नु, आमीन!

कसैले राम्रै भनेका छन्ˆ

“हामी अल्लाहसित शिष्टताको साहस पाउने प्रर्थना गर्दछौं, शिष्टताहीन व्यक्ति अल्लाहको कृपाबाट वंचित हुन्छ।”

मानिसहरूमा एउटा “खतम” अर्थात समाप्ति प्रसिद्ध छ, जसमा यो शब्द भनिन्छ “या शैख अब्दुल्कादिर जीलानी शैअन लिल्लाह”। अर्थात “हे शैख! अल्लाहको लागि हाम्रो मनोकामना

पुरा गरिदिनुस् ।" यो पनि खुल्ला शिर्क[1] हो, यस पापबाट अल्लाहले मुस्लिमहरूलाई बचाउन् । आमीन! यस्तो शब्द मुखबाट नभन्नु जसबाट शिर्कको बोध वा इस्लामी शिष्टाचारको विरुद्ध होस् । अल्लाहको शान अत्यन्तै महान, परिपूर्ण र अमर छ, एक बिन्दुले समातिनु र एक पुण्यले क्षमा गरि बख्शिनु उनैको काम हो । यो भन्नु एकदम अवहेलना हो किः "देखनमा मैले अवहेलनाको शब्द बोले तर त्यसको तात्पर्य अर्कै मानेको छु" किनकि अल्लाह पहेली अर्थात भ्रमात्मक भनाइहरूभन्दा कहीं उत्तम र श्रेष्ठ छन् । यदि कोही आफ्नो महापुरुषसित मजाक गर्न थाल्यो भने त्यसलाई कति नराम्रो मानिन्छ? हांसी र मजाकको कुरा खुल्ला फ्रेंक साथीहरूसित हुन्छ, बाबु र राजासित होइन ।

## अल्लाहनेर सबभन्दा प्यारो नाम

عَنْ ابْنِ عُمَرَ رَضِيَ اللَّهُ عَنْهُمَا قَالَ: قَالَ رَسُولُ اللَّهِ صَلَّى اللَّهُ عَلَيْهِ وَسَلَّمَ: «إِنَّ أَحَبَّ أَسْمَائِكُمْ إِلَى اللهِ عَبْدُاللَّهِ وَعَبْدُالرَّحْمَنِ». (صحيح مسلم، كتاب الآداب، رقم الحديث: ٣٩٧٥)

अर्थः इब्ने उमर रजियल्लाहु अन्हुमाको वर्णन छः अल्लाहको रसूल ﷺ ले भन्नु भयोः अल्लाहनेर तिम्रा नामहरूमध्ये सबैभन्दा प्यारा नाम अब्दुल्लाह र अब्दर्रहमान हुन् । (मुस्लिम, हदीस न०: ३९७५)

अल्लाहको बन्दा (दास) र रहमानको बन्दा कति प्यारा नाम छन् । यी नामहरू जस्तै अब्दुल्कुद्दूस, अब्दुल्जलील, अब्दुल्खालिक, इलाही बख्श, अल्लाह दिया, अल्लाह दाद, इत्यादि पनि छन्, जसमा अल्लाहसित सम्बन्ध जोडेको जनाइन्छ ।

---

(१) रसूल ﷺ को हदीस अनुसार प्रार्थनाको शुरूमा र अन्तिममा दरूद पढ्नु प्रार्थना स्वीकार हुने माध्यम हो । कसैलाई माध्यम (वसीला) बनाउनु, उत्कृष्ट तीन युग र चारै इमामबाट सही र प्रष्ट तरिकाबाट प्रमाणित छैन । तसर्थ यसबाट बँच्नु पर्छ ।

## अल्लाहको नामसँग उपनाम नराख्नु

عَنْ شُرَيْحِ بْنِ هَانِئٍ عَنْ أَبِيهِ أَنَّهُ لَمَّا وَفَدَ إِلَى رَسُولِ اللَّهِ صَلَّى اللَّهُ عَلَيْهِ وَسَلَّمَ مَعَ قَوْمِهِ سَمِعَهُمْ يُكَنُّونَهُ بِأَبِي الْحَكَمِ، فَدَعَاهُ رَسُولُ اللَّهِ صَلَّى اللَّهُ عَلَيْهِ وَسَلَّمَ فَقَالَ: «**إِنَّ اللَّهَ هُوَ الْحَكَمُ وَإِلَيْهِ الْحُكْمُ، فَلِمَ تُكَنَّى أَبَا الْحَكَمِ؟**» (سنن أبي داود، ٤٩٤٥- سنن الترمذي، أبواب الدعوات - سنن النسائي، كتاب آداب القضاء)

अर्थः शुरैहले आफ्नो बुवाद्वारा वर्णन गरेकाछन् किः जब म आफ्नो समूदायको एक दलसँग अल्लाहको रसूल ﷺकहाँ आएं, त उहाँ ﷺ ले सुन्नु भयो कि मलाई मेरा साथीहरूले "अबुल्हकम" भनेर बोलाउँछन् । उहाँ ﷺ ले मलाई बोलाएर भन्नु भयो किः हकम (निर्णायक) अल्लाहनै हुन् र आदेश गर्नु उनैको विशेषता हो । तिम्रो उपनाम "अबुल्हकम" किन राखियो? (अबूदाऊद, हदीस न०: ४९४५- तिर्मिजी, नेसाई) यस हदीसलाई हदीसविद् शैख अल्बानीले "सही" भनेका छन् । (अनुवादक)

अर्थात हरेक निर्णय गर्नु र विवादलाई समाप्त गरिदिनु अल्लाहकै शान हो, जुन महाप्रलयको दिन हुने त्यहाँ विगत र आगामी सबै विवादहरूको निर्णय भइहाल्नेछ । यो क्षमता कुनै सृष्टिमा छैन । थाहा भयो कि जुन शब्द मात्र अल्लाहकै योग्य छ, त्यसलाई अरु कसैको लागि प्रयोग गर्नु हुँदैन । जस्तैः शहन्शाह (राजाहरूको राजा) अल्लाहलाई नै भन्नु पर्छ । उनी सम्पूर्ण ब्रह्माण्डको रब्ब हुन् जे चाहन्छन् गर्छन् । यो शब्द अल्लाहकै लागि बोल्न सकिन्छ । यसै प्रकार "पूजनीय" "तत्वदर्शी" "निस्पृह" इत्यादि जस्ता शब्द अल्लाहकै शानको योग्य छन् ।

## मात्र "मा शा अल्लाह" भन्नु

عَنْ حُذَيْفَةَ رَضِيَ اللَّهُ عَنْهُ عَنِ النَّبِيِّ صَلَّى اللَّهُ عَلَيْهِ وَسَلَّمَ قَالَ: «**لَا تَقُولُوا مَا شَاءَ اللَّهُ وَشَاءَ مُحَمَّدٌ، وَقُولُوا مَا شَاءَ اللَّهُ وَحْدَهُ**». (شرح السنة للبغوي، مشكاة المصابيح)

अर्थः हुजैफा रजियल्लाहु अन्हुको वर्णन छ किः नबी ﷺ ले भन्नु

भयोः यसो नभन्नु, जे अल्लाह र मुहम्मद ﷺ चाहुन्, बरू यसो भन्नुः मात्र अल्लाहले जे चाहुन् । (शरहुस्सुन्नह,बगवी - मिश्कात)

भन्नाले अल्लाहको विशेषता र शानमा कुनै सृष्टिको हस्तक्षेप छैन, चाहे त्यो कत्ति महान र प्रिय किन नहोस्, जस्तै यो नभन्नु किः अल्लाह र रसूलले चाहे भने काम भइहाल्छ, किनकि संसारको सबै काम मात्र अल्लाहको चाहनाले हुन्छ, रसूलको चाहनाले केही पनि हुँदैन । वा कोही व्यक्ति सोधोस् किः फलानाको मनमा के छ? फलानोको विहे कहिले हुनेछ? फलाना रुखमा कति पातहरू छन्? आकाशमा कति ताराहरू छन्? त यसको जवाफमा यसो नभनोस् किः अल्लाह र रसूल जानुन् । किनकि गैब (अदृश्य)को ज्ञान मात्र अल्लाहलाई छ, रसूललाई छैन । तर यदि धार्मिक कुरामा यसो भनियोस् भने कुनै आपत्ति छैन । किनकि अल्लाहले आफ्नो रसूललाई धर्मको हरेक कुरा बताइदिएका छन् र सबैलाई आफ्नो रसूलको अनुसरण गर्ने आदेश दिएका छन् ।

## अल्लाह बाहेकको सौगन्ध (कसम) खानु शिर्क हो

عَنْ ابْنِ عُمَرَ رَضِيَ اللَّهُ عَنْهُمَا قَالَ: سَمِعْتُ رَسُولَ اللَّهِ صَلَّى اللَّهُ عَلَيْهِ وَسَلَّمَ يَقُولُ: «**مَنْ حَلَفَ بِغَيْرِ اللَّهِ فَقَدْ كَفَرَ أَوْ أَشْرَكَ**». (سنن الترمذي، رقم الحديث: ١٥٣٩)

अर्थः इब्ने उमर रजियल्लाहु अन्हुमाको वर्णन छ किः मैले अल्लाहको रसूल ﷺ बाट भन्दै सुनेको छुः जसले अल्लाह बाहेकको कसम खायो, त्यसले शिर्क गऱ्यो । (तिर्मिजी, हदीस न०: १५३९) यस हदीसलाई हदीसविद् शैख अल्बानीले "सही" भनेका छन् । (अनुवादक)

عَنْ عَبْدِالرَّحْمَنِ بْنِ سَمُرَةَ رَضِيَ اللَّهُ عَنْهُ قَالَ: قَالَ رَسُولُ اللَّهِ صَلَّى اللَّهُ عَلَيْهِ وَسَلَّمَ: «**لَا تَحْلِفُوا بِالطَّوَاغِي وَلَا بِآبَائِكُمْ**» (صحيح مسلم، رقم الحديث: ١٦٤٨)

अर्थः अब्दुर्रहमान बिन् समोरह रजियल्लाहु अन्हुको वर्णन छ किः रसूल ﷺ ले भन्नु भयोः मूर्तिहरूको कसम नखानु र नत पूर्वजहरूको । (मुस्लिम, हदीस न०: १६४८)

عَنْ ابْنِ عُمَرَ رَضِيَ اللَّهُ عَنْهُمَاأَنَّ رَسُولَ اللَّهِ صَلَّى اللَّهُ عَلَيْهِ وَسَلَّمَ قَالَ: «**إِنَّ اللَّهَ**

**يَنْهَاكُمْ أَنْ تَحْلِفُوا بِآبَائِكُمْ، مَنْ كَانَ حَالِفًا فَلْيَحْلِفْ بِاللَّهِ أَوْ لِيَصْمُتْ»**. (صحيح البخاري، رقم الجديث: ٦٦٤٦– صحيح مسلم، رقم الحديث: ١٦٤٦)

अर्थः इब्ने उमर रजियल्लाहु अन्हुमाको वर्णन छ किः रसूलﷺ ले भन्नु भयोः अल्लाहले तिमीलाई पुर्खा पूर्वजको कसम खानुबाट रोक्दछन् । कसैले कसम खाओस् भने अल्लाहको खाओस्, नत्र चुप लागोस् । (बुखारी, हदीस न०: ६६४६-मुस्लिम, हदीस न०: १६४६)

عَنْ أَبِي هُرَيْرَةَ رَضِيَ اللَّهُ عَنْهُ عَنِ النَّبِيِّ صَلَّى اللَّهُ عَلَيْهِ وَسَلَّمَ قَالَ: «**مَنْ حَلَفَ فَقَالَ فِي حَلِفِهِ بِاللَّاتِ وَالْعُزَّى فَلْيَقُلْ لَا إِلَهَ إِلَّا اللَّهُ**». (صحيح البخاري، رقم الجديث: ٦٦٥٠– صحيح مسلم، رقم الحديث: ١٦٤٧)

अर्थः अबूहुरैरह रजियल्लाहु अन्हुको वर्णन छ किः नबी ﷺ ले भन्नु भयोः जसले (विश्वास नगरि बानीले) लात र उज्जा (मूर्ति) को कसम खायो, उसले "लाइलाहा इल्लल्लाह" भन्नु पर्छ । (बुखारी, हदीस न०: ६६५०- मुस्लिम, हदीस न०: १६४७)

जाहिलियतको युगमा मूर्तिहरूको कसम खाइन्थ्यो इस्लाममा यदि कुनै मुस्लिमको मुखबाट बानीले गर्दा बिना विश्वासको मूर्तिहरूको कसम निस्किहाल्यो भने तुरन्तै "लाइलाहा इल्लल्लाह" भनेर तौहीदको स्वीकारोक्ति गर्नु पर्छ । यसले थाहा पाइयो कि अल्लाह बाहेक कुनै चीजको कसम नखाइयोस् । तिनको कसम खानाले ईमानमा त्रुटि बिच्छेदन हुन्छ ।

## नज़र (मन्नत)को विषयमा नबी ﷺ को निर्णय

عَنْ ثَابِتِ بْنِ الضَّحَّاكِ رَضِيَ اللَّهُ عَنْهُ قَالَ : نَذَرَ رَجُلٌ عَلَى عَهْدِ رَسُولِ اللَّهِ صلى الله عليه وسلم أَنْ يَنْحَرَ إِبِلاً بِبُوَانَةَ فَأَتَى النَّبِيَّ صلى الله عليه وسلم فَقَالَ : إِنِّى نَذَرْتُ أَنْ أَنْحَرَ إِبِلاً بِبُوَانَةَ. فَقَالَ النَّبِيُّ صلى الله عليه وسلم: «**هَلْ كَانَ فِيهَا وَثَنٌ مِنْ أَوْثَانِ الْجَاهِلِيَّةِ يُعْبَدُ؟**» قَالُوا : لاَ. قَالَ: «**هَلْ كَانَ فِيهَا عِيدٌ مِنْ أَعْيَادِهِمْ؟**» قَالُوا : لاَ. قَالَ رَسُولُ اللَّهِ صلى الله عليه وسلم: «**أَوْفِ بِنَذْرِكَ فَإِنَّهُ لاَ وَفَاءَ لِنَذْرٍ فِى مَعْصِيَةِ اللَّهِ**». (سنن أبي داود، ٣٣٠٣)

अर्थः साबित बिन् जेहाक रजियल्लाहु अन्हुको वर्णन छ किः

नबी ﷺ को युगमा एक व्यक्तिले नजर माने कि बोवाना[1]मा गएर उँटको बलिदिन्छु । अनि रसूलुल्लाह ﷺ समक्ष आएर भनेः मैले नजर मानेको छु कि बोवानामा गएर उँट बलिदिन्छु । त नबी ﷺ ले सोध्नु भयोः त्यहाँ जाहिलियतका थानहरूमध्ये कुनै थान त थिएन? सहाबाले भनेः थिएन, सोध्नु भयोः त्यहाँ कुनै पर्व त मनाइन्थेन? भनेंः मनाइन्थेन, अनि भन्नु भयोः आफ्नो नजर पुरा गरिहाल्नु किनकि त्यस नजरलाई पुरा गर्नु मनाही छ, जसमा अल्लाहको अवज्ञा हुन्छ । (अबूदाऊद, हदीस न०: ३३०३) यस हदीसलाई हदीसविद् शैख अल्बानीले “सही” भनेका छन् । (अनुवादक)

थाहा भयो कि अल्लाह बाहेक अरूकसैको लागि मन्नत मान्नु पाप हो । यस्ता मन्नतलाई पुरा गर्नु हुँदैन किनकि स्वयं यो कुरा पाप हो र त्यसलाई पुरा गर्नु पाप माथि पाप हुन्छ । यो पनि थाहा भयो कि जुन स्थानमा अल्लाह बाहेकको नाममा जनावर बलि दिइने गरिन्छ वा अल्लाह बाहेकलाई पूजापाठ गरिन्छ वा भेलागरि शिर्क गरिन्छ, अल्लाहको नामको पनि जनावर त्यहाँ लानु हुँदैन । चाहे जेसुकै नियतले पनि त्यसमा भाग लिनु हुँदैन, किनकि त्यहाँ जानु नै नराम्रो हो ।

## अल्लाहलाई सज्दा (ढोग) र नबी अलैहिस्सलामलाई सम्मान

عَنْ عَائِشَةَ رَضِيَ اللَّهُ عَنْهَا، أَنَّ رَسُولَ اللهِ صَلَّى اللَّهُ عَلَيْهِ وَسَلَّمَ كَانَ فِي نَفَرٍ مِنَ الْمُهَاجِرِينَ وَالْأَنْصَارِ، فَجَاءَ بَعِيرٌ، فَسَجَدَ لَهُ، فَقَالَ أَصْحَابُهُ: يَا رَسُولَ اللهِ، تَسْجُدُ لَكَ الْبَهَائِمُ وَالشَّجَرُ، فَنَحْنُ أَحَقُّ أَنْ نَسْجُدَ لَكَ، فَقَالَ: «**اعْبُدُوا رَبَّكُمْ، وَأَكْرِمُوا أَخَاكُمْ**» (مسند أحمد٦/٧٦)

अर्थः अइशा रजियल्लाहु अन्हाको वर्णन छ किः रसूल ﷺ मोहाजिरीन र अन्सारहरूको एक सभामा उपस्थि हुनुहुन्थ्यो अनि एउटा ऊँटले आएर वहाँ ﷺ लाई सज्दा (दण्डवत) गऱ्यो । सहाबाले

(१) एक ठाउँको नाम हो ।

भनेः हे अल्लाहको रसूल! हजुरलाई रुख र जनावरहरू सज्दा गर्दछन् भने तिनीभन्दा बढी त हाम्रो हक छ कि हजुरलाई हामी सज्दा गरौं। त नबी ﷺ ले भन्नु भयोः तिमी आफ्नो पालनकर्ताको पूजा गर र आफ्नो भाइको सम्मान गर। (मुस्नद अहमद ६/ ७६)

भन्नाले सम्पूर्ण मानिस आपसमा भाइ-भाइ हुन्। जो वृद्ध र सज्जन होस्, त्यो ठूलो भाइ (दाजु) हो, त्यसलाई ठूलो भाइ (दाजु) जस्तै सम्मान दिनु। बाँकी सबैको मालिक अल्लाह हुन्, पूजा उपासना उनैको गर्नु पर्छ। ज्ञात भयो कि जति पनि अल्लाहका निकटतम भक्तहरू छन्, चाहे नबी हुन् वा वली, ती सबै अल्लाहका आपेक्षी भक्त र हाम्रा भाइ हुन्। तर अल्लाहले उनीलाई महानता प्रदान गरे त उनी हाम्रा ठूला भाइ जस्तै भए, हामीलाई उनको आज्ञा मान्नुको आदेश छ, किनकि हामी सानो छौं। तसर्थ उनको सम्मान मानिस जस्तै गर्नु र पूजनीय नबनाउनु। साथै यो पनि थाहा पाइयो कि केही महान पुरुषहरूको सम्मान पशु र रुखले पनि गर्दछन्। अल्लाहले बताएको सम्मान मानिसले गर्न सक्दछ, तर त्यसभन्दा अगाडि बढ्न सक्दैन। जस्तैः समाधिमा मुजावर बनेर बस्नु पवित्र धर्म इस्लाममा छैन, यसले गर्दा कदापि मुजावर नबन्नु, चाहे त्यस समाधि र कब्रमा बाघ सधैं बसिरहोस्। किनकि मानिसलाई जनावरको नक्कल गर्नु उचित छैन।

عَنْ قَيْسِ بْنِ سَعْدٍ رَضِيَ اللَّهُ عَنْهُ قَالَ: أَتَيْتُ الْحِيرَةَ فَرَأَيْتُهُمْ يَسْجُدُونَ لِمَرْزُبَانٍ لَهُمْ، فَقُلْتُ: رَسُولُ اللَّهِ أَحَقُّ أَنْ يُسْجَدَ لَهُ، قَالَ: فَأَتَيْتُ النَّبِيَّ صَلَّى اللَّهُ عَلَيْهِ وَسَلَّمَ فَقُلْتُ: إِنِّي أَتَيْتُ الْحِيرَةَ فَرَأَيْتُهُمْ يَسْجُدُونَ لِمَرْزُبَانٍ لَهُمْ، فَأَنْتَ يَا رَسُولَ اللَّهِ أَحَقُّ أَنْ نَسْجُدَ لَكَ، قَالَ: «**أَرَأَيْتَ لَوْ مَرَرْتَ بِقَبْرِي أَكُنْتَ تَسْجُدُ لَهُ؟**» قُلْتُ: لَا قَالَ: «**فَلَا تَفْعَلُوا**» (أبوداود، رقم الحديث: ٢١٤٠)

अर्थः कैस बिन् सअद रजियल्लाहु अन्हुको वर्णन छ किः म हीरह (शहर)मा गएं, त मैले त्यहाँका मानिसहरूलाई आफ्नो राजाको सज्दा गरेको देखें। अनि मैले आफ्नो मनमा भनें किः

अल्लाहको रसूल ﷺ त अति योग्य हुनुहुन्छ कि वहाँको सज्दा गरियोस् । अतः मैले रसूल ﷺ समक्ष आएर भनें: कि मैले हीरह शहरमा मानिसहरूलाई राजाको सज्दा गरेको देखें, हजुर त यस कुराको अति योग्य हुनुहुन्छ कि हामी तपाईंको सज्दा गरौं। नबी ﷺ ले भन्नु भयो: तिमी भन त यदि तिमी मेरो कब्र (चिहान) बाट गुज्रियौ भने के तिमीले त्यसमाथि सज्दा गर्छौ? मैले भनें: होइन । त भन्नु भयो: यो काम पनि नगर्नु । (अबूदाऊद, हदीस न०: २१४०) यस हदीसलाई शैख अल्बानीले "जईफ" भनेका छन् । (अनुवादक)

भन्नाले एक नएक दिन म पनि मरेर कब्रमा गइपुग्नेछु[1] अनि फेरि म सज्दाको योग्य हुनेछैन । सज्दाको योग्य त त्यही अल्लाह मात्र छन्, जो अमर छन् । थाहा भयो कि न जीवितको सज्दा उचित छ, न मृतकको । र न कुनै कब्र (समाधि)को सज्दा गर्नु उचित छ, न कुनै थानको । किनकि जीवित एक दिन मर्नेवाला छ, र मृतक पनि कहिले जीवित र थियो र मानिस थियो । फेरि मरे पछि पूजनीय भएन, मानिस र दास नै हो ।

## कसैलाई आफ्नो दास वा दासी भन्नु जायज छैन

عَنْ أَبِي هُرَيْرَةَ رَضِيَ اللَّهُ عَنْهُ أَنَّ رَسُولَ اللَّهِ صَلَّى اللَّهُ عَلَيْهِ وَسَلَّمَ قَالَ: «لَا يَقُولَنَّ أَحَدُكُمْ عَبْدِي وَأَمَتِي كُلُّكُمْ عَبِيدُ اللَّهِ وَكُلُّ نِسَائِكُمْ إِمَاءُ اللَّهِ وَلَا يَقُلِ الْعَبْدُ لِسَيِّدِهِ مَوْلَايَ، فَإِنَّ مَوْلَاكُمُ اللَّهُ عَزَّ وَجَلَّ». (صحيح مسلم، رقم الحديث: ٢٢٤٩)

अर्थ: अबूहुरैह रजियल्लाहु अन्हुको वर्णन छ कि: रसूल ﷺ ले भन्नु भयो: तिमीमध्ये कसैले "अबदी र अमती" (मेरो दास वा मेरो दासी) नभनोस् । तिमी सबै अल्लाहको दास हौ र तिमी सबैको पत्नीहरू अल्लाहका दासी हुन् । गुलाम आफ्नो मालिकलाई मेरो मालिक नभनोस्, किनकि तिमी सबैको मालिक अल्लाह हुन् ।

(१) नबीहरूको शवलाई माटोले खादैन । हदीसमा आएको छ: "अल्लाहले धरतीमाथि वर्जित गर्दिएको छन् कि त्यसले नबीहरूको शवलाई खाओस् ।" तात्पर्य यो हो कि जसलाई मृत्यु आउँछ त्यो सज्दाको योग्य छैन ।

(मुस्लिम, हदीस न०: २२४९)

थाहा भयो कि नोकरलाई पनि आपसमा यस्ता कुराहरूबाट जोगिनु पर्छ कि म फलानाको गुलाम हो र फलानो मेरो मालिक हो। अतः अनावश्यक कसैको दास बन्नु, अब्दुन्नबी, बन्दा अली, बन्दा हजुर, परिस्तारे खास, जन परस्त (स्वास्नी पुजारी), पीर परस्त (पीरको पूजारी) जस्ता कुराहरू आफुलाई भन्न लगाउनु र हर कसैलाई खुदावन्द र दाता भन्नु कति अत्याचार र ठूलो पाप हो। स-साना कुरामा भन्नु कि तपाई नै हाम्रो ज्यान धनको मालिक हुनुहुन्छ। हामी तपाईको वशमा छौं जे गर्नुस्। यी सबै कुराहरू मात्र झूठो र शिर्कमा आधारित छन्।

## रसूल ﷺ को सम्मान सम्बन्धित उत्तम नमूना

عَنْ عُمَرَ رَضِيَ اللَّهُ عَنْهُ قَالَ: قَالَ رَسُولُ اللَّه صَلَّى اللَّهُ عَلَيْه وَسَلَّمَ: «**لا تُطْرُونِي كَمَا أَطْرَتْ النَّصَارَى ابْنَ مَرْيَمَ فَإِنَّمَا أَنَا عَبْدُهُ فَقُولُوا عَبْدُ اللَّهِ وَرَسُولُهُ**». (صحيح البخاري، رقم الحديث:٣٤٤٥– مسند أحمد ١/٢٣– سنن الدارمي)

अर्थः उमर रजियल्लाहु अन्हुको वर्णन छ किः अल्लाहको रसूल ﷺ ले भन्नु भयोः मलाई सीमाभन्दा बढी नउठाउनु, जसरी ईसाईहरूले आदरणीय ईसा अलैहिस्सलामलाई सीमाभन्दा बढी उठाइदिए, म त मात्र उनको भक्त हूँ, तिमी मलाई अल्लाहको बन्दा (भक्त) र उसको रसूल (सन्देष्टा) मात्र भन्ने गर। (बुखारी, हदीस न०: ३४४५- मुस्नद अहमद १/ २३- सुनन् दारमी)

अर्थात अल्लाहले मलाई जुन विशेषता र कौशलताबाट सुसम्पन्न पारेका छन्, ती सबै मात्र भक्त र रसूल भन्ने अन्तर्गत आइहाल्छन्, किनभने मानिसको लागि रिसालत (ईश्दूत्व) भन्दा राम्रो अरू कुन पद हुनेछ? सम्पूर्ण पदवीहरू त्यसभन्दा मुनी छन्। तर मनुष्य रसूल बने पनि मनुष्य नै रहन्छ। उसको लागि बन्दा (भक्त) हुनु नै गर्वको कुरो हो। मनुष्यमा नबी बनेर ईश्वरीय शान आउँदैन र अल्लाहको साझेदार बन्दैन। मनुष्यलाई

मनुष्यकै स्थानमा राख। ईसाईहरू जस्तै नबन कि तिनले ईसा अलैहिस्सलाममलाई मनुष्य जातिबाट निकालेर अल्लाहको स्थान दिदिए। जसले गर्दा तिनी काफिर र मुश्रिक भइहाले अनि तिनीमाथि अल्लाहको क्रोध र सजाय भयो। यसैले गर्दा इस्लामको पैगम्बर ﷺ ले भन्नु भएको छ कि ईसाई जस्तो काम नगर्नु, मेरो सम्मान र सराहनामा सीमोल्लंघन नगर्नु। अल्लाह नगरुन उनको दरबारबाट धिक्कृत भइ हुनुपर्नेछ। तर अति अफ्सोच कि यस अनुयायीका अशिष्टहरूले उहाँको कुरा मानेनन् अनि ईसाईहरू जस्तै कर्म गर्नथाले। ईसाईहरू ईसा अलैहिस्सलाममलाई भन्दथे कि अल्लाह नै ईसाको रूपमा प्रकट भएका थिए, अनि उनी एक रूपमा मानिस र एक रूपमा ईश्वर (अल्लाह) थिए। ठीक सो कुरा जस्तै केही उदंडहरूले नबी ﷺ को बिषयमा पनि भनेकाछन्। (फारसीमा)ः

"फिल्ज़ुम्ला हमीं बूद कि मीआमद व मीरफ्त। हर क़र्न कि दीदी दर आकबत आँ शक्ले अरबदार बरआमद। दाराए जहाँ शुद।"

अर्थातः पैगम्बरको रूप लिएर हरेक युगमा अल्लाह नै आउँदै जाँदै गरे, अन्तमा अरबी मान्छेको रूपमा आएर उनी पुरै संसारको राजा बनिहाले।

कसैले यो भन्योः

"तक्दीर बयक नाकह .....।"

अर्थात तपाई (नबी) हादिस (नयाँ) पनि र कदीम (पुरानो) पनि हुनुहुन्छ, मुम्किन (सम्भव) पनि र वाजिब (अनिवार्य) पनि! -लाहौला वला कुव्वता इल्ला बिल्लाह- यस्ता शिर्कास्पद शब्दहरू बोलिने गरिन्छ जसलाई आकाश र धरती पनि सहन गर्न सक्दैनन्। अल्लाहले मुसलमानहरूलाई सही ज्ञान देउन्। आमीन!

बरू केही झुठ्ठाहरूले त एउटा मनगढन्त हदीस बनाएर स्वयं

नबी ﷺ को हदीस हो भनिदिए, कि उहाँ ﷺ ले भन्नु भयो: "अना अहमद बिला मीम" म बिना मीमको[1] अहमद हो, अर्थात म अहद (एक अल्लाह) हो। यसै प्रकार अरुले एउटा विस्तृत अरबी वाक्यको नाम "खुत्बतुल् इफ्तेखार" राखे र अली रजियल्लाहु अन्हुसित जोडिदिए। हे अल्लाह! (तिमी हरेक प्रकारको शिर्कबाट पवित्र छौ, तिमीमाथि यो महाझूठो भनिएको छ) हे अल्लाह! सत्यको विजय होस्, र झुठाहरूको मुख कालो होस्। आमीन!

जुन प्रकार ईसाईहरूको यो आस्था छ कि ईसा अलैहिस्सलामलाई लोक परलोक दुबै ठाउँको अधिकार छ, यदि कसैले उनलाई मानेर उनीसित विन्ती गर्दछ भने उसलाई अल्लाहको पूजाको आवश्यकता छैन। पापले ईमानलाई हानी पुऱ्याउँदैन। उसको लागि हलाल र हराम (वैध र अवैध) को कुनै सीमा हुँदैन। उ अल्लाहको (छाडा भएको) साँढ भइहाल्दछ। जे चाहोस् गरोस्, परलोक र महाप्रलयको दिन ईसा अलैहिस्सलामले सिफारिश गरेर उसलाई अल्लाहको यातनाबाट मुक्ति दिलाइहाल्ने छन्। यस्तै आस्था मूर्ख मुसलमानले पनि नबी ﷺ को बारेमा राख्दछन्, बरु इमाम, वली र हरेक पीर, शैखको बारेमा पनि तिनहरूको यही आस्था छ। अल्लाह हिदायत देउन् (सत्य बाटो देखाउन्)।

عَنْ مُطَرِّف بن عبدالله بن الشِّخِّير رَضِيَ اللَّهُ عَنْهُ قَالَ: انْطَلَقْتُ فِى وَفْدِ بَنِى عَامِرٍ إِلَى رَسُولِ اللَّه صَلَّى اللَّهُ عَلَيْهِ وَسَلَّمَ فَقُلْنَا: أَنْتَ سَيِّدُنَا. فَقَالَ: «**السَّيِّدُ اللَّهُ تَبَارَكَ وَتَعَالَى**». قُلْنَا وَأَفْضَلُنَا فَضْلاً وَأَعْظَمُنَا طَوْلاً. فَقَالَ: «**قُولُوا بِقَوْلِكُمْ أَوْ بَعْضِ قَوْلِكُمْ وَلاَ يَسْتَجْرِيَنَّكُمُ الشَّيْطَانُ**». (سنن أبي داود، رقم الحديث: ٤٧٩٦- مسند أحمد ٤/٢٥)

अर्थः मुतर्रिफ बिन् अब्दुल्लाह बिन् शिख्खीर रजियल्लाहु अन्हुको वर्णन छ कि बनू आमिर गोत्रको एक दलसँग म पनि अल्लाहको रसूल ﷺ समक्ष उपस्थित भए, हामीले भन्यौं: तपाई

(१) निश्चय नै यो हदीस मनगढन्त हो।

हाम्रो सैयद हुनुहुन्छ। भन्नु भयोः "सैयद अल्लाह हुन्" फेरि हामीले भन्यौं: हजुर हामीमध्ये श्रेष्ठ, महान तथा दानी[1] हुनुहुन्छ, भन्नु भयोः हो यो सबै वा केही कुरा भन्न सक्छौ। कहीं शैतानले तिमीलाई विरोधी र उदण्ड नबनाइ देओस्। (अबूदाऊद, हदीस न०: ४७९६- मुस्नद अहमद ४, २५)

भन्नाले कुनै सम्मानीय व्यक्तिको विषयमा पनि समालेर कुरा गर्नु पर्छ। मानिस हो भन्ने जस्तै उसको प्रशंसा गर, बरु त्यसमा पनि कमी गर। त्यस्तै खुल्ला मुख नभन जसले गर्दा अल्लाहको सम्मानप्रति अशिष्ट होस्।

### "सैयद" शब्दको दुई अर्थः

सैयदको दुई अर्थ हुन्छ (१) स्वयं अधिकार सम्पन्न, पूर्ण मालिक, जो कसैको अधीनमा नहोस्। स्वयं जे चाहोस् गरोस्, यो विशेषता मात्र अल्लाहलाई नै प्राप्त छ। यस अर्थको आधारमा अल्लाह बाहेक कोही सैयद छैन। (२) सबभन्दा पहिले हाकिमको आदेश उसकहाँ आओस् अनि त्यसपछि उसको तर्फबाट अन्यसम्म पुगोस् जसतैः चौधरी, जमीदार। यस अर्थको आधारमा प्रत्येक नबी आफ्नो अनुयायीको सरदार हुन्। हरेक इमाम आफ्नो युगका समूदायको, हरेक शास्त्रविद् आफूलाई मान्नेहरूको, हरेक महापुरुष आफ्ना श्रद्धावान अर्थात प्रियहरूको र हरेक गुरु आफ्ना शिष्यहरूको सैयद हो, किनकि यी महान व्यक्तिहरू पहिले स्वयं आदेशपालन गर्छन फेरि आफ्ना सानाहरूलाई शिक्षादिक्षा दिन्छन्। यस प्रकार हाम्रो प्रिय नबी ﷺ सम्पूर्ण संसारका सरदार हुन्। अल्लाहकहाँ उनी ﷺ को स्थान सबैभन्दा उच्च छ। उनी ﷺ ले सबभन्दा धेरै ईश्वरीय आदेशको पालना गर्नुहुन्थ्यो र अल्लाहको धर्म सिक्नका लागि सबैलाई उनकै आवश्यकता छ। अनि यस अर्थको आधारमा उनी ﷺ लाई सम्पूर्ण संसारको सरदार भन्न सकिन्छ, बरु भन्नु

(१) भन्नाले श्रेष्ठता, दया र दान पुण्यमा हामीभन्दा उच्च हुनुहुन्छ।

पर्छ । र पहिलो अर्थको आधारमा एउटा कमिलाको पनि सरदार उनीﷺ लाई नमान्नु । किनकि उनी ﷺ आफ्नो तर्फबाट एउटा कमिलाप्रति आदेशको पनि मालिक हुनुहुन्न ।

## फोटो र चित्र सम्बन्धित नबी ﷺ को फरमान

عَنْ عَائِشَةَ رَضِيَ اللَّهُ عَنْهَا أَنَّهَا اشْتَرَتْ نُمْرُقَةً فِيهَا تَصَاوِيرُ فَلَمَّا رَآهَا رَسُولُ اللَّهِ صَلَّى اللَّهُ عَلَيْهِ وَسَلَّمَ قَامَ عَلَى الْبَابِ فَلَمْ يَدْخُلْ فَعَرَفْتُ أَوْ فَعُرِفَتْ فِي وَجْهِهِ الْكَرَاهِيَةُ فَقَالَتْ: يَا رَسُولَ اللَّهِ أَتُوبُ إِلَى اللَّهِ وَإِلَى رَسُولِهِ فَمَاذَا أَذْنَبْتُ فَقَالَ رَسُولُ اللَّهِ صَلَّى اللَّهُ عَلَيْهِ وَسَلَّمَ: «**مَا بَالُ هَذِهِ النُّمْرُقَةِ**» فَقَالَتْ اشْتَرَيْتُهَا لَكَ تَقْعُدُ عَلَيْهَا وَتَوَسَّدُهَا فَقَالَ رَسُولُ اللَّهِ صَلَّى اللَّهُ عَلَيْهِ وَسَلَّمَ: «**إِنَّ أَصْحَابَ هَذِهِ الصُّوَرِ يُعَذَّبُونَ يَوْمَ الْقِيَامَةِ وَيُقَالُ لَهُمْ أَحْيُوا مَا خَلَقْتُمْ وَقَالَ إِنَّ الْبَيْتَ الَّذِي فِيهِ الصُّوَرُ لَا تَدْخُلُهُ الْمَلَائِكَةُ**» (صحيح البخاري، رقم الحديث: ٢١٠٥- صحيح مسلم- مسند أحمد٦/٢٤٦- مؤطأ إمام مالك)

अर्थः आइशा रजियल्लाहु अन्हाको बयान छ कि उहाँले एउटा गलैँचा किन्नु भयो, जसमा चित्रहरू थिए । अनि जब त्यसलाई रसूल ﷺ ले देख्नु भयो त ढोकामै उभिरहनु भयो, भित्र पस्नु भएन । आइशा रजियल्लाहु अन्हाले भन्नु भएको छः मैले उहाँ ﷺ को अनुहारबाट अप्रसन्नता महसुस गरे । मैले भने, हे अल्लाहको रसूल! मलाई माफ गर्नुस्, मैले कुन पाप गरेको छु? भन्नु भयोः यो गलैँचा कस्तो छ? भन्नु भयोः मैले भने यसलाई हजुरको लागि किनेको छु, ताकि हजुरले त्यसमा बस्ने गर्नु र तकिया बनाउनु । (नबीले) भन्नु भयोः यी चित्र, फोटो बनाउनेहरूलाई कयामतको दिन यो सजाय हुनेछ कि तिनलाई भनिनेछ, आफूले बनाएका चित्रहरूलाई जीवित गर र भन्नु भयोः जुन घरमा चित्र र फोटोहरू हुन्छन् त्यसमा फरिश्ता आउँदैनन् । (बुखारी, हदीस न०ः २१०५- मुस्लिम- मुस्नद अहमद ६ २४६- मोअत्ता इमाम मालिक)

किनकि अधिकांश मुश्रिकहरू मूर्तिलाई पुज्दछन्, यसले गर्दा फरिश्ता र नबीहरूलाई फोटो र चित्रबाट घृणा लाग्दछ, यस

कारण फरिश्ताहरू आउँदैनन् । फोटो बनाउनेहरूलाई सजाय हुन्छ किनकि मूर्तिपूजाका सामाग्री तयार पार्छन् । थाहा भयो कि फोटो पैगम्बरको होस् वा इमाम, वली, कुतुबको वा पीर र मुरीदको बनाउनु हराम (वर्जित) छ र त्यसलाई राख्नु पनि हराम छ । जुन मानिसहरू आफ्ना पुर्खा महापुरुषहरूको फोटोलाई सम्मान गर्दछन् र आशिष र बरकतका लागि आफूसँग राख्दछन्, तिनी एकदम बाटो विचलित र मुश्रिक हुन् ।

नबी र फरिश्ता सबैले तिनीबाट घृणा गर्दछन् । मुसलमानमाथि अनिवार्य छ त्यसले हरेक किसिमको फोटोलाई घृणित मानेर आफ्नो घरबाट बाहिर फालिदेओस्, ताकि शान्तिका फरिश्ताहरू त्यसको घरमा आउने जाने गरुन र घरमा बरकत र उन्नती होस् ।

## पाँचओटा महापाप

عن ابن عباس ، قال : قال رسول الله صلى الله عليه وسلم: «**إن أشد الناس عذابا يوم القيامة من قتل نبيا، أو قتله نبي، أو قتل أحد والديه، والمصورون، وعالم لم ينتفع بعلمه**». (رواه البيهقي في شعب الإيمان٦/١٩٧ رقم ٧٨٨٨)

अर्थः इब्ने अब्बास रजियल्लाहु अन्हुमाको बयान छ कि मैले अल्लाहको रसूल ﷺ बाट सुनेको छु, उहाँ ﷺ भन्दै हुनुहुन्थ्योः कयामतको दिन सबभन्दा बढी सजाय त्यसलाई हुनेछ, जसले नबीको हत्या गर्‍यो, वा नबीले उसको हत्या गरे, वा जसले आफ्नो आमाको वा बुवाको हत्या गर्‍यो, चित्र र फोटो बनाउनेहरूलाई र त्यस आलिम (धर्मगुरु)लाई पनि जसले आफ्नो ज्ञानबाट लाभ नउठाओस् । (बैहकीको वर्णन शोअबुल्ईमानमा ६/१९७ न० ७८८८)

भन्नाले फोटो र चित्र बनाउने व्यक्ति पनि ती महापापीहरू मध्ये पर्छ । अनि जुन सजाय पैगम्बरको हत्यारालाई हुनेछ, त्यही सजाय चित्र बनाउनेहरूलाई पनि हुनेछ ।

عَنْ أَبِي هُرَيْرَةَ رَضِيَ اللَّهُ عَنْهُ قَالَ: سَمِعْتُ النَّبِيَّ صَلَّى اللَّهُ عَلَيْهِ وَسَلَّمَ يَقُولُ: «**قَالَ**

**اللَّهُ عَزَّ وَجَلَّ وَمَنْ أَظْلَمُ مِمَّنْ ذَهَبَ يَخْلُقُ كَخَلْقِي فَلْيَخْلُقُوا ذَرَّةً أَوْ لِيَخْلُقُوا حَبَّةً أَوْ شَعِيرَةً**». (صحيح البخاري, رقم الحديث: ٧٥٥٩- صحيح مسلم , رقم الحديث: ٢١١١)

अर्थः अबूहुरैरह रजियल्लाहु अन्हुको वर्णन छ कि मैले अल्लाहको रसूल ﷺ बाट सुनेको छु, उहाँ ﷺ भन्दै हुनुहुन्थ्योः कि अल्लाहले भनेका छन्: त्यसभन्दा ठूलो अत्याचारी को हुनेछ जसले म जस्तै सृष्टि गर्ने प्रयास गरोस्? तसर्थ तिनी एक कण वा एक दाना वा एक जौ को सृष्टि गरेर त देखाउन् । (बुखारी, हदीस न०: ७५५९- मुस्लिम, हदीस न०: २१११)

अर्थात चित्र र फोटो बनाउने व्यक्ति ईश्वरीय विशेषतषको दावी गर्दछ किनकि अल्लाहले सृष्टि गर्ने जस्तै सामाग्री सृष्टि गर्न चाहन्छ । यो अति अशिष्ट र झूठो छ । एक दाना पनि बनाउने क्षमता छैन तर नक्कल गर्छ । त्यसमाथि अल्लाहको धिक्कार छ ।

## रसूल ﷺ को स्वयं आफ्नो बारेमा फरमान

عَنْ أَنَس رَضِيَ اللَّهُ عَنْهُ قَالَ: قَالَ رَسُولُ اللَّه صَلَّى اللَّهُ عَلَيْهِ وَسَلَّمَ: «**إِنِّي لَا أُرِيْدُ أَنْ تَرْفَعُونِي فَوْقَ مَنْزِلَتِي الَّتِي أَنْزَلَنِي اللَّهُ عَزَّ وَجَلَّ أَنَا مُحَمَّدُ بْنُ عَبْدِ اللَّه عَبْدُهُ وَرَسُولُهُ**». (رواه رزين)

अर्थः अनस रजियल्लाहु अन्हुको वर्णन छ किः रसूल ﷺ ले भन्नु भयोः म यो चाँहदैन कि अल्लाहले जुन स्थानमा राखेका छन् तिमी मलाई मेरो स्थानभन्दा माथि उठाउ । म अब्दुल्लाहको छोरा मुहम्मद हुँ, अल्लाहको भक्त र उनको रसूल हुँ । (रजीनले वर्णन गरेको)[1]

عَنْ أَنَس رَضِيَ اللَّهُ عَنْهُ أَنَّ رَجُلًا قَالَ لِلنَّبِيِّ صَلَّى اللَّهُ عَلَيْهِ وَسَلَّمَ يَا سَيِّدَنَا وَابْنَ سَيِّدِنَا وَيَا خَيْرَنَا وَابْنَ خَيْرِنَا فَقَالَ النَّبِيُّ صَلَّى اللَّهُ عَلَيْهِ وَسَلَّمَ: «**يَا أَيُّهَا النَّاسُ قُولُوا بِقَوْلِكُمْ وَلَا يَسْتَهْوِيَنَّكُمْ الشَّيْطَانُ, أَنَا مُحَمَّدُ بْنُ عَبْدِ اللَّهِ وَرَسُولُ اللَّهِ، وَاللَّهِ مَا أُحِبُّ أَنْ تَرْفَعُونِي فَوْقَ مَا رَفَعَنِي اللَّهُ عَزَّ وَجَلَّ**». (مسند أحمد٣/٢٤١)

(१) यस सम्बन्धका हदीसहरू मुस्नद अहमद र तब्रानी इत्यादिमा छन्। यो मुस्नद अहमदको हदीसको शब्द हो ।

अर्थः अनस रजियल्लाहु अन्हुले भनेका छन् कि एक व्यक्तिले अल्लाहको रसूल ﷺ लाई भन्यो किः हे हाम्रो सरदार र हाम्रो सरदारको पुत्र, हे हामीभन्दा उत्तम र हामीमध्ये उत्तमको पुत्र! त नबी ﷺ ले भन्नु भयोः तिमी यसो भन्न सक्छौ तर सावधान रहनु, कहीं यस्तो नहोस् कि शैतानले तिमीलाई सीमोल्लंघन गराइ नष्ट पारदेओस्, म अब्दुल्लाहको छोरा मुहम्मद हुँ, अल्लाहको भक्त र उनको रसूल हुँ, अल्लाहको कसम! मलाई यो कुरो एकदमै मन पर्दैन कि अल्लाहले प्रदान गरेको स्थानबाट तिमी मलाई माथि र उच्च गर। (मुस्नद अहमद ३, २४१)

तबरानीमा यो शब्द आएको छः

عَنْ حُسَيْنِ بْنِ عَلِيٍّ رَضِيَ اللَّهُ عَنْهُمَا قَالَ: أَنَّ رَسُولَ اللَّهِ صَلَّى اللَّهُ عَلَيْهِ وَسَلَّمَ قَالَ: «**لا تَرْفَعُونِي فَوْقَ حَقِّي، فَإِنَّ اللَّهَ تَعَالَى اتَّخَذَنِي عَبْدًا قَبْلَ أَنْ يَتَّخِذَنِي رَسُولا**». (مجمع الزوائدج٩ص٢١ إسناد حسن)

अर्थः हुसैन बिन् अली रजियल्लाहु अन्हुमाको वर्णन छ कि नबी ﷺ ले भन्नु भयोः मलाई मेरो स्थानभन्दा अझै माथि नगर, किनकि अल्लाहले मलाई आफ्नो रसूल बनाउनुभन्दा अघि मलाई आफ्नो भक्त र सेवक बनाएका छन्। (मज्मउज्जवाएद भाग ९, पृ०: २१, हसन)

(जानकारी भयो कि रसूल ﷺ नेर भक्तिको स्थानलाई ईश्दूत्वको स्थानभन्दा अति उच्च दर्जा प्राप्त छ)

मानिसलाई त सीमोल्लंघन गर्नेहरूको धर्मबाट केही वास्ता हुँदैन, धर्म रहोस् वा नरहोस् तर पैगम्बर ﷺ आफ्नो अनुयायीप्रति अति दयालु नम्र छन्। उहाँलाई सधै यही चिन्ता हुन्थ्यो कि अनुयायीको धर्म शुद्ध र चोखो भइहालोस्। अनि जब उहाँलाई थाहा भयो कि मेरा अनुयायी मसँग अति प्रेम गर्दछन् र मेरो कृतज्ञ छन्, साथै यो पनि थाहा थियो कि प्रेमीले प्रेमीकलाई खुशी पार्नको लागि आकाश र धरती एक गरिदिन्छ। तसर्थ यस्तो नहोस्

कि यिनी प्रशंसामा सीमोल्लंघन गरिहालुन्, जसबाट अल्लाहको शान स्थानमा अशिष्टता होस्, जसले गर्दा तिनको धर्म नष्ट भइहालोस् र मेरो क्रोधको पात्र पनि भइहालुन् । यसले गर्दा वहाँ ﷺ ले भन्नु भयो कि मलाई मेरो बखान र प्रशंसामा सीमोल्लंघन मन पर्दैन। मेरो नाम मुहम्मद ﷺ हो, म सृष्टिकर्ता वा जीविका प्रदान गर्नेवाला होइन । म सामान्य मानिस जस्तै आफ्नो बाबुको माध्यमले जन्म पाएको छु र मेरो श्रेष्ठता मानिस र भक्त हुनुमै रहेको छ । किन्तु यस कुरामा आम मानिसभन्दा भिन्नै छु कि मलाई अल्लाहको आदेशहरूको जानकारी छ, अरूलाई छैन । यसले गर्दा तिनीहरूलाई म बाट अल्लाहको धर्मको ज्ञान सिक्नु पर्छ ।

हे हाम्रो मालिक (अल्लाह)! दुबै लोकमा दयाको प्रतीक रसूल ﷺ माथि दया र चीर शान्ति अवतरण गर्नुस्! जुन प्रकार उहाँ ﷺ ले हामी जस्ता अज्ञानीहरूलाई दीन सिकाउने अटूट प्रयत्न गर्नु भयो, उहाँको सम्मान गर्नेवाला तिमी नै हो । हे सर्वश्रेष्ठ उच्चतर मालिक! हामी तिम्रो विवश दास र भक्त हौं, हाम्रो अधीनमा केही पनि छैन । जसरी तिमीले हामीलाई आफ्नो कृपा र दयाले शिर्क र तौहीदको तात्पर्य राम्ररी बुझायौ, लाइलाहा इल्लल्लाहका आवश्यकतालाई राम्रो अवगत गरायौ र मुश्रिकहरू मध्येबाट निकालेर तौहीदवाला र शुद्ध पवित्र बनायौ, त्यसरी नै आफ्नो कृपा र दयाले हामीलाई बिद्अत र सुन्नतको अर्थ अनि त्यसको तात्पर्य राम्ररी बुझाइ दिनुस्। कलिमा मुहम्मदुर रसूलुल्लाह सम्बन्धित आवश्यकताबाट हामीलाई अवगत गराइदिनुस्! तथा बिद्अती र नास्तिकहरूबाट निकालेर हामीलाई पवित्र र शुद्ध सुन्नी अनि कुरआन र हदीसको अनुसरणवादी बनाइदिनुस् । आमीन सुम्मा आमीन!

وآخر دعوانا أن الحمد لله رب العالمين

IslamHouse.com

IslamHouseNe UChEVLoMT_GLm3beiq_qGTHA/ islamhouse.com/ne/

नेपाली-Nepali--1477142409250575نيبالي/

For more details visit
www.GuideToIslam.com

GUIDE TO ISLAM

contact us :Books@guidetoislam.com

GuidetoIslam.org Guidetoislam1 Guidetoislam www.Guidetoislam.com

المكتب التعاوني للدعوة وتوعية الجاليات بالربوة

هاتف: ٩٦٦١١٤٤٥٤٩٠٠+ فاكس: ٩٦٦١١٤٩٧٠١٢٦+ ص ب: ٢٩٤٦٥ الرياض: ١١٤٥٧

ISLAMIC PROPAGATION OFFICE IN RABWAH


P.O.BOX 29465 RIYADH 11457 TEL: +966 11 4454900 FAX: +966 11 4970126



# तक़्वीयतुल ईमान
# (ईमानको दिव्यता)

**किताबको संक्षिप्त परिचयः**

यो किताब शाह मुहम्मद इस्माईल बिन् अब्दुल् गनी प्रशिद्ध नाम “शाह इस्माईल शहीद” रहिमहुल्लाह (जन्म- ११९३ हिजरी - १२४६ हिजरी) ले मूल उर्दु भाषामा लेख्नु भएको लोकप्रिय किताब “तक्वीयतुल ईमान” को नेपाली अनुवाद हो। यस किताबमा कुर्आन र हदीसका प्रमाणहरूद्वारा तौहीद (एकेश्वरवाद) लाई सिद्ध र शिर्कलाई खण्डन गरिएको छ। लेखकले कुर्आनका आयात र हदीसहरूलाई संकलन गरी आफ्नो विशेष, रोचक र प्रभावकारी शैलीमा प्रस्तुत गर्नु भएको छ। अधिकांश ठाउँमा त त्यसको उदाहरणको साथमा त्यसको व्याख्या गर्नु भएको छ। विशेषरूपले उहाँले समाजमा प्रदर्शित शिर्कका विभिन्न रूप, रीतिरिवाज र अवैध परम्मपराहरूलाई प्रस्तुत गरी त्यसको खण्डन गर्दै त्यसलाई त्याग्ने र तौहीद (एकेश्वरवाद) लाई अपनाउने तर्फ आवहान गर्नु भएको छ।




IslamHouse.com

OsoulCenter
www.osoulcenter.com